# अध्याय एक

# परिचय

## १.१ भूमिका

मानिसका आवस्यकताहरु असीमित छन् तापनि जीविकोपार्जनका लागि निश्चित किसिमका साधन स्रोतको आवस्यकता पर्दछ । उक्त साधन श्रोत प्राप्तिका लागि मानिस हरदम कृयाशील रहन्छ जसका निम्ति स्वरुपमा फरक भएतापनि रोजगारी एक अनिवार्य आवश्यकता वनी सकेको छ । विश्वका हरेक मानिस रोजगारी तर्फ उन्मुख हुन एक सार्वभौम तथ्य हो । रोजगार विभिन्न कारणहरु जस्तै आर्थिक, राजनैतिक तथा मनोवैज्ञानिक तथ्यले प्रभावित हुन्छ । मानिस रोजगारीका निम्ति क्रियाशीलहुने निरन्तर चलिरहने प्रकृया हो । मानिसका आधारभूत आवश्यकता परिपूर्तिका निम्ती आफू वसेको ठांउमा आवस्यक साधन स्रोत उपलव्ध हुन नसकेको अवस्थामा रोजगारीका निम्ति एक ठांउवाट अर्को ठांउमा जाने गर्दछ । सूचना तथा संचारमा भएको व्यापक विकास तथा विस्तार, यातायतका साधनको विकास विश्वव्यापीकरण, खुल्ला वजार निती, उदारीकण तथा विश्वमा त्यसवाट श्रृजित अवस्थाका कारण विभिन्न देशमा त्यसैअनुरुपका निती नियम तथा कानुनका तर्जुमाले गर्दा अन्तराष्ट्रियरुपमा आफ्ना आवस्यकता परिपूर्तिका गर्न रोजगारीका निम्ति वसाई सराई गर्न सहज भएको छ ।

नेपाल पनि विश्व व्यापार संगठनमा सन् २००४ मा आवद्ध भएपछि विदेशीका लागि नेपालमा लगानी गर्न खुला भएको छ । नेपाली कामदारहरु श्रमको लागि अन्तराष्ट्रिय स्तरमा बसाइसराइ गरी त्यहाँबाट आर्जन गरी ल्याएको रकमले नेपालको आर्थिक अवस्थामा सुधार आएको छ । तर अर्को तर्फ विदेशमा बनेका उच्च गुणस्तरमुक्त र सस्तो बस्तु नेपालमा भित्रिदा स्वदेशको मौलिक प्रविधि र सामाजिक सांस्कृतिक अवस्थालाई नराम्रोसँग प्रभाव पारेको छ । ग्रामीण समुदायमा विदेशी सेनामा भर्ती हुने संस्कृति जीवन निर्वाहको महत्वपूर्ण साधन बनेको छ । यसको परिणाम स्वरुप बर्तमान अवस्थामा पनि विदेशी सेनामा भर्ती हुने कार्य लोकिप्रय हुनुको साथै श्रम रोजगारको लागि विदेश जानु आर्थिक उन्नतिको लागि महत्वपूर्ण विकल्प हुन पुगेको छ

बितेका केही वर्ष यता वैदेशिक रोजगारमा जाने नेपालीहरुको संख्या तीब्र रुपमा बढेको छ । रोजगारको अभाव, राजनैतिक अस्थिरताको कारण कैयौ नेपालीहरु विदेशिएका छन् । अधिकांश नेपालीले वैदेशिक रोजगारमा जानको लागि सम्पत्ति तथा घर जग्गा वन्धकमा राखेर वा विक्री गरेर वा साहुसँग उच्च ब्याजमा ऋण लिएर वैदेशिक रोजगारको लागि रकम जम्मा गर्दछन् । विदेशमा

गएपछि पनि अज्ञानता, दुर्वलता, सुहाँउदो सीपको अभावको कारण अदक्ष कामदारको रुपमा कम ज्यालामा काम गर्दछन् । वैदेशिक रोजगारीमा जाने समयमा श्रम कम्पनी स्थानीय दलालहरुबाट पनि केही व्यक्तिहरु नराम्रोसँग ठगिदै आएका छन् । देशमा १०% जति युवाहरु रोजगारीका लागि सीमा बाहिर जान वाध्य छन् (अधिकारी २००७) । घरधन्दा गर्ने क्रममा युवाको अभाव वूढो पुस्ता र केटाकेटी मात्र बाँकि रहँदा परम्परागत कृषि पेशामा उत्पादन घट्दै गएको छ । समाजमा पुरुषको अभाव केही कसैको समाजमा मृत्यु हुँदा महिलाहरु मलामी जाने दाह संस्कार गर्नु पर्दा परम्पारगत संस्कृतिमा चुनौती सृजना भएको छ ।

बर्तमान अवस्थामा श्रम बसाइसराइ मानिसलाई विश्वको विभिन्न भागमा पुऱ्याउने प्रक्रिया भएको छ । विश्वव्यापी बसाइसराइले गर्दा व्यक्तिहरुको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक अवस्थामा तीव्र रुपमा परिवर्तन आएको छ । सन् १९९० को तथ्याङ्क अनुसार ८० लाख मानिस सीमा वाहिर बसाइसराइ गरेकोमा २० लाख शरणार्थीको रुपमा बाँकि सवै आर्थिक दृष्टिकोणबाट बसाइसराइ गरेको पाईन्छ (अधिकारी २००७) । अन्तराष्ट्रिय स्तरमा गरिने बसाइसराइले कुनै जाती विशेषको संस्कृती लोप हुन सक्ने, जनसंख्याको आकारलाई बढाउने र आर्थिक, सामाजिक गतिशीलता बढाउने देखिन्छ । केही देशहरुको लागि अन्तराष्ट्रिय बसाइसराइ महत्वपूर्ण आर्थिक विषयवस्तु बनेको छ । उक्त देशको अन्य देशसँग सामाजिक, सांस्कृतिक र आर्थिक पक्षको आकर्षण वढी देखिएको छ ।

आफू बसोबास गरेको ठाउमा रोजगारको अभाव भएपछि रोजगारको लागि बसाइसराइ गर्नु पर्दछ । संयुक्त राष्ट्रसंघको प्रतिवेदन अनुसार वसाइसराइ एउटा भौगोलिक क्षेत्रवाट अर्को भौगोलिक क्षेत्रमा हुने गतिशिलता हो । यसले उद्गम स्थल र गन्तव्यस्थलको जनसंख्यालाई परिवर्तन गर्छ । वसाइसराइ एउटा जटिल प्रकृया भएकाले यसलाई सजिलै वर्गीकरण गर्न सकिदैन । यसको गति, समय, दुरी, अनुसार वर्गीकरण गर्न सकिन्छ । वसाइसराइलाई आन्तरिक र वाह्य बसाइसराइ गरी दुई भागमा बाड्न सकिन्छ । आफ्नो देशको सीमा भित्र एक क्षेत्रवाट अर्को क्षेत्रमा वसाइसराइ गर्नेलाई आन्तरिक बसाइसराइ भनिन्छ भने एक देशवाट अर्को देशमा वसाइसराइ गर्ने प्रकृयालाई वाह्य वसाइसराइ भनिन्छ । कुनै ठाउँवाट वसाइ सरी जानुलाई उत्प्रवास भनिन्छ भने वसाइ सरी आउनुलाई आप्रवास भनिन्छ । वसाइसराइ स्वेच्छिक, अस्वैच्छिक गरी दुई भागमा वाड्न सकिन्छ । वैदेशिक रोजगारलाई स्वैच्छिक वसाइसराइ भनिन्छ ।

आम्दानीका श्रोतहरु विविधखालका हुन्छन् तापनि हाम्रो देशको ग्रामिण क्षेत्रमा वैदेशिक रोजगारवाट प्राप्त नगद नै प्रमुख आम्दानीको श्रोतका रुपमा स्थापित भएको छ । यस स्रोतबाट हुने आम्दानीको कारण परम्परागत कृषि पेशालाई विस्थीपत गरी गैर कृषि पेशामा लाग्ने प्रवृति

वढी रहेको छ । त्यसकारण वैदेशिक श्रम, बसाइसराइले जीवन्त रुप लिएको छ । यसले ग्रामीण गरीवीबाट जीवनस्तरमा सुधार आएको छ । पहिलाको आर्थिक कठिनाइलाई यसले प्रतिकार गरेको छ । यस अध्ययनले नेपालका प्राय व्यक्तिहरु रोजगारीका लागि विशेष गरी खाडी राष्ट्रहरु र मलेसिया तर्फ केन्द्रित भएको देखिएको छ ।

## १.२ समस्याको कथन

नेपालको अधिकांश भूभाग गाउनै गांउले भरिएको छ । यहांका अधिकांश मानिसहरु वेरोजगारीको मारमा परिरहेकोले वैदेशिक रोजगारमा जाने प्रचलन वढी छ । सामान्यतया अन्तराष्ट्रिय रोजगार विकिसत देशहरुतिर बढ्दै गएको छ । लाखौंको संख्यामा नेपालीहरु भारतमा रोजगार गरेका छन् । त्यस्तै गरी समुन्द्र पारको मुलुकमा रोजगार गर्ने क्रम पनि बढ्दो छ ।

सेवा सुविधा र रोजगारको सन्दर्भमा बसाइसराइका थुप्रै किसिमका अध्ययन भएका छन् तर अधिकांश अध्ययन आन्तरिक बसाइसराइसँग सम्वन्धित छन् । यस्ता अध्ययनमा आकर्षण र विकर्षण गर्ने तत्वका कारण बसाइसराइ गर्ने प्रक्रिया अगाडि बढ्दछ भनिएको छ । विशेष गरी गन्तव्य स्थानको सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भले गर्दा बसाइसराइ हुने प्रक्रिया चल्दछ । बसाइसराइमा परम्परागत समुदायका मानिसहरुको गतिशीलता बढी हुन्छ । जनसंख्या वृद्धिको कारण अनेकौ समस्याहरु थपिदै जानाले देशलाई कम्तीमा पनि यथावस्थामा संचालन गर्नको लागि वैदेशिक रोजगारमा जानु पर्ने अवस्था सृजना भएको छ । केही व्यक्तिहरु आफू बसेको स्थानमा विद्यमान वातावरण प्रति असन्तोष उक्त बातावरणलाई सुधार गर्न लड्न नसक्ने कारणले गर्दा बसाइसराइ गर्दछन् । सामान्यतया अवलोकनबाट के थाहा भएको छ भने सृजनात्मक क्षमता भएका व्यक्तिहरु रोजगारको अभावको कारण विदेशिएका छन् । यो समस्याले गर्दा देशको जनशक्ति गुमाउनु पर्दा मौलिक संस्कृतिलाई गुमाउनु पर्दछ ।

सामान्यतया देशको अन्य भाग जस्तै पर्वत जिल्लाको मोदि गाउँपालिका ०५ तत्कालिन बाजुङ्ग गा.वि.स.मा पनि वैदेशिक रोजगारमा जाने प्रवृत्ति निरन्तररुपमा वढिरहेको छ । बाजुङ्ग गा.वि.स. मात्र नभै पर्वत जिल्ला नै वैदेशिक रोजगारबाट प्रभावित भएको छ । बाजुङ्ग गा.वि.स.मा वितेका दिनमा यस विषयमा अध्ययन अनुसन्धान भएका छैनन् । त्यसैले यस अध्ययन भित्र निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ । यस पर्वत जिल्लाको मोदि गाउँपालिका ०५ तत्कालिन बाजुङ्ग गा.वि.स.का वैदेशिक रोजगार सम्बन्धी समस्याका कथनहरु यस प्रकार छन् ।

१) अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा संलग्न परिवारको सामाजिक आर्थिक विशेषता के कस्तो छ ।

२) अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा जानु पर्ने कारण र समस्याहरु के के हुन् ?

३) बैदेशिक रोजगारमा जान के कस्तो माध्यम अपनाउँदछन् ?

४) विश्वव्यापी श्रम बसाइसराइले अध्ययन क्षेत्रमा के कस्तो प्रभाव पारेको छ ?

५) वैदेशिक रोजगारमा जाने व्यक्तिले कसरी खर्च जुटाउँछन् र कति लगानीको आवश्यकता पर्दछ ।

६) वैदेशिक रोजगारबाट कमाएको पैसा कुन उद्देश्यको लागि खर्च गर्दछन् ।

७) अध्ययन क्षेत्रमा वैदेशिक रोजगारले के कस्तो सामाजिक, आर्थिक प्रभाव पारेको छ ।

८) युवा शक्ति विदेशिनाका कारण स्थानिय जनजीवनमा पारेको प्रभाव ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यलाई दुई भागमा विभाजन गरिएको छ ।

**क) सामान्य उद्देश्य :**

१) अध्ययनको सामान्य उद्देश्य वैदेशिक रोजगारको प्रवृति र प्रभाव माथि प्रकाश पार्नु ।

**ख) विशिष्ठ उद्देश्य :**

१) युवा शक्ति विदेशीनाले स्थानीय जन जीवनमा पारेको प्रभाव विश्लेषण गर्नु ।


२) वैदेशिक रोजगारमा जानु पर्नका कारणहरु निर्क्योल गर्नु ।

३) वैदेशिक रोजगारमा जानेको परिवारमा आएको सामाजिक, आर्थिक प्रभाव पहिल्याउनु ।

## १.४ अवधारणागत ढाँचा

समुदायसँग अपार प्राकृतिक र सामाजिक, सांस्कृतिक स्रोत साधन अवस्था विद्यमान हुँदा हुँदै पनि गरीवीको कारण सामाजिक, आर्थिक, मानवीय, प्राकृतिक सम्पत्तीको अवस्था सिमित भएकोले जहाँ जीविकोपार्जन गर्नको लागि राम्रो अवसर मिल्दछ, उक्त ठाउँमा वाध्यतावस जानु पर्दछ । ग्रामीण जनताहरुको लागि जीविका संचालन गर्ने आधारहरु कृषि कर्म, स्थानीय कुल्ली, भरिया आदि पर्दछन् । जव कि त्यस्ता कार्यहरुबाट पर्याप्त सम्पत्ति उपलब्ध हुन नसक्ने अवस्था विद्यमान रहन्छ तव त्यस्ता व्यक्तिहरुले वैदेशिक रोजगारको बाटो रोज्दछन् । यस अध्ययनको अवधारणागत ढाँचा सम्वन्धी विवरण यस प्रकार दिइएको छ ।

## चित्र नं. १.१ अध्ययनको अवधारणागत ढाँचा




ग्रामीण नेपालमा वैदेशिक रोजगारले कम पहुँच र पीडादायक अवस्थाको वीचमा के कस्तो भूमिका खेल्दछ भन्ने कुरा चित्र १.१ ले देखाएको छ । हामीलाई थाहा छ । जीविकोपार्जन गर्ने सम्पत्ति हुने र नहुने गरी समुदायका व्यक्ति दुई भागमा वर्गीकरण हुन्छन् । गरीव वर्गहरुसँग सम्पत्तिको पहुँच कम हुन्छ । केही व्यक्तिको परिवारलाई सुहाउँदो अवसर मिलेमा उनीहरुको आधारभूत सम्पत्तिले सजिलै जीविकोपार्जन गर्न सक्दछन् । स्थानीय रुपमा परिवारका जीविकोपार्जन गर्ने सम्पत्तीको रुपमा जमिन, गाई बस्तु र बनलाई लिन सकिन्छ । श्रम बजारमा जाने व्यक्तिहरुले तोकिएको समयमा गन्तव्य स्थानमा के कति आम्दानी गर्न सकिएला भनी तुलना गर्दछन् ।

मनोवैज्ञानिक रुपमा बसाइसराइले व्यक्तिको व्यक्तिगत व्यवसायमा हुने नाफा आदि जस्तो नहेरी राष्ट्रिय आम्दानीलाई समेत वीचार गरेको हुन्छ ।

## १.५ अध्ययनको महत्व

देशमा बढ्दो गरीवी वेरोजगारको कारण कार्यक्षमता भएका युवाहरु आफ्नो देश छोड्न बाध्य भएका छन् । यसले गर्दा ग्रामीण कृषिबाट सोचे अनुसार उत्पादन लिन सकिएको छैन । जसको परिणाम स्वरुप, गैह्रकृषिबाट जीविका चलाउनु पर्दछ । कृषि क्षेत्रले धान्न नसक्ने जनशक्ति अन्य क्षेत्रको रोजगारीमा लाग्नु सान्दर्भिक देखिन्छ । स्वदेशको रोजगारको तुलनामा वैदेशिक रोजगारले आर्थिक स्थिति मजवुत बनाउन सहयोग पुगेको देखिएको छ । स्वदेशमा रोजगारीको अवसर नपाएका व्यक्तिहरुले विकल्परहित ढंगबाट वैदेशिक रोजगारको बाटो अँगालेका छन् । वैदेशिक रोजगार अंग्रेजी अक्षर ३ डी (Danger, Dirty, Difficult) बाट बढी प्रभावित भएको छ । यस अध्ययनले नेपाली कामदारको वास्तविक अवस्था हेर्न मद्दत पुग्ने आशा लिएको छ ।

यस अध्ययनले रोजगारको लागि श्रमिकहरुको माग गर्ने देशहरुले कामदारको लागि सुहाउँदो नीति नियम कानून बनाउन सहयोग पुग्ने छ । वैदेशिक रोजगारमा आईपरेका समस्या समाधान गरी श्रमिकको जीविका सहज ढंगबाट चलाउन योगदान दिन सक्ने छ । त्यसको साथै यस अध्ययनले उद्गम स्थानको सामाजिक, आर्थिक प्रभावको चिरफार गर्न सहयोग पुऱ्याउने छ । यस अध्ययनले अन्य अनुसन्धान कर्तालाई यस विषयमा अध्ययन गर्न चाहेमा उहाँहरुको लागि विशेष महत्व हुन सक्दछ ।

## १.६ अध्ययनको सीमा

यस अध्ययनमा साधन, स्रोत र समयको सीमितता र अनुसन्धान कर्ताको क्षमता अभिवृद्धिमा आधारितको साथै एउटा गा.वि.स.को ३ वटा वडाहरुमा मात्र गरिएकोले सवै ठाउँमा सामन्यीकरण गर्न नसकिने हुन सक्छ ।

यो अध्ययन, अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा जानु पर्ने कारणहरु र विप्रेषणको प्रवेशले आर्थिक अवस्थामा पारेको प्रभाव कस्तो रहन्छ भन्ने विषय बस्तुमा केन्द्रित हुन्छ । त्यसकारण वैदेशिक रोजगारमा संलग्न व्यक्ति जुन अध्ययनका समयमा वैदेशिक रोजगारबाट घर फर्कि आएका छन् र परिवारको मुख्य व्यक्ति जसले आर्थिक कारोवार गर्दछ, तिनीहरु नै यस अध्ययनका मुख्य उत्तरदाता हुन् ।

यस अध्ययनमा विशेष गरी रोजगारको सिलसिलामा खाडी राष्ट्रहरुमा र मलेशियामा गएका व्यक्तिलाई अध्ययनको केन्द्रविन्दु बनाइन्छ । वैदेशिक रोजगारको लागि यी देशहरुमा जाने प्रवृत्ति तीव्ररुपमा बढेको छ । यो अध्ययनको प्रमुख केन्द्रविन्दु वैदेशिक रोजगारको सिलसिलामा खाडी राष्ट्रहरु र मलेशियामा गएका कामदारहरुसँग बढी केन्द्रित गरिएको छ ।

## १.७ पारिभाषिक शब्दहरु

यस अध्ययनमा तल लेखिए बमोजिमका शब्दहरु बढी प्रयोगमा आउने भएकाले तिनीहरुको वारेमा यहाँ परिभाषा गरिएको छ ।

**बसाइसराइ :**

यस अध्ययनमा कामको लागि अस्थायी रुपमा सीमा बाहिर जानुलाई बसाइसराइ भनिएको छ ।

**प्रवासी :**

बैदेशिक रोजगारको लागि खाडी मुलुक मलेशिया र अन्य ठाउँमा अस्थायी बसाई सर्ने काममा संलग्न व्यक्ति प्रवासी हुन् तर अहिले जो घर फर्केका छन्, तिनीहरु नै यस अध्ययनका उत्तरदाता हुन् ।

**बैदेशिक रोजगार :**

काममा संलग्न भएर विशेष गरी नगद आर्जन गर्नको लागि देशवाहिर रोजगारका लागि जानुलाई वैदेशिक रोजगार भनिन्छ ।

**वैदेशिक नोकरी :**

बैदेशिक रोजगारमा गएको व्यक्तिले जुन काम गर्दछ, त्यसलाई वैदेशिक नोकरी भनिन्छ ।

**विप्रेषण :**

बैदेशिक रोजगारमा रहँदाको अवस्थामा प्राप्त गरेको रकमलाई विप्रेषण भनिन्छ । यस अध्ययनमा विदेशमा रहँदाको अवस्थामा वैदेशिक नोकरीबाट कमाएको रुपँयालाई विप्रेषण भनिन्छ ।

## १.८ अध्ययनको संगठन

अध्ययनको प्रकृति अनुसार वर्तमान अनुसन्धानलाई सात भागमा बाँडिएको छ । जुन परिचय खण्डबाट शुरु भै निष्कर्षको सारंस र सुझावहरुबाट अन्त्य गरिएको छ। पहिलो अध्यायमा परिचय खण्ड राखिएको छ, जसमा समस्याको कथन, अनुसन्धानका उद्देश्यहरु, अवधारणागत ढाँचा अध्ययनको औचित्य र पारिभाषिक शब्द राखिएको छ। त्यस्तै गरी दोस्रो अध्यायमा पूर्व साहित्यको समीक्षा राखिएको छ, जसमा वैदेशिक रोजगारको वैज्ञानिक आविष्कारवारेमा नेपाल र विदेशका समाजशास्त्रीय अवधारणालाई सैद्धान्तिक रुपमा वर्णन गरिएको छ।

अध्ययनको तस्रो अध्यायको अनुसन्धान विधिमा निम्न शीर्षकहरु जस्तो अध्ययन क्षेत्रको छनौट, अनुसन्धान ढाँचा, तथ्याङ्कको प्रकृति र स्रोत नमूना छनौट प्रक्रिया, तथ्याङ्क संकलन प्रविधि र तथ्याङ्क विश्लेषणको विधि रहेको छ । चौथो अध्यायमा जनसाङख्यिकिय र सामाजिक, आर्थिक पृष्ठभूमि प्रतिनिधित्व हुने गरी परिवारहरुबाट नमूना छनौट गरिएको छ। पाँचौ अध्यायमा वैदेशिक रोजगारको कारण र प्रविधिको वारेमा विश्लेषण गरिएको छ। यसै गरी छैटौ अध्यायमा विप्रेषणलाई केन्द्र विन्दु मानी पारेको प्रभाव जस्तो परिवारको सम्पत्तिमा आएको परिवर्तन, जीवनस्तरमा आएको परिवर्तनकोवारेमा वर्णन गरिएको छ। अन्त्यमा अन्तिम अध्यायमा निष्कर्षको सारंश र सल्लाहाहरु राखिएका छन् ।

# अध्याय दुई

# साहित्य समीक्षा

## २.१ सैद्धान्तिक पृष्ठभूमि

मानवजाति अस्तित्वमा आएदेखि वसाइसराइ गर्ने प्रक्रिया चलिरहेको छ । ढुङ्गेयुगका घुमन्ते, फिरन्ते जाति खानाको खोजीमा वसाईसराइ गर्दथे (डेविड १९७०) । कृषि समाजमा उर्वर र खेती योग्य जमिनको खोजीमा वसाईसराइ गर्दथे । वसाईसराइमा संलग्न व्यक्तिहरु अन्धविश्वासी, नवीनतम, वीचारधारी, सान्दर्भिक उत्कृष्ठ खालका गरी सवै वर्गका व्यक्तिहरु हुन्थे । त्यसकारण वसाइसराइ साहित्यमा समाजशास्त्री, अर्थशास्त्री, जनसंख्याविद, भुगोलविद र अरु विषेशज्ञहरुले महत्वपूर्ण योगदान पुऱ्याएका छन् । प्रसिद्ध हिन्दु धर्मशास्त्र मनुस्मृतिमा मनुले आर्यहरुको लागि नियम कानूनहरु लेखे, जसलाई राम्रो संस्कार भएका शिक्षित गैर आर्यहरुले समेत स्वागत गरे जो आफ्नो रोजगार र सम्पत्ति छोडेर आर्यको जमिनमा वसाइसराइ गरी आएका थिए (मनु अध्ययन २) इतिहासमा लामो समयदेखी यता वसाइसराइ गर्ने कार्य निरन्तर चलिरहेको छ । वर्तमान अवस्थामा सवै राज्यको शासकहरुले बसाइसराइको लागि सुहाउँदा नितीहरु निर्माण गरेका छन् ।

सन १८८५ मा बसाइसराइको व्यवस्थित ढंगवाट अध्ययन गर्ने पहिलो व्यक्ति रभेन्स्टेन हुन । उनका अनुसार राज्यमा भएका निश्चित अलोकिप्रय तत्वहरुले आफू जन्मेको ठाउँवाट वसाई सराइ गर्न उत्तेजित गरी विकर्षण गर्दछ भने गन्तव्य स्थलमा भएका लोकिप्रय तत्वहरुले मानिसहरुलाई आकर्षण गर्दछ ।

कार्ल र वार्लीले (१९७०) अफ्रिकामा ग्रामीण क्षेत्रवाट शहरी क्षेत्रमा स्थान्तरणको नमूनाको वैज्ञानिक ढंगवाट अध्ययन गरेका छन् । यस प्रकारको स्थान्तरण केसँग सम्वन्धित छ भने ग्रामीण क्षेत्रको परम्परागत, कम उत्पादकत्व अर्थतन्त्रवाट शहरी क्षेत्रमा आधुनिक औद्योगिक क्षेत्रमा आफ्नो लगानीलाई विस्तार गर्ने रहेको थियो ।

सिरिओक र सिजल (१९७१) ले वसाइसराइ गराउन वाध्य गराउने कारणहरुको वारेमा जोड दिएका छन् । उनीहरुका अनुसार उद्गमस्थलमा उद्यम व्यवसाय गरी आफू वन्ने चाहना कम गर्दछन भने गन्तव्यस्थलमा बसाइसराइ गर्ने चाहना वढी गर्दछन् । तिनीहरुले के पत्ता लगाएका छन भने बसाइसराइवाट गन्तव्यस्थलमा प्रत्यक्षढंगवाट उपयुक्त खालको अवसर मिल्दछ भने उद्गमस्थलवाट प्रत्यक्ष रुपमा अवसरहरु प्राप्त गर्न गाह्रो पर्दछ ।

बोग्यु (१९५९) ले बसाइसराइ र वसाई सर्नेको कारण, व्यवहार, प्रकार र उत्पन्न परिणतीको वारेमा जोड दिएका छन् । उनले बसाइसराइ सामाजिक, आर्थिक परिवर्तनको अवस्थामा समायोजन गराउने प्रक्रिया हो भन्ने कुरा पत्ता लगाए । यो परिवर्तनको तत्वले प्राकृतिक स्रोत साधनको अभाव, व्यवहारमा विभेद र समुदायवाट अलग गरिएकालाई एक हातमा रोजगारीको सुवर्ण अवसर मिल्दछ भने अर्को हातमा वस्ने ठाउँमा सुहाउँदो वातावरण उपलब्ध हुन्छ ।

स्टार्क र फेलर (१९८९) ले मेक्सीको र संयुक्त राज्य अमेरिकामा अन्तराष्ट्रिय बसाइसराइको अध्ययन गरे । जसमा आफन्तलाई बसाइसराइ गराउनको लागि आफन्तको परिवारले नै महत्व पूर्ण भूमिका निर्वाहा गरेको वैज्ञानिक प्रमाण फेला पारे । बसाइसराइवाट आशा गरिए अनुसारको आम्दानी आफ्नो नियन्त्रणमा ल्याएको देखेपछि आफन्तहरु अन्तराष्ट्रिय बसाइसराइमा जाने कार्यको शुभारम्भ भयो ।

पेटरसन (१९७५) ले वसाई सराईलाई उमेर लिङ्ग, पारीवारीक स्थिति, पेशा, वौद्धिकता र स्वतन्त्रता प्रभाव भनेका छन् । बसाइसराइ विभिन्न प्रभाव भन्दा कानूनी वाध्यता पनि हुन सक्दछ । उनका अनुसार पौराणिक कालमा एउटा समूह एक ठाउँवाट अर्को ठाउँमा कानूनी वाध्यतावस बसाइसराइ गर्नु पर्दथ्यो ।

संयुक्त राष्ट्र संघले विभिन्न समयमा विश्वका विभिन्न भागको बसाइसराइको अध्ययन गर्नको लागि प्रशस्त समय विताएको छ । संयुक्त राष्ट्र संघ अन्तराष्ट्रिय बसाइसराइ प्रतिवेदन (२००२) अनुसार विश्वका मानिसहरुको एक ठाउँवाट अर्को ठाउँमा गतिशीलता हुनु, एक मौलिक विषेशता हो । अन्तर्राष्ट्रिय बसाइसराइले उद्गम ठाउँको समुदायमा र गन्तव्य ठाउँको समुदायमा केही सकारात्मक, केही नकारात्मक प्रभाव पार्दछ । बसाइसराइले व्यक्तिमा रहेको दक्षता र उनीहरुको मौलीक संस्कृतिको हस्तान्तरण हुन सक्ने भएकोले राष्ट्र उक्त राष्ट्रको संस्कृतिलाई धनी वनाउन सक्दछ । आजको दिनहरुका थुप्रै मानिसहरु देश वाहीर वसोवास गरि रहेका छन् । ठुलोसंख्यामा भएको बसाइसराइले देशको लागि अर्थ पूर्ण ढंगले योगदान पुऱ्याएको छ । यही समयमा अन्तराष्ट्रिय बसाइसराइको कारण केही देशहरुले मानवीय शक्तिलाई गुमाएको छ र उक्त मानवीय शक्तिले गन्तव्य स्थलको देशमा राजनैतिक, आर्थिक र सामाजिक तनाव दिन सक्दछ । विगत ३ दशक अगाडिको राष्ट्रसंघको प्रतिवदेन अनुसार अन्तराष्ट्रिय बसाइसराइ सम्वन्धी नीतिहरु यसरी विकास भएका छन् ।

क) विकिसत देशहरुले अन्तराष्ट्रिय श्रम बसाइसराइको प्रवेशलाई नियन्त्रणकारी रुपमा विकास गर्ने ।

ख) वैदेशिक कामदारको माग गर्दा विषेश गरी विकाशोन्मुख देशका मानिसहरुवाट माग गर्ने

ग) कामदारका परिवारलाई बसाइसराइको स्वीकृती दिने कार्यको व्यवस्था गर्ने ।

घ) व्यक्तिलाई निशुल्क गतिशीलता गराउन क्षेत्रीय सम्झौतालाई समायोजन गर्ने ।

यो साहित्यवाट यो निष्कर्षमा पुग्न सकिन्छ कि बसाइसराइ आकर्षण र विकर्षणको परिणाम हो । बसाइसराइ सिद्धान्त गन्तव्यस्थल र उद्गमस्थलको आकर्षण र विकर्षणसंग सम्वन्धित छ । बसाइसराइमा दुवै ठाउँको बसाइसराइलाई प्रभाव पार्ने तत्वहरुका वारेमा अध्ययन गरिन्छ । सैद्धान्तिक समीक्षाको वारेमा केही सिद्धान्त (पेटरसन, 1975) ले वसाई सराईको प्रकारकावारेमा जोड दिएका छन् भने अन्य (रभेनटेइन्स 1885, लिइ 1966) ले कारणको वारेमा विश्लेषण गरेका छन् ।

## २.२ श्रम बसाइसराइको सैद्धान्तिक व्याख्या

**सामाजिक सञ्जाल सिद्धान्त**

अन्तराष्ट्रिय श्रम बसाइसराइलाई सामाजिक सञ्जालले प्रभाव पारेको छ । बसाइसराइसँग महिला, पुरुष जुन एकठाउँवाट अर्को ठाउँमा गईरहन्छन् श्रम बसाइसराइको रुपमा जुन व्यक्तिहरु एक ठाउँबाट अर्को ठाउँमा संस्कृतिसहित जान्छन् । यसमा सामाजिक सञ्जालले महत्वपूर्ण भूमिका खेल्दछ । आन्तरिक तथा वाह्य रुपमा बसाइसराइ गर्ने परिवार समुदायको बसाइसराइको सञ्जालले मध्यस्थता गर्ने कार्यको वृद्धि भएपछि सञ्जालले जटिल रुप लिने गर्दछ । बसाइसराइले हरेक व्यक्तिहरुमा परिपक्वता ल्याउने विश्वास गरिएको छ । यस्तो किसीमको संस्कृतिले संस्था र कार्यकर्तामा असल व्यवहार युक्त बसाइसराइ उद्योगको सृजना गर्दछ । (ल्वोलेन 2002, 132)

अन्तराष्ट्रिय बसाइसराइमा बसाइसराइको सञ्जालले महत्वपूर्ण भूमिका निर्वाहा गरेको छ । यो प्रक्रियाले निश्चय पनि नातेदार साथी आफ्नो देशका सम्वन्धित व्यक्तिलाई सूचना प्राप्त गर्न सजिलो भएको छ । (बोइड, 1989)

माथीका बसाइसराइका सैद्धान्तिक पक्षले गन्तव्य स्थलमा व्यक्तिको आन्तरिक सम्वन्धलाई वलियो पार्न, मौद्रिक तथा मनोवैज्ञानिक संकटलाई हटाउन, बसाइसराइ सम्वन्धी सूचना तथा कार्यविधीको वारेमा अवगत हुन र रोजगारीको मौकाको वारेमा असल वीचार प्रदान गर्दछ । तर यो सिद्धान्तमा गन्तव्य ठाउँको कामको प्रकृति र कामदारको छनोट गर्ने व्याख्याको अभाव रहेको छ ।

त्यसैले अन्तराष्ट्रिय बसाइसराइमा व्यक्तिगत क्षमता र दक्षताको वारेमा हुन सक्ने जोखिम धेरै महत्वपूर्ण वीचारणीय विषयवस्तु हो ।

## २.३ श्रम बसाइसराइ र विश्व व्यवस्था सिद्धान्त

समाजशास्त्रको विकासवादी सिद्धान्तमा विश्व व्यवस्था सिद्धान्त लोक प्रिय छ । विश्व व्यवस्था सिद्धान्तले देशहरु वीचको आर्थिक सम्वन्धमा जोड दिन्छ र यसले विश्व अर्थतन्त्रको विश्लेषणात्मक दृष्टिकोण दिन्छ । यसलाई नव मार्क्सवादी सिद्धान्तको रुपमा चिनिन्छ । इमुनअल वालेस्ट्राईन र अन्य सामाजिक वैज्ञानिकहरुले १९७० मा यो सिद्धान्तको विकास गरेका हुन । उनले गरेको परिभाषा अनुसार यसले सीमा (राजनैतिक, सामाजिक र आर्थिक) संरचना समूह सदस्यहरुमा वैधानिक सम्वन्धको शासन गर्दछ । यसको जीवन द्वन्दात्मक ढंगवाट वनेको छ । यस सिद्धान्तले देशहरु एक अर्को बीचमा तनाव वेहोर्दै फाइदाको खोजीमा अगाडि वढेका छन् । विश्व व्यवस्था सिद्धान्त सम्पत्तिको असमान वितरणको आधारमा सामाजिक परिवर्तन र विकासको गतिशीलताको उन्नत दृष्ट्रिकोणको सिद्धान्त हो भनी वुझिएको छ ।

यो सिद्धान्तको अनुसार विश्वसाम्राज्य राजनैतिक दमनमा आधारित छ । जहाँ पूँजीवादीहरुले विश्व अर्थतन्त्रलाई आफ्नो कव्जामा लिएका छन् (रिटजर, 1996) । इमानुएल वालेस्ट्राईनले विश्वलाई केन्द्र, क्षेत्र, अर्धपृष्ठ क्षेत्र, र पृष्ठक्षेत्र गरी ३ वटा वर्गमा वर्गीकरण गरेका छन् । जसमा केन्द्र क्षेत्रका (विकासशील) र पृष्ठ क्षेत्र (कमविकिसत) का देशहरुलाई कसरी आर्थिक फाइदामा शोषण गरेका छन् भनी उल्लेख गरेका छन् । केन्द्रक्षेत्रका देशहरुले जहिले सुकै महङ्गा वस्तुहरु निर्यात गर्दछन् र सस्तो श्रम र सस्ता कच्चा पदार्थ आयत गरी विश्व वजारलाई आफ्नो अधीनमा लिएका छन् । केन्द्रक्षेत्रमा भएका उच्च गुणस्तरीय उद्योगहरुको प्रतिस्पर्धाले गर्दा पृष्ठ क्षेत्रका देशहरुको विकास अवरुद्ध भएको छ ।

विश्व व्यवस्था सिद्धान्तले श्रमको अन्तराष्ट्रियकरणलाई उल्लेख गर्दछ । गरीव तथा पृष्ठ क्षेत्रका मुलुकले विकिसत र विकासशील मुलकमा सस्तोमा श्रम प्रदान गर्दछ । त्यसको परिणाम स्वरुप नेपाली श्रम बजार अन्तराष्ट्रिय स्तरमा दक्षता नभएको र सस्तोमा विक्री भएको छ ।

यस कारण विश्व व्यवस्था सिद्धान्तले एक सम्पूर्ण (राजनैतिक, आर्थिक र सास्कृतिक) सामाजिक परिवर्तन र विकासको विश्व आर्थिक व्यवस्थाद्धारा गर्ने शासनको वारेमा विश्लेषण गर्दछ । असमान श्रम विभाजन भएको अवस्थामा केन्द्र क्षेत्रले कसरी पृष्ठ क्षेत्रलाई शोषण गर्दछ भन्ने देखाएको छ । वहुतह भएको यस सिद्धान्तले सानो तह र ठुलो तहलाई वरावर वनाउन सक्दछ भनिएको छ । यसले विभिन्न सामाजिक पक्षको सम्वन्धको विश्लेषण गर्ने भएकोले यो सिद्धान्त रुचिपूर्ण किसीमको छ । यो सिद्धान्त यस प्रकार पनि रुचि पूर्ण छ कि समाजको भैपरी आउने सञ्जालको बारेमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा यसका तत्वहरुको वारेमा सामान्य र जटिल प्रकारले वर्णन गर्दछ । निश्चितसमयमा यी तत्वहरुको एक अर्कोमा सम्वन्ध कम र वढी हुन्छ ।

यो सैद्धान्तिक अवधारणाद्धारा हामीहरुले विश्व आर्थिक अवस्था वुझ्न सक्दछौं । यसले नेपालको स्थिति पत्ता लगाई किन नेपाल श्रम निर्यात गर्ने देशको रुपमा चिनिन्छ भन्नेवारेमा वुझ्न सक्दछौं ।

## २.४ नेपालमा अन्तराष्ट्रिय श्रम बसाइसराइको अध्ययन

नेपालमा वसाइ सराइको ईतिहास पूरानो छैन जति बसाइसराइ आफ्नै इतिहास पूरानो छ । यसमा साक्षरताको सृजना पछि बसाइसराइ गर्ने प्रवृतिमा तुलनात्मक रुपमा कम भएको छ । नेपाल सरकारले जनगणना लिने कार्य सन १९११ देखी शुरु गऱ्यो जुन हरेक १०/१० वर्षमा भैरहेको छ । सवैजसो जनगणनाहरुले संख्यात्मक पक्षलाई प्राथमिकता दिए भने बसाइसराइको विश्लेषणात्मक गुणात्मक पक्षलाई कम प्राथमिकता दिएका छन् । जे भएता पनि नेपाली र विदेशी विद्धानहरुवाट बसाइसराइको सूक्ष्म तहको अध्ययन गर्ने केही प्रयासहरु भएका छन् । (सुवेदी, १९९९)

एम सि. दौगल (1968) ले पश्चिमी पहाडको वसाई सराई र नेपालको पश्चिमी भित्री तराई महाकाली, सेती, कर्णाली र राप्तीसहितको अस्थायी बसाइसराइ जुन ठाउँमा कम आम्दानी भएको कारण भएको थियो । त्यसको अध्ययन गरेका छन् । विशेष गरी नून, मट्टीतेल, चिनी, कपडा, अन्य आवश्यकता जस्ता दैनिक आवश्यकता पूरा गर्नको लागि नगदको आवश्यकता पर्दछ । अध्ययन पछि भारतमा बसाइसराइ गर्ने कामको सुरुवात २० वर्ष अगाडि भएको हो (अहिले ६० वर्ष) । पछि उत्पादन प्रणालीमा आएको सुधारको परिणाम स्वरुपको उच्च उत्पादनले बसाइसराइ गर्नुपर्ने समस्यामा समाधान आएको थियो ।

दहाल, राई, मनजान्डो (1997) ले महाकाली अञ्चलको दार्चुला, वैतडी, डडेल्धुरा र कञ्चनपुर जिल्लाको जमिन र बसाइसराइको जीवन पद्धतिको अध्ययन गरेका छन् । यो अध्ययन नेपालमा बसाइसराइको एक ऐतिहासिक विश्लेषण बनेको छ । यसले बसाइसराइका विभिन्न विषयवस्तुका वारेमा गहन छलफल गरेको छ । यो अध्ययनले पत्ता लगाएका धारणा मानवशास्त्रीय र समाजशास्त्रीय मानव व्यवहार र सामाजिक, सांस्कृतिक र आर्थिक तत्वमा आधारित छ । यसमा बसाइसराइ गर्दा पर्ने प्रभावको व्याख्या धेरै अध्ययन हेरेर गरिएको छ । बसाइसराइको प्रभाव र कारणलाई सामन्य तत्वहरुबाट पहिचान गरिएको छ । यस अध्ययनको निष्कर्ष बसाइसराइलाई एक लक्षणको रुपमा लिनु पर्दछ । समस्याको कारणको रुपमा लिनु हुदैन भनिएको छ ।

कंशाकार (१९८२) का अनुसार नेपाल र भारत वीचको अन्तराष्ट्रिय बसाइसराइको लागि केही ऐतिहासिक कारणहरु छन् । जस्तो कि १८१४ पछिको नेपाल अंग्रेज युद्ध पछि भारतीय अंग्रेज

र नेपाल सरकारका प्रतिनिधि वीच भएको सन्धि संझौता अनुसार नेपालका पहाडी क्षेत्रका मानिसहरु भारतीय सैनिक सेवामा भर्ना हुनु पर्ने व्यवस्था भएको थियो । त्यस समय पछिवाट पहाडी भेकमा मानिसहरु वैदेशिक रोजगारमा विशेष गरी सैनिक, पुलिस सेवा अन्य कामहरुमा गईरहेका छन् । (कंशाकार १९८२)

यामकाना (२००२) ले नेपाली कामदारलाई मुख्यत उच्च ज्यालाले आकर्षण गर्दछ भनी तर्क दिएका छन् । यद्यपि मानवीय पूँजीको विषेशता जस्तै उमेर, शिक्षा, नैतिकतासँग श्रमको ज्यालाको कम सम्वन्ध छ । उनले फेरी के कुरा थपेकि छन् भने तीव्र विकास भएका देश (जापन, कोरिया, मलेशिया, ताईवान) र आर्थिक वृद्धिबाट सन् १९६० देखि आर्थिक रुपमा सम्पन्न भएको एशियाले उनीहरुका छिमेकि, पूर्वी र दक्षिण एशियाका राष्ट्रलाई निन्दा गरेको कुरा उल्लेख गरेकि छन् । हाल अन्तराष्ट्रिय बसाइसराइको छाल बढिरहेको अवस्थामा श्रम बजारमा कामदारको अभाव भएको छैन तर विश्वासनीय राम्रो प्रवृत्ति भएका कामदारहरुको अभाव भएको छ । उदाहरणको लागि विकिसत देशका अधिकांश परिवारहरुले उनीहरुको आफ्नो बच्चालाई उच्च शिक्षाको लागि वाहिर  पठाउँदछन् । तिनीहरुले तल्लो तहको काम गर्न रुचाउँदैनन् जव नेपाली कामदारहरु यस्ता ज्ञान आर्जन गर्नुको साथै तल्लो तहको काममा पनि लाग्दछन् । उनले फेरि के थप्दछिन भने नेपाली कामदारहरु शिक्षित भएर पनि कामको अनुभवको अभाव हुन्छ । त्यस्ता कामदारलाई सीप सिकेका व्यक्तिको सम्वन्धको आधारमा उक्त देशमा काममा लगाईन्छ ।

Graner, F & K.B. Karmacharya (2001) ग्रामीण क्षेत्रका कामदारहरुमा मोलमोलाई गर्ने क्षमताको अभाव, शिक्षा र व्यवसायिक तालिमको अभावको कारणले गर्दा कम ज्यालादारी र छोटो समयको लागि नियुक्ति गर्ने प्रक्रियामा दविएका छन् । त्यसको परिणाम स्वरुप शहरी श्रम बजारमा श्रमको अवसर खोजी गर्नेहरुको संख्या वढी रहेको छ । यही समयमा शहरी श्रम बजार लामो समय सम्म काम उपलब्ध गराउने काममा असफल हुँदै आएको छ । यी असहज अवस्थाको परिणाम स्वरुप ग्रामीण र शहरी श्रम बजार अन्तराष्ट्रिय श्रम बजार विशेष गरी भारत र मध्यपूर्वमा कामको अवसर खोज्नेहरुको संख्या बढेको छ ।

Seddon.et.al (2001) ले वैदेशिक रोजगारमा जानेहरुलाई नयाँ लाहुरे भनी व्याख्या गरेका छन् । यसले रोजगारबाट फर्केपछि गरीव नेपालीहरुको जीवनस्तरमा सुधार ल्याउन सक्दछ । तर अत्यन्त गरीवहरु यो अवसरबाट धेरै नै टाढा छन्, किनभने उनीहरुले वैदेशिक रोजगारमा जानका लागि लगानी जुटाउन सक्दैनन्, अर्कोतिर लगानी जुटाएर जसोतसो जाने व्यवस्था मिलाईहाले पनि स्थानीय दलालहरुबाट नराम्रोसँग ठगिन्छन् । त्यसको परिणाम स्वरुप धेरै गरीवहरु वैदेशिक

रोजगारमा कम मात्रमै संलग्न हुन्छन् । यिनीहरु देशको कुनै ठाउँमा रहन्छन् । उनीहरु वैदेशिक रोजगारमा गै कमाई आउनेहरुको जीवनस्तरको तुलनामा धेरै पछाडी परेका हुन्छन् ।

सुवेदी (२००३) ले नेपालको जनसंख्या वार्षिक रुपमा २.२ प्रतिशतको दरले वृद्धि भै रहेको छ भनेका छन् । हरेक वर्ष २ लाख भन्दा वढी अदक्ष जनशक्ति श्रम बजारमा प्रवेश गर्दछन् । वहुसंख्यक यस्ता श्रमिकहरु ग्रामीण क्षेत्रका हुन्छन् । किनभने ग्रामीण क्षेत्रमा गरीवी र रोजगारीको अवसरहरुको अभावको कारण वैदेशिक रोजगारमा जान वाध्य हुन्छन् । पछिल्ला दिनहरुमा नेपाल सरकारले वैदेशिक रोजगारबाट नागरिक र राज्य दुवैलाई फाईदा हुने एक साधनको रुपमा लिएको छ । उनले व्याख्या गरेका छन् । वैदेशिक रोजगारका लागि बसाइसराइ गर्नेहरुको दर विगतमा भन्दा हालका दिनहरुमा तीव्र गतिमा बढेको छ । १६० भन्दा वढी वैदेशिक रोजगार कम्पनीहरु नेपाली कामदारलाई विदेशमा पठाउनको लागि सक्रिय भै लागेका छन् । तर यस्ता कामदारहरु स्थानीय दलालका शिकार बनेका छन् । नेपाली कामदारहरु वहुसंख्यक भारतमा र दक्षिणपूर्व मध्यपूर्वका देशहरु नै मुख्य गन्तव्य स्थल हुन् । उनले यो तर्क पनि दिएका छन् कि नेपालको वर्तमान राजनैतिक अवस्थाले पनि युवाहरुलाई समुन्द्र पारको मुलुकमा रोजगारीको लागि जान वाध्य पारेको छ ।

WYSS, S. (2003), बैदेशिक रोजगारमा लैजाने प्रक्रियामा संलग्न रोजगार कम्पनीहरु तथ्यमा निर्णायक हुन्छन् । तर सूचनाको सङ्कलन, उच्च लगानी र कामको सुरक्षाद्धारा वैदेशिक रोजगारमा जाने व्यक्तिलाई उनीहरुले नराम्रोसँग ठगिरहेका हुन्छन् । यस्ता निर्णायक अधिकारले रोजगारमा जाने परिवार र उसको जीविकामा संभाव्य योगदान दिन सक्दछ । उनको पछिल्लो तर्क के छ भने प्रवासी व्यक्ति साँच्चै कै गरीब र ग्रामीण क्षेत्रको हो भने उसलाई गन्तव्य स्थलमा रोजगार सम्वन्धी व्यवस्थाको वारेमा सुहाउँदो सूचना हुनुपर्दछ । उनीहरुको तथ्य रहित गलत सूचनाबाट आकर्षण गरेमा त्यसको परिणाम स्वरुप गन्तव्य स्थलमा धेरै असुविधाहरुको पनि सामना गर्नुपर्दछ ।

यस्तै गरी केही शोधपत्रहरुले पनि नेपालको वैदेशिक रोजगारको प्रस्तुतीकरणलाई जोड दिएका छन् । गौतम (१९९९) ले वाग्लुङ्ग जिल्लाको काँडेवाँस गा.वि.स.बाट भारतमा रोजगार गर्ने व्यक्तिको अध्ययन गरेका छन् । यस्तै गरी आले (2001) ले कास्की जिल्लाको पुम्दी भुम्दी गा.वि.स.को श्रम बसाइसराइको अध्ययन गरेका छन् । जसमा उनले वैदेशिक रोजगारको कारण, लगानीको स्रोत र विप्रेशणको प्रयोगको अध्ययनमा जोड दिएका छन् । उक्त अध्ययनबाट बसोबास गरेको क्षेत्रमा स्रोत साधनको परिचालन गर्न नसक्दा वेरोजगार हुनु परेकोले जग्गा जमिन विक्री

तथा व्यक्ति ऋणको प्रयोग गरि रोजगारमा गएको रोजगारबाट प्राप्त विप्रेषणको अधिकांश रकम ऋण तिर्न, घरेलु सम्पत्ति खरीद र घर जग्गाको मर्मतमा खर्च भएको पत्ता लागेको थियो ।

धेरै अध्ययनले नेपालमा अन्तराष्ट्रिय बसाइसराइको विगतमा भएको ढाँचामा वढी जोड दिएका छन् भने आफ्नो देश र समाजमा परेको सामाजिक, आर्थिक प्रभावमा कम जोड दिएका छन् । २९ औं शताव्दीमा श्रम बसाइसराइ अन्य दृष्टिकोण भन्दा विश्वव्यापी दृष्टिकोण बनेको छ । विश्व वैंकको प्रतिवेदन २००७ अनुसार नेपालमा वैदेशिक रोजगारबापत आएको विप्रेशण सही ठाउँमा उपयोग गर्न र परनिर्भरताको स्थितिबाट देशलाई मुक्ति दिलाउन दुवै चुनौतीको रुपमा देखा परेका छन् । कृषि उत्पादनमा कम उत्पादकत्व, मौलिकताको पुँजी उत्पादन, योजनाको विनास इत्यादि श्रम बसाइसराइको आयतनमा आएको वृद्धिको परिणति हो । यस कारण यस अध्ययनले वैदेशिक रोजगार प्रवृत्तिसँगै सामाजिक, आर्थिक प्रभावको विश्लेषण प्रस्तुत गरेको छ ।

अन्तराष्ट्रिय बसाइसराइले नेपालको महत्वपूर्ण जनसङ्ख्यीकिय पक्षको रचना गरेको छ । वसाई सरी अन्यत्र जाने र अन्य देशबाट बसाई सरी आउने नेपाल र नेपालीको विशेषता हो । नेपालमा बसाइसराइ संस्कृतिसँग सम्वन्धित केही नाम चलेका ऐतिहासिक तत्वहरु छन् । ऐतिहासिक रुपमा हेर्दा नेपालमा ३ प्रकारका बसाइसराइ नमूनाका प्रमाणहरु पाइन्छन् ।

क) सैनिक भर्तीसँग सम्वन्धित गतिशीलता ।

ख) कृर्षि र अन्य आर्थिक क्रियाकलापको लागि भएका गतिशीलता ।

ग) वैवाहिक सम्वन्धवाट हुने वसाई सराई ।

नेपालमा ८० प्रतिशत भन्दा बढी बसाइसराइ हिमाली र पहाडी क्षेत्रबाट हुन्छ । (सुवेदी, १९९१)

नेपाली जनसंख्याको बसाइसराइको प्रवाह ईतिहासको विभिन्न समयमा उत्तर र दक्षिणमा चली रह्यो । नेपाली समाज र संस्कृति भारतीय आर्य र तिव्वती जातीय दुवै समूहसँग समावेश भएको छ । बसाइसराइ गरी आउने तिव्वती समूहहरु स्वैच्छिक प्रकृतिका थिए । तिनीहरु नेपालमा कुशल वासस्थानको खोजीमा थिए । अर्कोतिर दक्षिणतिरबाट बसाइसराइ गरी आउनेहरु अस्वैच्छिक प्रकृतिका थिए । उनीहरु भारतका मुस्लीमहरुको आक्रमणवाट आफ्नो धर्म, संस्कृति वचाउनको लागि नेपालमा आएका थिए (Kansakar 1984) ।

यसकारण नेपाल आप्रवासीहरुको लागि कुशलतापूर्वक जीउन सकिने राम्रो र सुरक्षित ठाउँ थियो । त्यसवेला नेपालमा मानिसहरुलाई राज्यले झाराको नाममा विना पारिश्रमिक काममा लगाउँदथ्यो । त्यसको परिणाम स्वरुप नेपाली किसानहरु महिला, केटाकेटी र वूढाबूढीसहित आफ्नो देशको कृर्षि कार्यलाई दुर्वल पारी स्वदेश छोडेका थिए । (के.सी. एण्ड सुवाल १९९६)

यसरी नेपालीलाई विकर्षण गर्ने प्रक्रिया एकनाससँग लगातार चलि रहेको थियो । यसै समयमा चलेको अंग्रेज नेपाल युद्ध (1777-1789) को समयमा राज्यले किसानहरुलाई करको दरमा वृद्धि गरेको हुनाले पनि आफ्नो देशवाट विस्थापित भएका थिए (Perry, 1997)।

सुगौली सन्धि (1816) पछि नेपालीहरु ब्रिटीस भारतीय सेनाको लागि सन्धिले व्यवस्था गरे अनुसार भारतीय भूमिमा सैनिक रोजगारीको लागि बसाइसराइ गर्न सुरु गरे । त्यसपछि पहिलो स्थलवाहिनी (Sirmour Battalion) को विद्रोहवाट ठूलोसंख्यामा नेपाली युद्धवन्दीहरु घरतर्फ फर्केका थिए (Kansakar 1984) । बसाइसराइ गर्ने क्रममा काठमाण्डौंबाट नेपालीहरु व्यापार गर्न तिब्वतमा ४००-५०० परिवार गएका थिए । त्यसकारण नेपाली उत्प्रवासको घटनाले उल्लेखनीय भूमिका खेलेको छ । ब्रिटिस भारतीय सेनामा भर्ती वाहेक भारतीय ब्रिटिस सरकारले नयाँ कृर्षि कार्यक्रम विभिन्न प्रान्तहरु जस्तै आसाम, दार्जलिङ्ग, वर्मा, आदिमा ल्याएको थियो, जस्ले गर्दा नेपालका हिमाली र पहाडी क्षेत्रका किसानहरु आकर्षित भएका थिए । पछि धेरै नेपालीहरु होटल र चौकिदारी काम गर्न गएका थिए, जुन हाल सम्म निरन्तर चलिरहेको छ । त्यस वेला नेपालको कृर्षि भूमिलाई रैकर, जागिर र विर्तामा परिणत गरिएको थियो । यस्ता किसिमको जग्गा व्यवस्थामा केवल व्राह्मण र क्षेत्रीको मात्र एकाधिकार कायम रहेको थियो । यस्तो अप्ठ्यारो परिस्थितिले गर्दा नेपाली समाज सामु थुप्रै चुनौतीहरुको सृजना भएको थियो । जसले गर्दा नेपाली किसानहरुको नयाँ आर्थिक खाडल वन्न पुगेको थियो । नेपालमा यस्तो परिस्थितिको सृजना भैरहेको अवस्थामा भारतका मुख्य ठूला शहरहरुमा भने कामदारहरुलाई रोजगारीका अवसरहरु खुलेका थिए । जसले गर्दा ठूलो संख्यामा नेपाली कामदारलाई आकर्षण गरेको थियो (Perry 1997) । वर्तमान अवस्थामा दक्ष र अदक्ष नेपाली कामदार कामको लागि अरव र युरोपियन देशहरुमा रोजगारको लागि जाने प्रवृति छ ।

## २.५ नेपालमा उत्प्रवासको संख्यात्मक अध्ययन

सयौं वर्षदेखी नेपालबाट परम्परागत रुपमा सीमा वाहिर व्यापार, काम र अन्य उद्देश्यले जाँदै आइरहेका छन् । नेपालमा सन् १९११ देखि सन् १९४२ सम्मको जनगणनाको नतिजा सर्वसाधरणको प्रयोगको लागि प्रकाशित भएको थिएन । सन् १९११ को जनगणनाको तालिकामा बसाई सरी जानेहरुको विवरण उल्लेख गरिएको थिएन । बसाइसरी आफ्नो देश छोड्नेहरुको तथ्याङ्क पहिलो पटक सन् १९२० र १९३० को जनगणनाले संकलन गरेको थियो । त्यसमा पनि सैनिक सेवा र अन्य सेवाजस्तो चौकिदार, ड्राइभर र सामन्य श्रम गर्ने व्यक्तिहरुको मात्र विवरण संकलन गरेको थियो । जे भएता पनि नेपालबाट बसाई सरी जानेहरुको केही उदाहरण भएता पनि सन्

१९५२/५४ सम्मको जनगणनाले वैज्ञानिक तथ्याङ्कको विवरण उपलब्ध गराउन सकेको छैन । पहिलो वैज्ञानिक जनगणना सन् १९५२/५४ ले बसाईसरी जानेहरुको सम्पूर्ण विवरण उतारेको थियो । यो जनगणनाले ६ महिना लगाएर देश छोडेर जानेहरुको संख्या १,९८,१२० निकालेको थियो । पछि सवै सफल जनगणनाहरु (सन् १९७१ को वाहेक) नेपाल छोड्नेहरुको संख्या तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका २.१ : नेपालमा अनुपस्थित जनसंख्याको परिमाण**

| **जनगणना वर्ष** | **अनुपस्थित जनसंख्या** | **प्रतिशत** |
|---|---|---|
| सन् १९५२/५४ | १,९८,१२० | २.३९ |
| १९६१ | ३,२८,४२० | ३.४८ |
| १९७१ | – | – |
| १९८१ | ४,१०,२९१ | २.६८ |
| १९९१ | ६,५८,२९० | ३.५९ |
| २००१ | ७,६२,०३१ | ३.२९ |

*स्रोत : विभिन्न जनगणना प्रतिवेदन*

माथिको तालिकाले नेपालमा अन्तराष्ट्रिय बसाइसराइमा जानेहरुको संख्या बढेको देखाउँदछ । अधिकांश अनुपस्थित जनसंख्यासँग सीमा वाहिरका देशहरुमा काम गर्नको लागि अनुभव पनि छ । नेपालमा वैदेशिक रोजगारको लागि जाने व्यक्तिहरुको संख्या बढ्दै जानुको मुख्य कारण गरीवी, विभिन्न खालको विद्रोह जस्ता प्रतिकूल परिस्थिति नै वढी जिम्मेवार रहेका छन् । यद्यपि तालिका नं. २.१ ले उत्प्रवासीहरुको कार्यालयबाट प्रकाशित विवरणलाई मात्र देखाउँदछ तर साँच्चै नै उत्प्रवासीहरुको संख्याको विश्लेषण गर्ने हो भने कार्यालयबाट प्रकाशित विवरणभन्दा पक्कै उच्च रहेको छ ।

**तालिका २.२ : नेपालमा उत्प्रवासीको प्रवृत्ति (१९९३/९४-२००१/०२)**

| देशहरु | १९९३/९४ | १९९४/९५ | १९९५/९६ | १९९६/९७ | १९९७/९८ | १९९८/९९ | १९९९/२००० | २०००/०१ | २००१/०२ |
|---|---|---|---|---|---|---|---|---|---|
| खाडी राष्ट्रहरु | ३३०८ (९१.८) | १३८५ (६४.१५) | २७७४ (९७.८८) | २६३८ (८०.९९) | ७१६० (९२.५१) | २६८८१ (९६.७१) | ३४०९८ (९५.९३) | ४२८५९ (७७.८९) | ५०५६९ (४८.२६) |
| एशिया | २९७ (८.२) | ७४४ (३५.८२) | – | ५७३ (१७) | ४३७ (५.६४) | ७१९ (२.५९) | ११४७ (३.२३) | ११८२ (२१.६०) | ५३२०५ (५०.८) |
| युरोप अमेरिका | – | – | – | – | १४३ (१.८५) | १२८ (०.५३) | १७९ (०.५६) | १३५ (०.२४) | ३२२ (०.३१) |
| अन्य | – | – | ६० (२.१२) | ४६ (१.४१) | – | ४७ (०.१७) | ११९ (०.३३) | १४९ (०.२७) | ६४३ (०.४५) |
| जम्मा | ३६०२ (१००) | २१५९ (१००) | २८३४ (१००) | ३२५७ (१००) | ७७४६ (१००) | २७७९५ (१००) | ३५५४३ (१००) | ५५०२५ (१००) | १०४७३९ (१००) |

*स्रोत : नेपाल सरकार श्रम विकास, २००१*

**नोट** : माथिको तालिकामा हङ्गकङ्ग र भारतमा बसाइ सरी गएकाहरुको तथ्याङ्क उल्लेख गरिएको छैन । तालिकामा प्रतिशत समेत उल्लेख गरिएको छ ।

**वर्गीकरण :**

खाडी राष्ट्रहरु : साउदी अरव, कतार, कुवेत, वहराइन, दुवई, ओमन ।

एशिया : जापान, कोरिया, सिंगापुर, मलेसिया ।

युरोप अमेरिका : बेलायत, जर्मनी, अमेरिका, क्यानडा, फ्रान्स, वेल्जियम र अन्य ।

अन्य : अष्ट्रेलिय, न्यूजिल्याण्ड र विश्वका अन्य

सन् १९९४/९५ मा नेपाली बसाइसराइ गर्ने व्यक्तिहरु मध्ये ६४.१५% खाडी राष्ट्रहरुमा गएका थिए । तर २००१/०२ मा यो प्रतिशत ४८.२९ रह्यो । उक्त सालमा नेपाली कामदारहरु मलेसियामा जाने प्रवृत्ति तीव्र रुपमा बढेको थियो । तर माथिको तथ्याङ्कमा भारतमा कामको लागि बसाइसराइ गर्नेहरुको तथ्याङ्कलाई समावेश गरिएको छैन । किनभने नेपाल भारत खुल्ला सीमाना भएको कारण छुट्टै तथ्याङ्क संकलन गर्ने व्यवस्था छैन । जनगणना २००१ अनुसार नेपालबाट भारतमा कामको लागि बसाइसराइ गर्ने संख्या ५,८९,०५० अर्थात कूल बसाइसराइको ७७.३% रहेको छ । बर्तमान अवस्थामा खाडी राष्ट्रहरु र मलेसियामा कामको लागि वसाइ सर्नेहरुको संख्या वृद्धि भएको कुरा जनसंख्या वर्ष २००२/०३ (तालिका ४.३) ले देखाउँदछ ।


**तालिका २.३ : सन् २००२/०३ मा वैदेशिक रोजगारको लागि श्रम वसाई सराइ**

| गन्तव्य क्षेत्र | संख्या | प्रतिशत |
|---|---|---|
| खाडी राष्ट्रहरु | ५३४६५ | ५६.१ |
| मलेशिया | ३९६३६ | ४१.६ |
| अन्य एशिया | १६२४ | १.७ |
| युरोप/अमेरिका/अन्य | ५८९ | ०.६ |
| **जम्मा** | **९५३१४** | **१००** |

*स्रोत : नेपाल सरकार श्रम विकास, २००५*

नोट : भारतमा बसाइसराइ गरेको समावेश गरिएको छैन ।

**चित्र नं. २.१ बैदेशिक रोजगारको लागि श्रम बसाइसराइ (सन् २००२/२००३) प्रतिशतमा**




माथिको तथ्याङ्कले कानूनी नेपाली र कानूनी प्रक्रियाबाट गएका व्यक्तिहरुलाई मात्र प्रतिनिधित्व गरेको छ तर पनि अझै असंख्य कामदारहरु कानूनी प्रक्रिया विना नै विदेशमा गै काम गरिरहेका छन् । यस्ता कामदारको तथ्याङ्क उपलब्ध छैन । यद्यपि केही संख्यात्मक तथ्याङ्क संकलन गरिएको छ तर सरकारले यसका वारेमा अझ पनि प्रभावकारी र गम्भीर रुपमा लिएको छैन ।

## २.६ आप्रवास र उत्प्रबास

सन् २००१ को जनगणनाबाट प्राप्त तथ्याङ्कको आधारमा नेपालमा भएका विदेशी व्यक्तिहरु र विदेशमा भएका नेपालीहरुको तुलना गर्न सकिएको छ । यस्तो तुलना नेपाल आउनको लागि पासपोर्ट आवश्यक पर्ने देशहरु (भारतसहित) ले के देखाएको छ भने नेपालबाट विदेशमा

जानेहरुको संख्या क्रमिक रुपमा बढेर गएको देखाएको छ भने अन्य देशहरुबाट नेपालमा भित्रिने संख्या १,५९,०२८ रहेको देखाएको छ । नेपाली उत्प्रवासीहरु भन्दा आप्रवासीहरु वढी भएका देशहरुमा पाकिस्तान, भूटान, श्रीलंका, माल्दिब्स आदि पर्दछन् । अन्य देश र क्षेत्रहरुमा भने नेपाली नागरिकहरु वढी मात्रमा गएका छन् ।

**तालिका २.४ : अन्तराष्ट्रिय बसाइसराइ**

**नेपालमा र नेपालबाट २००१ (राहदानी र प्रवेशाज्ञा चाहिने देशहरुको मात्र)**

| देश | विदेशीहरु नेपालमा | % | सीमा वाहिर नेपाली | % |
|---|---|---|---|---|
| जम्मा | १४१०३ | १०० | १७३१३१ | १०० |
| चिन | १३४४ | ९.५३ | १३५४ | ०.७८ |
| पाकिस्तान | २६२८ | १८.६३ | ५५८ | ०.३२ |
| वंगलादेश | ७९ | ०.५६ | ९५२ | ०.५५ |
| भूटान | ३८२७ | २७.१४ | ६१० | ०.३५ |
| श्रीलंका | ८९ | ०.६३ | २०१ | ०.१२ |
| माल्दीप्स | ७७ | ०.५५ | ३७० | ०.२१ |
| अन्य एशिया | ३७७७ | २६.७८ | १४३२५७ | ८२.७४ |
| यूरोप | ७०८ | ५.०२ | ११९०४ | ६.८८ |
| उत्तर अमेरिका | ६२८ | ४.४५ | ९५५७* | ५.५२ |
| दक्षिण अमेरिका | ३४८ | २.७४ | – | – |
| अफ्रिका | २९३ | २.०८ | – | – |
| अष्ट्रेलिया | ३०७ | २.१८ | २४९१** | १.४४ |
| अन्य देशहरु | – | – | १८७७ | १.०८ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २००३*

नोट : * अमेरिका, क्यानडा र म्याक्सीको मात्र समावेश,    ** अष्ट्रेलिया मात्र समावेश

जनगणना सन् १९६१ देखिको तथ्याङ्कले विश्वका विभिन्न देशहरुबाट नेपालमा भित्रिने प्रवासीहरुको संख्या वढेको देखाएको छ । ठूलो संख्यामा प्रवासीहरु भारतबाट नेपालमा भित्रिएका छन् । त्यस्तै गरी ठूलो संख्यामा  नेपाली प्रवासीहरु पनि भारतमा भित्रिएका छन् । जे भएता पनि रोजगारको सिलसिलामा भारत र भारतबाहिरका देशहरु जुन तेल उत्पादनमा धनि भै श्रमको माग गरिरहेका छन जस्तो पश्चिम एसियाका देशहरु, पूर्वी एसियाका विकिसत र विकासशील देशहरु र

विकिसत देश युरोपमा वसाइ सर्ने प्रकृया बढी रहेको छ। अष्ट्रेलिया र उत्तर अमेरिकामा परिवार र राष्ट्रको लागि कमाइ गर्ने प्रशस्त स्रोतहरु भएकोले नेपालीहरु उक्त रोजगारमा जानु नेपालको बिषेशता वनेको छ।

नेपालको जनगणनाले अन्तराष्ट्रिय बसाइसराइसँग सम्वन्धित गुणस्तरीय र महत्वपूर्ण तथ्याङ्क र अन्य तथ्याङ्कहरु देखाउने नीति र कार्यक्रमको अभाव छ। वारम्वार जनगणनाको तालिका परिर्वतन गरिएको र आन्तरिक र वाह्य बसाइसराइ दुवैको निम्न क्षमता र वुझाइले अन्तराष्ट्रिय बसाइसराइको महत्व र प्रयोगको सम्बन्धमा राम्रो नीति निर्माण गर्न सकेको छैन् त्यसैले विषेश गरी अन्तराष्ट्रिय वसाईंसराई सम्बन्धी तथ्याङ्क संकलन गर्दा समन्वय सावधानी अपनाउनु पर्ने धेरै आवश्यक भएको छ।

देश र जनतालाई विप्रेषणले महत्वपूर्ण योगदान पुऱ्याउने भएकोले नेपाल सरकारले दुई पक्षीय कुटनैतिक तरिकाले श्रमको महत्व भएका देश सँग नेपाली प्रवासीहरुको उन्नतिको लागि केही कदमहरु चाल्नु पर्दछ। नेपालले मलेसिया कतार दक्षिण कोरियाको लागि श्रम सम्झौतामा हस्ताक्षर गरिसकेको छ। सरकारको तर्फवाट चालिने यस्ता कदमले नेपाली जो विदेशमा रोजगारमा संलग्न छन् तिनीहरुको मनोबल उच्च हुने किसमको अधिकारको स्थापना गर्न सहयोग पुग्दछ।

जे भएता पनि समग्रमा माथि उल्लेखित साहित्यले श्रम वसाइ सराइको क्षेत्रको नयाँ ढाँचाको विश्लेषण निर्माण र विश्लेषण गर्न धेरै उपयोगी हुने पत्ता लागेको छ। वैदेशिक रोजगारको प्रवृत्ति वुझ्नको लागि पूर्व साहित्यको समीक्षा अवश्य पनि उपयोगी हुनेछ।

# अध्याय तीन

# अनुसन्धान विधी

## ३.१ अध्ययन क्षेत्र छनोटको आधार

अहिलेको अध्ययन पर्वत मोदि गाउँपालिका ०५, तत्कालिन बाजुङ्ग गा.वि.स.बाट वैदेशिक रोजगारमा जानेहरुको एक शूक्ष्म तहको विश्लेषण हो । यो अनुसन्धान अध्ययन पर्वत जिल्लाको सदरमुकाम कुश्माबाट ११ कि.मी. उत्तर पूर्व, बाजुङ्ग गा.वि.स.को ५, ६ र ९ मा मात्र सीमावद्ध गरिएको छ । भौगोलिक दृष्टिकोणले यो क्षेत्र उकाली, ओराली भएको क्षेत्र हो ।

अध्ययनको लागि यी वडाहरु छनौट गर्नुको मुख्य कारण भिन्न भिन्न जात-जातिहरु जस्तै व्राम्हण, क्षेत्री, जनजाति (गुरुङ्ग, मगर, राई) र दलित (वि.क., नेपाली, परियार) जातीहरुको वसोवास रहेको छ । यी वडाहरुका ५०% भन्दा वढी घर परिवारका सदस्यहरुमा वैदेशिक रोजगारको अनुभव छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट उक्त ठाउँको सामाजिक, सांस्कृतिक, आर्थिक अवस्था र जीवन शैलीमा दिन प्रतिदिन परिवर्तन देखिएको हुँदा उक्त परिवर्तनको कारक तत्व बैदेशिक रोजगार भएको महसूस भएकोले र उक्त विषयले अनुसन्धान कर्तालाई घच्घच्याई रहेकोले अनुसन्धानको विषय छनौट गर्न सहयोग पुगेको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यो अध्ययनको मुख्य जोड अध्ययन क्षेत्रमा वैदेशिक रोजगारले पारेको सामाजिक, आर्थिक प्रभावको विश्लेषण र अन्वेषण गर्नु हो । यसकारण यो अनुसन्धान ढाँचा वर्णनात्मक र विश्लेषणात्मक किसमको छ । सामान्यतया यस अध्ययनमा परिवारको आम्दानीको स्रोत, विप्रेशणको प्रयोग र प्रवासीका उमेर, लिङ्ग, शिक्षा, जातजातीयता जस्ता विशेषताहरुसँग सम्वन्धित विषय वस्तुको बारेमा वर्णन गरिएको छ । त्यसैले अध्ययनमा प्राथमिक र द्धितीय तथ्याङ्कलाई संख्यात्मक र गुणात्मक ढंगले विश्लेषण गरिएको छ ।

## ३.३ तथ्यात्कहरुको प्रकृति र स्रोत

यो अनुसन्धान पर्वत मोदि गाउँपालिका ०५, तत्कालिन बाजुङ्ग गा.वि.स.को घरधुरी सर्वेक्षणसँग आधारित छ । यो अध्ययनमा प्राथमिक र द्धितीय सूचनालाई समावेश गरिएको छ तर अनुसन्धान कार्यमा प्राथमिक तथ्याङ्क र सूचनालाई मूख्य स्रोतको रुपमा उपयोग गरिएको छ ।

प्राथमिक तथ्याङ्क, तथ्याङ्कको प्रकृति अनुसार परिमाणात्मक र गुणात्मक दुवै छन् । केही द्धितीय तथ्याङ्क र सूचनालाई प्रत्येक आवश्यकिय प्रकाशनबाट छानेर लिईएको छ । यस अध्ययनमा प्राथमिक तथ्याङ्क लिन संरचित र असंरचित प्रश्नावलीहरु समावेश गरी घरधुरी सर्वेक्षणको अन्तरवार्ता अनुसूचीबाट लिइएको छ । द्धितीय तथ्याङ्क राष्ट्रिय योजना आयोग, जिल्ला विकास समिति र अध्ययन क्षेत्रको गा.वि.स.बाट संकलन गरिएको छ । उद्देश्यको नजिक पुग्न र अनुसन्धानको संगठन गर्न केन्द्रिय जनसंख्या विभाग, केन्द्रीय पुस्तकालय त्रि.वि. र पश्चिमाञ्चल पृथ्वीनारायण क्याम्पस, पोखराको सहयोग लिइएको छ ।

## ३.४ नमूना छनौट विधि

यस अध्ययनको विश्लेषणको आधारभूत एकाइ घरधुरी हो । पहिले पर्वत मोदि गाउँपालिका ०५, तत्कालिन बाजुङ्ग गा.वि.स. वडा नं. ५, ६ र ९ को जनगणनाको तथ्याङ्कलाई लिइएको थियो । ति वडाहरुमा जम्मा २६१ घरधुरीहरु छन् । वडा नं. ५ मा ६९, वडा नं ६ मा ११६ र वडा नं. ९ मा ७६ घरधुरी रहेका छन् । तिनीहरुमध्ये १२८ घरधुरी, वडा नं ५ वाट ३७, वडा नं ६ वाट ५० र वडा नं ९ वाट ४१ जना वैदेशिक रोजगारको लागि खाडी राष्ट्रहरु लगायत, मलेशिया, अमेरिका आदि देशहरुमा गएको पाइयो । यस अध्ययनमा १२८ घरधुरीमध्ये अध्ययनको समयमा घर आएका र निजको घर परिवारको मुख्य व्यक्ति जो आर्थिक कारोवार गर्दछन तिनहरु ९० जनासँग उद्देश्यमूलक नमूना छनौट विधि प्रयोग गर्दै तथ्याङ्क संकलन गरियो । उक्त वडाहरु छनौटमा पर्नुको कारणमा विभिन्न जनजातिको बनौट, उद्देश्य, समय र स्रोत साधनको दृष्टिले उपयुक्त ठाउँ हुनु हो । अन्त्यमा अनुसन्धान विधि अनुसार ९० घरधुरीको विभिन्न जात जातीहरुका परिवारलाई नमूनाको रुपमा छनौटको ढाँचा तालिका नं. ३.१ ले देखाउँदछ ।

**तालिका ३.१ : छनौट गरिएका नमूना घरधुरीहरु**

| प्रकार | जात | | | जम्मा |
|---|---|---|---|---|
| | दलित | जनजाति | अन्य | संख्या |
| छनौट गरिएको वडामा घरधुरी | ४० | २० | २०१ | २६१ |
| वैदेशिक रोजगारमा संलग्न घर परिवार | ३० | १३ | ८५ | १२८ |
| नमूना छनौट गरिएको घरधुरी परिवार | १६ | ७ | ६७ | ९० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

## ३.५ तथ्याक्त संकलन विधि

तथ्याङ्क संकलनका प्राथमिक र द्धितीय स्रोतहरुबाट परिमाणात्मक र गुणात्मक तथ्याङ्क संकलन गरिएको छ । विशेष गरी प्राथमिक तथ्याङ्कहरु संकलन गर्न तल देहायका यी प्रविधिलाई प्रयोग गरिएको छ ।

## ३.६ पूर्व परीक्षण

अनुसन्धानका औजार र प्रक्रियालाई धेरै विश्वासनिय र उद्देश्यसँग सम्वन्धित बनाउनु पर्दछ । तिनीहरुलाई नमूना छनौट नगरीएको क्षेत्र जस्तै पर्वत जिल्लाको दुर्लुङ्ग गा.वि.स.मा पूर्व परिक्षण गरिएको थियो. । पूर्व परिक्षण पछि अन्तरवार्ता अनुसूचीलाई आवश्यक परिवर्तन गरी अन्त्यमा अध्ययन क्षेत्रको उत्तरदाता समक्ष लगिएको थियो ।

### ३.६.१ अन्तरवार्ता अनुसूची

नमूना छनौट भएका ९० वटा घर परिवारमा कार्यक्षेत्र सर्वेक्षणको लागि अन्तरवार्तामा २ प्रकारका प्रश्नावली अनुसूचीहरु प्रयोग भएका थिए । पहिलो समूहको प्रश्नावलीमा जनसांख्यीय र जातजातिको सूचना प्राप्त गर्न प्रयोग गरिएको थियो भने दोश्रो समूहको प्रश्नावलीमा बसाइसराइसँग सम्वन्धित सूचनाहरु प्राप्त गर्न प्रयोग गरिएको थियो । लक्षित घर परिवारको उमे, लिङ्ग, पेशा, आय आदिवारे जानकारी लिन, चलहरुको सम्वन्ध बुझ्न, सिद्धान्तको परीक्षण गर्न र सामाजिक समस्या तथा घटनाको अध्ययन गर्न प्रश्नावली अनुसूचीको प्रयोग गरिएको हो । सामान्यतया जो व्यक्ति वैदेशिक रोजगार (खाडी राष्ट्रहरु अन्यबाट) बाट फर्केको छ र तिनीहरुको परिवारको मुख्य व्यक्ति जो आर्थिक कारोवार गर्दछन ति व्यक्तिहरुलाई यो अध्ययनको उत्तरदाता बनाइएको थियो ।

### ३.६.२ समूह छलफल

वैदेशिक रोजगारसँग सम्वन्धित सूचना प्राप्त गर्न तीनवटा समूह छलफल मूख्य जानकार व्यक्तिहरु र महिला सहित वैदेशिक रोजगारमा संलग्न घर परिवार बाहेकका सदस्यहरुसँग गरिएको थियो । छलफलमा पहिलो समूहमा ११ जना, दोश्रो समूहमा १० जना र तेस्रो समूहमा १२ जना सहभागी थिए । उक्त समूह छलफलमा शीर्षक, कारणहरु, वैदेशिक रोजगारसँग सम्वन्धित समस्या, प्रभाव र परिवारको सदस्य घरमा अनुपस्थित रहँदा घर परिवारको कामकाजमा परेको अप्ठ्यारोको बारेमा भएको थियो ।

### ३.६.३ अवलोकन

बैदेशिक रोजगारले पारेको प्रभावको सम्वन्धमा केही गुणात्मक सूचनाहरु सहभागी अवलोकनविना प्राप्त भएका थिए । अवलोकनको विशेष गरी जोड, भौतिक र सांस्कृतिक बातावरणमा प्राकृतिक स्रोतहरुको उपलब्धतासँग सम्वन्धित थियो । विशेष गरी उत्तरदाताको घरको संरचना, वसाईको ढाँचा, सजावट, गहना र अन्य वातावरणकावारेमा घर घरमा भेटघाट गरेर उक्त विषयहरुको वारेमा सहभागी अवलोकन गरिएको थियो । यस अवलोकनले मानिसहरुको क्रियाकलाप र दैनिक जीवनको अवलोकन गर्न सहयोगी भएको थियो ।

### ३.६.४ वैयक्तिक अध्ययन

वैयक्तिक अध्ययनको प्रकृति प्रश्नावली र समूह छलफलबाट प्राप्त सूचनासँग सम्वन्धित थियो । यस अध्ययनमा ४ वटा वैयक्तिक अध्ययन गरिएको छ । सामान्यतया यी वैयक्तिक अध्ययनहरुमा वैदेशिक रोजगारमा जानुका कारणका अनुभवहरु, वैदेशिक रोजगारको सिलसिलामा पाएको दु:ख र शोषणका पीडाका अनुभवहरु समावेश गरिएको छ ।

### ३.६.५ जानकारहरुसँगको अन्तरवार्ता

तथ्याङ्क संकलन गर्नका लागि अन्तरवार्ताले धेरै सहयोग पुऱ्याउँदछ । यस अध्ययनमा संरचित र असंरचित गरी दुई नमूनाका प्रश्नहरु सोधिएका छन् । अन्तरवार्ता लिने क्रममा विभिन्न तहका व्यक्तिहरु जस्तो-धेरै वर्ष वैदेशिक रोजगारको अनुभव भएका व्यक्ति, शिक्षक, राजनैतिक नेता, सामाजिक कार्यकर्ता र विद्यार्थीलाई समावेश गरिएको छ । अन्तरवार्ता लिने समयमा व्यक्तिहरुका धारणा, अनुभव र दृष्टिको विप्रेषण सम्वन्धी धेरै अनुभव, बसाइसराइको कार्यविधि र प्रक्रिया बसाइसराइबाट परिवार र समाजमा परेको प्रभाव जस्ता उनीहरुका अनुभवहरुलाई टिपोट गरिदै गरिएको थियो र उनीहरुको विचारलाई समावेश गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण विधि

कार्यक्षेत्रमा संकलन गरिएका सम्पूर्ण तथ्याङ्कलाई प्रकृति अनुसार परिमाणात्मक र गुणात्मक दुवैमा विश्लेषण गरिएको थियो । साधारण वर्णनात्मक तथ्याङ्कलाई आवश्यक तालिका र चित्र तयार पारी उपयुक्त शीर्षक दिईएको छ । केही वैयक्तिक अध्ययन समावेश गरिएको थियो । जसले शोधपत्र प्रतिवेदनलाई विश्लेषण र छलफल गर्न साहारा मिलेको छ । यस्तै गरी प्रतिवेदनका पक्षमा भएका उपयुक्त उदाहरणलाई मजवुत पार्नको लागि कार्यक्षेत्र भेटघाटमा भेटिएका सुहाउँदा तस्वीरहरु लिई विषयवस्तुलाई स्पष्ट पारिएको छ । धेरै जसो परिमाणात्मक तथ्याङ्क जुन गुणात्मक

छैनन्, तिनीहरुलाई टिपोट गर्दै व्यवस्थित तरिकाले वर्णनात्मक विश्लेषण गरिएको थियो । सूचनाहरुको प्रशोधन कम्प्यूटरको माध्यमबाट गरिएको छ ।

## ३.८ विश्वासनियता र वैधता

यदि अनुसन्धान गर्ने उपकरणमा विश्वसनीयता र वैधता भएमा अनुसन्धान निश्चित र निपूर्ण हुने मानिएको छ । यसकारण अनुसन्धानलाई वैधता बनाउन विषय विशेषज्ञ र सम्वन्धित व्यक्तिहरुसँग छलफल गरिएको थियो । तथ्याङ्कलाई उद्देश्य अनुकूल बनाउनको लागि परीक्षण र पुन परीक्षण, वहुविधिजस्ता धेरै भन्दा धेरै प्रयासहरु भएका छन् । त्यस्तै गरी उत्तरदाताहरुको ठूलो संख्याको नमूनाले विश्वसनीयता वढी सुनिश्चित गर्दछ ।

## ३.९ कार्यक्षेत्रका समस्याहरु

कार्य क्षेत्र अध्ययनको समयमा अनुसन्धान कर्ताले प्रशस्त समस्याहरुको सामना गर्नु पऱ्यो । उत्तरदातालाई समयमै भेट गर्न मलाई साह्रै गाह्रो भएको थियो । कुनै उत्तरदातालाई भेट्न पटक पटक जानु परेको थियो । धेरै जसो उत्तरदाताले मलाई शंका र उपशंकाको दृष्टिकोणबाट हेरेका थिए । उनीहरुले पटक पटक अन्तरवार्ताको कारणको वारेमा शोधेका थिए । सामन्यतया धेरै जसोले उनीहरुको आम्दानी, ऋण, वचत र जीवनशैलीमा आएको परिवर्तन बताउन हिच्किचाएका थिए । उत्तरदाताको नजिक भएका मेरा साथीहरुसँग मैले धेरै सहयोग लिएको थिए । दलित र निरक्षर उत्तरदाताले अन्तरवार्ताकावारेमा शंका गरेका थिए । उनीहरुले बारम्बार शोधेका थिए, के तिमी जिल्ला कार्यालयबाट आएका हौ ? उत्तरदाता जो वैदेशिक रोजगारबाट नराम्रोसँग ठगिएका थिए, उनीहरुले मलाई उक्त खवरलाई सम्वन्धित निकायमा क्षतिपूर्तिको लागि पुऱ्याई दिन अनुरोध गरेका थिए ।

समूह छलफलको लागि सहभागीहरुलाई जम्मा गरी छलफलको व्यवस्थापन गर्न धेरै गाह्रो भएको थियो । तर मुख्य जानकारहरुसँग अन्तरवार्ता लिने क्रममा भने तुलनात्मक रुपमा सजिलो भएको थियो ।

# अध्याय चार

# नमूना घर परिवार र प्रवासीको जनसाङख्यिकिय सामाजिक आर्थिक पृष्ठभूमि

## ४.१ अध्ययन क्षेत्रको परिचय

पर्वत जिल्लका ५५ गा.वि.स.हरु मध्ये रमणिय गा.वि.स.को रुपमा परिचित मोदि गाउँपालिका ०५, तत्कालिन बाजुङ्ग गा.वि.स. पनि एक हो । त्यसैले त त्यसस क्षेत्रमा भन्ने गरिन्छ "देउपुरको जस्तो खेति र पाती वाजुङ्गको जस्तो गांउ, उराठे लाग्दो र्दुलुङ्गको डाडो मोहनी लाग्ने पाङ्ग" । यस गा.वि.स.को नाम वाजुङ्ग कसरी रहयो भन्ने सम्वन्धमा एकिन कुरा केही नभए ता पनि किंवदन्ति अनुसार प्राचिन समयमा यस गा.वि.स.मा वसोवास गर्ने मानिसका जुङ्गा वांघका जस्ता भएकोले त्यहां वसोवास गर्ने मानिसलाई वाघजुङ्गे वाघजुङ्गे भन्दा भन्दै वाजुङ्ग रहन गएको भन्ने किंवदन्ति पाइन्छ । धेरै समय अगाडी देखि क्याङ्ग, खुइजरी, लेस्पार, हलहले र दुर्लुङको आर्थिक केन्द्रको रुपमा स्थापित यो गा.वि.स. ग्रामिण कृषि सडक निर्माण भए पश्चात पुनः आर्थिक केन्द्रको रुपमा स्थापित हुने प्रचुर सम्भावना छ ।

### भौतिक अवस्थिती

पर्वत जिल्लाको सदरमुकाम कुस्म वजारवाट ११ कि.मी. उत्तर पूर्वमा अवस्थित समुन्द्र सतहवाट ८४० देखि २१०० मी उचाइमा रहेको पर्वत मोदि गाउँपालिका ०५, तत्कालिन बाजुङ्ग गा.वि.स. ५५७.०८ हे. क्षेत्रफलमा फैलिएको छ । यो गा.वि.स. २८°१५'३५"-२८°१७'३४"उत्तरी अक्षांश र ८३°४१'३९"-८३°४४' २०" पूर्वी देशान्तर सम्म फैलिएको छ । २०६४ सालमा प्रक्षेपण गरिए अनुसार यस गा.वि.स.को जनसंख्या ६५९८ रहेको छ । कुल भू भाग मध्ये ७०१ हे. जमिन कृषि कार्यको लागि प्रयोग गरिएको छ । यस गा.वि.स.को करिव ९० प्रतिशत भू भाग भिरालो परेको र १० प्रतिशत भूभाग समतल छ । यस गा.वि.स.को सिमाना पूर्वमा तिलहार, चित्रे पश्चिमामा क्याङ्ग, हलहले दुर्लुङ उत्तरमा क्याङ्ग, देउराली र दक्षिणमा दुर्लुङ, तिलहार गा.वि.स.हरु पर्दछन् । यस गा.वि.स.को वडा नं ३ मा निजी स्तरवाट १२०० कि.वा. क्षमताको हाइड्रो पावर कम्पनि र छिमेकी गा.वि.स. देउपुरमा विधुत प्राधिकरण द्वारा स्थापित १४.६ मे.वा.को मोदिखोला जलविधुत आयोजना संचालित छ । यस गा.वि.स.का अधिकांस परिवार गुजारा कृषि प्रणालीमा आधारित छन् । यस गा.वि.स.मा संचार सुविधाको पहूच राम्रो छ । जसमा नेपाल टेलिकमका

सि.डि.एम.ए. र जि.एस.एम. प्रविधिका मोवायल सेवा संचालन भएकोले अधिंकांसका हातमा मोवाइल तथा घरमा सि.फोन छन् । हाल यस गा.वि.स.मा नेपाल टेलिकमको मोवाइलको वि.टि एस. स्थापना गर्ने कार्यक्रम रहेको छ ।

## ४.२ जनसाङख्यिकीय संरचना

जनसाङख्यिकीय एउटा विज्ञान हो जसले मानवीय जनसंख्याको अध्ययन गर्दछ । यसले जनसंख्याको आकार, वनावट, वितरण र जनसंख्या परिवर्तन सम्वन्धी गणितीय तथ्याङकिय रुपमा अध्ययन गर्दछ । यसकारण यो अध्ययनका नमूना छनौट गरिएका जनसाङख्यिक वनावटको वर्णन तल गरिएको छ ।

### ४.२.१ परिवारको आकार, उमेर र लिङ्ग बनावट

वैदेशिक रोजगारमा संलग्न उत्तरदाताको परिवारको आकार निम्नतम ३ देखि उच्चतम ८ र औसत प्रति परिवार सदस्य संख्या ५.५ रहेको छ । परिवारको यस्तो आकारले परिवारको आय स्रोतले मात्र धान्न नसक्ने हुँदा यस्तो अवस्थामा वैदेशिक रोजगारको गतिशीलताले उपयुक्त भूमिका खेल्न सक्ने देखाउँदछ । परिवारको आकार वढ्नाले परिवारका सदस्यहरुमा उपभोग र मागको चाप उच्च ढंगवाट वढ्दछ ।

**तालिका ४.१ : उमेर र लिंग अनुसारको जनसंख्याको वनावट**

| उमेर समूह | पुरुष % | महिला % | जम्मा |
|---|---|---|---|
| ०-१४ | ७९ (१९.८%) | ६६ (१६.५%) | १४५ (३६.३%) |
| १५-५९ | ११९ (२९.८%) | ११३ (२८.३%) | २३२ (५८.२%) |
| ६० वर्ष र माथि | ११ (२.८%) | ११ (२.८%) | २२ (५.६%) |
| जम्मा | २०९ (५२.४%) | १९० (४७.६%) | ३९९ (१००%) |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

नोट : तालिकामा प्रतिशतलाई कोष्टमा राखिएको छ ।

औसत परिवारको आकार = ३९९÷९० = ४.४३

तालिका ४.१ ले नमूना घर परिवारका वाल वयस्क र वृद्ध जनसंख्याको उमेर र लिङ्गको स्थिति देखाइएको छ । उल्लेखित तालिका अनुसार ०-१४ वर्ष उमेर समूहको जनसंख्या जम्मा जनसंख्याको १९.८ प्रतिशत पुरुष, १६.५ प्रतिशत महिला रहेको छ । त्यस्तै गरी १५-५९ वर्ष

सम्मको जनसंख्या जम्मा जनसंख्याको २९.८ प्रतिशत पुरुष २८.३ प्रतिशत महिला र ६० वर्ष माथिको जनसंख्या जम्मा जनसंख्याको २.८ प्रतिशत पुरुष र महिला वरावर रहेको छ।

**उत्तरदाताको उमेर र लिङ्ग अनुसारको बनावट**

नमूना घर परिवारका ९० बैदेशिक रोजगारहरु मध्ये महिला २ जना रहेका छन्। उमेरको हिसावले तिनीहरु सवै सक्रिय जनसंख्या १६-५५ वर्ष उमेर समूहका पर्दछन्।


**तालिका ४.२ : उत्तरदाताको उमेर र लिङ्ग अनुसारको बनावट**

| उमेर समूह | पुरुष % | महिला % | जम्मा |
|---|---|---|---|
| १५-२५ | २५ (२७.८%) | – | २५ (२७.८%) |
| २५-३५ | ३६ (४०%) | २ (२.२२%) | ३८ (४२.२२%) |
| ३५-४५ | १७ (१८.८८%) | – | १७ (१८.८%) |
| ४५-५५ | १० (११.११%) | – | १० (११.११%) |
| जम्मा | ८८ (९७.७९%) | २ (२.२२%) | ९० (१००%) |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

**चित्र नं. ४.१ उत्तरदाताको उमेरको प्रतिशत विवरण**

<ins>उमेर अनुसार जनसंख्या प्रतिशतमा</ins>




माथिको चित्र अनुसार २५-३५ वर्ष उमेर समूहमा सवभन्दा बढी ४२.२२% उत्तरदाता छन् भने सवभन्दा कम ४५-५५ वर्ष उमेर समूहमा ११.११ प्रतिशत रहेका छन्। त्यस्तै गरी १५-२५ वर्ष उमेर समूहमा २७.८ प्रतिशत छन् भने ३५-४५ वर्ष उमेर समूहमा १८.८८ प्रतिशत रहेका छन्। माथिको तथ्याङ्कको आधारमा हामी कुन निष्कर्षमा पुग्दछौं भने अधिकांश मानिसहरुले

आर्थिक अवसरको खोजीको लागि वैदेशिक रोजगारको छनौट विषेश गरी उत्पादनमूलक उमेरमा गर्दछन् । निर्धारित उमेर र लिङ्ग अनुसारको व्यक्तिलाई वैदेशिक रोजगार कम्पनीले छनौट गर्ने घटनाले पनि माथिको तथ्यलाई प्रभाव पार्दछ ।

### ४.२.२ लिङ्ग अनुसार वैवाहिक स्थिति

विवाह एक महत्वपूर्ण सांस्कृतिक परम्परा हो । विवाहले जनसंख्या परिवर्तन गराउनुको साथै दायित्व र जिम्मेवारीहरु थप गराउँदछ । वयस्क भैसकेको व्यक्तिलाई वैवाहिक स्थितिसँग तुलना गर्ने गरिन्छ । तालिका ४.३ ले नमूना जनसंख्याको वैवाहिक स्थिति देखाएको छ । नमूना छनौटमा परेका जम्मा जनसंख्यामा ४३.१ प्रतिशत अविवाहित र ५६.९ प्रतिशत मानिसहरु विवाहित छन् । यसमा ३७.४ प्रतिशत महिला र ४८.३ प्रतिशत पुरुष अविवाहित छन् भने अरु वाँकि सवै विवाहित छन् ।

**तालिका ४.३ : नमूना जनसंख्याको वैवाहिक स्थिति**

| वैवाहिक स्थिति | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| विवाहित | ११९ | ६२.६ | १०८ | ५१.७ | २२७ | ५६.९ |
| अविवाहित | ७१ | ३७.४ | १०१ | ४८.३ | १७२ | ४३.१ |
| जम्मा | १९० | १०० | २०९ | १०० | ३९९ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

नमूना जनसंख्याको लिङ्ग अनुपात राष्ट्रिय लिङ्ग अनुपात सँग मिल्दोजुल्दो देखिएन । अध्ययन क्षेत्रमा पुरुष ५२.४ प्रतिशत र महिला ४७.६ प्रतिशत रहेका छन् भने राष्ट्रिय अनुपातमा पुरुष ४९.९६ प्रतिशत र महिला  ५०.०४ प्रतिशत रहेका छन् ।

### प्रवासीहरुको वैवाहिक स्थिति

यस अध्ययनमा संलग्न प्रवासीहरु दुवै विवाहित र अविवाहित पाइएका थिए । तालिका ४.४ ले ९० प्रवासीहरु मध्ये ८७ प्रवासीहरु विवाहित, ३ प्रवासीहरु  अविवाहित थिए । यस्तै गरी २ महिला प्रवासीहरु एउटा विवाहित थिईन भने अर्को अविवाहित थिईन् ।

**तालिका ४.४ लिङ्ग अनुसार उत्तरदाताको वैवाहिक स्थिति**

| वैवाहिक स्थिति | उत्तरदाताको वैवाहिक स्थिती | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | पुरुष | महिला | | |
| विवाहित | ८६ | १ | ८७ | ९६.६७ |
| अविवाहित | २ | १ | ३ | ३.३३ |
| जम्मा | ८८ | २ | ९० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

तालिका ४.४ अनुसार विवाहित प्रवासीहरुको दर वढी देखिया । विवाह पछि व्यक्तिमा सामाजिक आर्थिक दायित्व थपिने भएकोले विवाह पछि वैदेशिक रोजगारमा जाने दर वढी देखिया । तर वर्तमान अवस्थामा विवाह पूर्व नै वैदेशिक रोजगारमा जाने प्रवृति केही हदसम्म वढ्दै गएको छ ।

### ४.२.३ गन्तव्य स्थान

बैदेशिक रोजगारको लागि व्यक्तिहरुले विभिन्न देशहरुमा फरक फरक समय विताएका छन् । तालिका ४.५ ले वैदेशिक रोजगारको लागि गन्तव्य देशको प्रवाह देखाएको छ । तालिका अनुसार सवभन्दा वढी वैदेशिक रोजगारमा जाने देश कतार (३३.३३%) त्यस पछि साउदी अरव (२६.६६%) रहेको छ । त्यस्तै गरी तेस्रो श्रेणीमा दुवई (२४.४४%) पर्न आउँदछ । त्यस्तै गरी मलेशिया (१३.३३%) र अमेरिका (२.२३ %) समेतमा वैदेशिक रोजगारमा गएको तालिका ४.५ ले देखाउँदछ ।

**तालिका ४.५ : गन्तव्य स्थानमा प्रवासीको प्रतिशत विवरण**

| देश | प्रवासीको संख्या | प्रतिशत |
|---|---|---|
| कतार | ३० | ३३.३३ |
| साउदी अरव | २४ | २६.६६ |
| दुवई | २२ | २४.४४ |
| मलेशिया | १२ | १३.३३ |
| अमेरिका | २ | २.२२ |
| जम्मा | ९० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६


तालिका ४.५ अनुसार वहुसंख्यक उत्तरदाताले कतार र साउदी अरव देशलाई छ्यानेका छन् । यसो हुनमा ती मुलुकमा कामदारको उच्च मात्रा र जानेको सहजका कारणहरु रहेको पाइन्छ ।

### ४.२.४ विदेशमा विताएको अवधि

बैदेशिक रोजगारीमा रहने अवधि, कामको प्रकृतिद्धारा र उक्त कामवाट आउने तलवले सधैं सधैं प्रभाव पार्दछ । अधिकांश उत्तरदाताले के वताएका छन् भने काम र तलवको साथसाथै अन्य सुविधाहरु तुलनात्मक रुपमा राम्रा छन् भने उक्त ठाउँमा कामदारले आफ्नो कामलाई लामो समयसम्म निरन्तरता दिन्छन् । चित्र ४.६ वैदेशिक रोजगारमा विदेशमा रहँदाको अवधि देखाईएको छ ।

**चित्र नं. ४.२ विदेशमा बिताएको अवधि**

प्रवासीहरुको संख्या (प्रतिशतमा)




वैदेशिक रोजगारमा २ देखि ८ वर्ष र ८ वर्ष माथि सम्म रहेको पाइन्छ । ४ वर्ष विदेशमा विताउने उत्तरदाताहरु ४०% रहेका छन् । त्यस्तै गरी २ वर्ष विताउने ३० प्रतिशत, ६ वर्ष विताउने १६ प्रतिशत, ८ वर्ष विताउने २.६६ प्रतिशत र ८ वर्ष भन्दा वढी विदेशमा विताउनेको प्रतिशत १०.६६ देखिएको छ । अध्ययन क्षेत्रमा उत्तरदाताले भनेका थिए लामो समयसम्म वैदेशिक रोजगारमा बस्नु, आफ्नो रहर नभएर वाध्यता हो किन कि कार्यप्रति असन्तुष्टी हुँदाहुँदै पनि लगानी उठाउन ऋण तिर्नको लागि वस्नु परेको छ । ९०जना वैदेशिक रोजगारमा गाउँका व्यक्तिहरुमध्ये ३० जना १ पटक भन्दा वढी पटक गएका छन् ।


## ४.३ सामाजिक संरचना

सामाजिक संरचनाले समाजका तत्वहरु बीचको क्रमिक ढाँचा र सम्बन्ध जनाउँदछ । सामाजिक संरचनामा समाजको नियमित मूल्य र मान्यता समावेश भएको हुन्छ । सांस्कृतिक पक्ष र सामाजिक उप समूहसँग उनीहरुको अन्तरक्रियात्मक व्यवहार हुन्छ । यस कारण यस तथ्यको आधारमा केही आधारभूत सामाजिक संरचना तल उल्लेख गरिएको छ ।

### ४.३.१ जात र जातियता

जात जातीयता नेपाली समाजको विषेश खालको विषेशता हो । अध्ययन क्षेत्रको नमूना घर परिवारका प्रवासी/उत्तरदाता विभिन्न जात जातिय समूह छन् । चित्र ४.३ ले सवभन्दा वढी व्राम्हण ४४ जना (४८.८९%) दोस्रो क्षेत्रीको २३ जना (२५.५६% रहेको छ । त्यस्तै गरी, दलित (परियार, वि.क., नेपाली) को १६ जना (१७.७८%), गुरुङ्ग जातीको ४ जना (४.४४%) मगरको ३ जना (३.३३%) देखाएको छ । वैदेशिक रोजगारमा जाने व्राम्हणको संख्या वढी देखिएको छ । किन भने उनीहरु जातीय हिसावले पनि वढि पर्दछन् । उनीहरुले वैदेशिक रोजगारलाई नयाँ आर्थिक सन्दर्भको सन्दर्भको रुपमा लिएका छन् ।

**चित्र ४.३ उत्तरदाताको जातजातीयता अनुसारको संख्या विवरण**




परम्परागत रुपमा दलितलाई अछूत जस्तो अमानवीय व्यवहार गरिदै आएकोमा यस्तो वर्गीकरणलाई वि.सं २०२० को मुलुकी ऐनले रद्ध गरेको छ । तै पनि अध्ययन क्षेत्रमा यो प्रचलन अझै केही मात्रमा कायम छ । दलितहरु पहिल्यैदेखिवाट निरक्षर रहँदै आएका त्यसको साथै जातीय

भेदभावजस्ता कारण अरु जाति भन्दा गरीवी अवस्थामा छन् । पहिले पहिले जव दलित सार्वजनिक धारामा गएर पानी ल्याउँदछन् तव उनीहरुले माथिल्लो जातवाट शारीरिक, मानिसक रुपमा प्रचण्ड वेदना र आक्रमणको जोखिम वेहोर्नु पर्दथ्यो । बर्तमान अवस्थामा भने दलितहरुप्रति गरिने अमानवीय व्यवहार क्रमश घट्दै गईरहेको छ । दलितमा रहेको गरीवि हटाउन वैदेशिक रोजगार नै आर्थिक संकटवाट मुक्त हुने अवसरको रुपमा देखिन्छ ।

### ४.३.२ शिक्षाको अवस्था

शिक्षालाई मानिसको आधारभूत आवश्यकताको रुपमा लिईएको छ । यसले मानिसलाई वुद्धिमान विवेकि वनाई ज्ञानको क्षेत्रलाई फराकिलो वनाउने भएकोले विकासको सम्पूर्ण ढोकाहरु खोल्न सहयोग पुग्दछ । वाकसमा अध्ययन क्षेत्रको शैक्षिक स्थिति र राष्ट्रिय तहको शैक्षिक स्थितिको तुलनात्मक तत्वहरु देखाइएको छ ।

| नेपालको वर्तमान साक्षरता स्थिति | नमूनाघर परिवारको वर्तमान शैक्षिक स्थिति |
|---|---|
| लेखपढ दुवै गर्ने ५३.७ प्रतिशत | लेखपढ दुवै गर्ने ७१.६ प्रतिशत |
| पढ्न मात्र सक्ने ५.९ प्रतिशत | पढ्ने मात्र ५.९ प्रतिशत |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग स्रोत : स्थलगत सर्वेक्षण २०६६

तुलनात्मक रुपमा अध्ययन क्षेत्रको शैक्षिक स्थिति राष्ट्रिय शैक्षिक स्थिति भन्दा वढी छ । अध्ययन क्षेत्रका आधारभूत शैक्षिक संस्थाहरु, सवैलाई साक्षर वनाउने कार्यक्रम, सवैको लागि शिक्षा भन्ने राष्ट्रिय कार्यक्रम र अध्ययन क्षेत्रको गा.वि.स. राजमार्गले छोएको तथा उक्त गा.वि.स.मा नै १०+२ कक्षा संचालन भएको साथै त्यहाँवाट उच्च शिक्षा लिने ठाउँहरु कुस्मा, तिलाहार र पोखरा पायक पर्ने भएकोले शैक्षिक, स्थिति उच्च भएको देखिएको छ । जम्मा जनसंख्यामा ३०.९ प्रतिशत साक्षर छन् भने २१.३ प्रतिशतले माध्यामिक र उच्च माध्यामिक तह हासील गरेका छन् । त्यस्तै गरी प्राथमिक तहका विद्यार्थीको भाग १८.९ प्रतिशत रहेको छ । त्यस्तै गरी प्रमाण पत्र तह र स्नातक तह हासील गर्ने क्रमस: ४ प्रतिशत र २.४ प्रतिशत रहेको छ । जम्मा जनसंख्याको १९.४ प्रतिशत मानिसहरु लेखपढ गर्न नजान्ने निरक्षर छन् ।

### प्रवासीको शैक्षिक स्थिति

वैदेशिक रोजगारमा संलग्न प्रवासीको सन्दर्भमा तिनीहरु विभिन्न शैक्षिक स्थिति भएको पाईएको छ । तालिका ४.५ ले जम्मा ९० जना प्रवासीहरु मध्ये १४.४४ प्रतिशत साक्षर र २३.३३ प्रतिशतले नि.मा.वि. स्तर उत्तीर्ण गरेका छन् । त्यस्तै गरी एस.एल.सी उत्तीर्ण गर्ने १७.७८

प्रतिशत, प्रमाणपत्र तह उत्तीर्ण ४१.११ प्रतिशत र स्नातक वा सो भन्दा माथि उत्तीर्ण गर्ने उत्तरदाताहरु ३.३३ प्रतिशत पाइयो । यो तथ्याङ्कले स्पष्ट रुपमा के देखाउँदछ भने उद्गम स्थलमा शैक्षिक स्थिति कमजोरका कारण रोजगारी नपाएर युवाहरु वैदेशिक रोजगारमा धकेलिएका छन् । एक जना स्नातक उत्तीर्ण गर्ने प्रवासीले भनेका थिए स्वदेशमा काम पाउन नसकेर विदेशमा जानु परेको हो । उनले के तर्क पनि दिएका छन् भने सरकारले सैद्धान्तकि शिक्षाको सट्टा व्यवहारिक र व्यवसायिक शिक्षामा प्रमुख प्राथमिकता दिनु पर्दछ । जसले व्यक्तिहरु आफ्नो व्यवसाय गरी आत्मनिर्भर वन्न सक्दछन् ।

**तालिका ४.६ : जात/जातियता अनुसार उत्तरदाताको शैक्षिक स्थिति**

| शैक्षिक स्तर | दलित | | गैर दलित | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| साक्षर | ६ | ३७.५ | ७ | ९.४६ | १३ | १४.४४ |
| नि.मा.वि.स्तर | ४ | २५ | १७ | २२.९७ | २१ | २३.३३ |
| एस.एल.सी. | ४ | २५ | १२ | १६.२२ | १६ | १७.७८ |
| प्रमाणपत्र तह | २ | १२.५ | ३५ | ४७.३० | ३७ | ४१.११ |
| स्नातक र सो भन्दा माथि | ० | | ३ | ४.०५ | ३ | ३.३३ |
| जम्मा | १६ | १०० | ७४ | १००.०० | ९० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

नोट : तालिकामा प्रतिशतलाई कोष्टमा देखाइएको छ ।

माथिको तालिका ४.६ ले तुलनात्मक रुपमा दलित उत्तरदाताको कम पहूँच देखाउँछ किनभने ३७.५ प्रतिशत साक्षर मात्र छन् भने प्रमाण पत्र तह उत्तीर्ण गर्ने जम्मा १२.५ प्रतिशत मात्र छन् । सामान्यतय दलितहरुको शिक्षामा कम पहूँच र अन्य योग्यताको अभावको कारण वैदेशिक रोजगारमा जान विवस भएका छन् ।

### ४.३.३ भाषा र धर्म

नेपालमा थरीथरीका धर्म भएता पनि त्यहाँ हिन्दू र बौद्ध गरी प्रमुख २ वटा धर्म छन् । तिनीहरुमध्ये ८०.६२ प्रतिशत मानिसहरु हिन्दु धर्म मान्ने छन् भन् १०.७४ प्रतिशत मानिसहरु वौद्ध धर्म मान्दछन् । अध्ययनको क्षेत्रको नमूना घरपरिवारमा पनि हिन्दू र वौद्ध दुवै धर्म मान्ने मानिसहरु पाइयो । तै पनि ती सवैले नेपाली भाषा वोल्दछन् ।

### ४.३.४ सामाजिक तह

कार्यक्षेत्र अध्ययनको समयमा अध्ययन क्षेत्रमा भएका धेरै वर्गहरुमध्ये दुई वर्ग या त विषेश अधिकार भएका या त विषेश अधिकार नभएका पाइयो । विषेश अधिकार भएका गाउँका समूह त्यस्ता रहेछन् जसको सामाजिक आर्थिक सम्वन्ध राम्रो भएको पाईयो । सामान्यतया तिनीहरु उच्च जातका व्राहमण र क्षेत्रीहरु थिए । अधिकारविहीन समूहमा निम्न जातका मानिसहरु जस्तो वि.क. परियार र नेपाली (दलित) पर्दछन् । नमूना घरपरिवारमा भएको तहलाई हिन्दू संस्कृति र वर्णाश्रमले प्रभाव पारेको छ ।

**तालिका ४.७ : नमूना घर परिवारमा सामाजिक तह**

| सामाजिक तह | जात/जातीयता | समुदायमा भूमिका |
|---|---|---|
| विषेश अधिकार | गैह दलितहरु (व्राम्हण, क्षेत्री,मगर ,गुरुङ्ग) | निर्णयकारी |
| अधिकार विहीन | दलितहरु (वि.क.,परियार,नेपाली) | अवलम्वनकारी |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

अध्ययनको क्षेत्रको महत्वपूर्ण विषेशता संरक्षण दिने र संरक्षण लिने व्यवस्था छ । व्राम्हण क्षेत्रीले संरक्षण दिने भूमिका निर्वाहा गर्दछन् भने दलितले संरक्षण लिने भूमिका रहेको छ । दलितले हाल पनि परम्परागत पेशागत कामहरु गर्दछन् । खाद्यन्नको अभाव भएको अवस्थामा दलितहरुले पछि फिर्ता गर्ने गरी ऋण र खाद्यान्न लिन्छन् । यसले गर्दा व्राम्हण क्षेत्रीहरु सधैं उच्च तहमा रहन्छन् भने दलितहरु सधैं निम्न तहमा रहन्छन् । यस्तो संरक्षण लिने दिने व्यवस्था एक प्रकारको शोषणको रुप पनि हो । जव दलितहरुले आवश्यक परेको वेलामा संरक्षकवाट ऋण लिन्छन् तव उनीहरुले फिर्ता गर्ने समयमा दलितवाट चर्को व्याज असुल्दछन् ।

## ४.४ आर्थिक संरचना

समाजको आर्थिक अवस्थाले उक्त ठाउँको सामाजिक सास्कृतिक ढाँचालाई धेरै प्रभाव पार्दछ । सामन्यतया पेशागत सम्पत्ति, आम्दानी र पूँजीको प्रयोग आर्थिक संरचनासँग सहभागी हुन्छ । यस कारण वैदेशिक रोजगार साच्चै नै आम जनताको आर्थिक अवस्थामा गतिशीलता ल्याउने माध्यम वनेको छ ।

### ४.४.१ नमूना घरपरिवारको पेशागत स्थिति

अध्ययनको सिलशिलामा अधिकांस उत्तरदाताले वताएका थिए नमूना घर परिवारका प्रमुख व्यक्तिको मुख्य पेशा कृषि (५७%) हो । त्यसपछि व्यापारमा १०.३ प्रतिशत, ज्यालमजदुरीमा १३.३ प्रतिशत, कर्मचारी तथा शिक्षकमा ८ प्रतिशत र ११.४ प्रतिशतले अन्य व्यवसाय गर्दछन् । तालिका ४.८ ले नमूना सर्वेक्षणका घर परिवारको जम्मा जनसंख्यामा वहुसंख्यक मानिसहरुको पेशा विद्यार्थी (३६.०९) भएको देखाउँदछ । यस्तै गरी कृषि पेशामा २८.०७ प्रतिशत, व्यापारमा ३.०१ प्रतिशत, वैदेशिक रोजगारमा २२.३१ प्रतिशत, कर्मचारी तथा शिक्षकमा ३.०१ प्रतिशत र ज्याला मजदुरीमा ७.५२ प्रतिशत भएको तालिकाले देखाउँदछ ।

**तालिका ४.८ : नमूनाघर परिवारका सदस्यहरुको वर्तमान पेशागत संरचना**

| क्षेत्र | मानिसको संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ११२ | २८.०७ |
| व्यापार | १२ | ३.०१ |
| वेदेशीक रोजगार | ८९ | २२.३१ |
| विद्यार्थी | १४४ | ३६.०९ |
| कर्मचारी तथा शिक्षक | १२ | ३.०१ |
| ज्याला मजदूरी | ३० | ७.५२ |
| जम्मा | ३९९ | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

तालिका नं ४.८ वाट हामी के निष्कर्षमा पुग्न सक्दछौं भने कृषिमा प्रयाप्त र उत्पादन मूलक जमिन नभएकोले नमूना छनौटका घरपरिवारका जनसंख्याले कृषिलाई घृणा गरेकोले यो पेशा नराम्रोसँग थला परेको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा जाने वर्तमान प्रवृति वढ्दै गइरहेको छ ।

### वैदेशिक रोजगारमा जानु अगाडि पेशाको स्थिति

कार्यक्षेत्र अध्ययनको समयमा प्रवासी वैदेशिक रोजगारमा जानु अगाडि विभिन्न क्षेत्रको पेशामा संलग्न भएका थिए । तालिका ४.९ ले वैदेशिक रोजगारमा जानुभन्दा अगाडिको पेशाको स्थिति देखाएको छ ।

**तालिका ४.९ : वैदेशिक रोजगारमा जानु अगाडि उत्तरदाताको कामको प्रकृति**

| क्षेत्र | कामको प्रकृति | | | | | |
|---|---|---|---|---|---|---|
| | स्थायी | | अस्थायी/ऋतु अनुसार | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कृषि | | | ४३ | ४७.७८ | ४३ | ४७.७८ |
| व्यापार | | | ८ | ८.८९ | ८ | ८.८९ |
| विद्यार्थी | | | २५ | २७.७८ | २५ | २७.७८ |
| कर्मचारी | ३ | ३.३३ | ६ | ६.६७ | ९ | १०.०० |
| अन्य | | | ५ | ५.५६ | ५ | ५.५६ |
| जम्मा | ३ | ३.३३ | ८७ | ९६.६७ | ९० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

(तालिकामा प्रतिशतलाई कोष्ठमा राखिएको छ )

तालिका ४.९ वाट वैदेशिक रोजगारमा जानु अगाडि ४७.७८ प्रतिशत उत्तरदाताहरु कृषिमा संलग्न भएको पाइयो त्यस्तै गरी व्यापारमा ८.८९ प्रतिशत, विद्यार्थीमा २७.७८ प्रतिशत, कर्मचारी स्थायी अस्थायी गरी १० प्रतिशत र अन्यमा ५.५६ प्रतिशत प्रवासीहरु संलग्न थिए । माथि उल्लेखित कर्मचारीहरुमध्ये ३ (३.३३%) जना सरकारी स्थायी दरवन्दीमा काम गर्ने कर्मचारी थिए । ती स्थायी कर्मचारीहरुमा नेपाल प्रहरी र नेपाली सेनावाट कम तलव र देशमा विद्रोह चल्न सक्ने अवस्था देखी राजीनामा दिई गएका थिए । त्यस्तै गरी अन्य उत्तरदाताहरु कृषि तथा अन्य कार्य वाह्रै मास नपाईने, आंशिक वेरोजगार र देशमा सुरक्षा नभएको कारण वैदेशिक रोजगारमा गएको वताउँदछन् ।

### ४.४.२ नमूना घर परिवारमा जमिनको वितरण

नेपालका ग्रामीण क्षेत्रका मानिसहरुका लागि जमिन नै प्रमुख सम्पत्ति हो । बाजुङ्ग गा.वि.स.मा जनसंख्या र जग्गाको अनुपात ५.१ छ । अर्थात ५ व्यक्तिको लागि १ हेकटर जमिन पर्न आउँदछ तर अध्ययनको लागि छनौट गरिएको नमूना घरपरिवारमा जनसंख्या र जग्गाको अनुपातप्रति परिवार ६.९३ रोपनी (०.३४ हेक्टर) र प्रति व्यक्ति १.६ रोपनी (०.०८ हेक्टर) परेको पाइयो ।

**तालिका ४.१० : नमूना घरपरिवारको जातजाति अनुसारको भू-संपत्तिको ढाचा विवरण**

| जमिनको आकार रोपनीमा | जात/जातीयता | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्राम्हण | | क्षेत्री | | जनजाति | | दलित | | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| जग्गाबिहीन | १ | २.२७ | ० | ० | १ | १४.२९ | ३ | १८.७५ | ५ | ५.५६ |
| ०-५ | ५ | ११.३६ | ४ | १७.३९ | १ | १४.२९ | ८ | ५० | १८ | २०.०० |
| ५-१० | १२ | २७.२७ | ७ | ३०.४३ | २ | २८.५७ | ३ | १८.७५ | २४ | २६.६७ |
| १०-१५ | १५ | ३४.०९ | ८ | ३४.७८ | २ | २८.५७ | २ | १२.५ | २७ | ३०.०० |
| १५ र माथि | ११ | २५.०० | ४ | १७.३९ | १ | १४.२९ | ० | ० | १६ | १७.७८ |
| जम्मा | ४४ | १०० | २३ | १०० | ७ | १०० | १६ | १०० | ९० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६

नोट : तालिकामा जातजातिको प्रतिशत कोष्टमा दिईएको छ ।

तालिका ४.१० ले के देखाउँदछ भने अध्ययन क्षेत्रका घर परिवारमा वरावर जमिनको वितरण भएको पाईदैन । व्राम्हण र क्षेत्रीलाई सौभाग्यशाली जाति मानीन्छ । किन कि यिनीहरुको कव्जामा धेरै रोपनी जग्गा जमिन (हेर्नुहोस तालिका) छ । यद्यपि नमूना छनौट गरिएको घर परिवारको मानिस र जग्गाको अनुपात ६.९३ रोपनी प्रति परिवार रहेको छ । ५.५६ प्रतिशत घर परिवार जग्गा विहीन अवस्थामा छन् भने २० प्रतिशत घर परिवारको ५ रोपनीभन्दा कम जग्गा छ । त्यस्तै गरी २६.६७ प्रतिशत घरपरिवारको ५ देखि १० रोपनी, ३० प्रतिशत घर परिवारको १० देखि १५ रोपनी जग्गा छ र १७.७८ प्रतिशत घरपरिवारको १५ रोपनी भन्दा वढी जग्गा भएको पाईयो ।

माथिको तालिकाले के स्पष्ट पारेको छ भने अधिकांश परिवारसँग खेतीपाती लगाउने प्रयाप्त जमिन छैन । यसमा पनि दलितहरुको अवस्था दयनीय देखिन्छ । १८.७५ प्रतिशत दलित घरपरिवारको जग्गा जमिन नै छैन । ५० प्रतिशत दलित घर परिवारको ५ रोपनीभन्दा कम जमिन छ । अधिकांस दलित उत्तरदाताले वताएका छन् दलितहरुले व्राम्हण क्षेत्रीहरुको जमिन सम्झौता अनुसार प्रयोग गरी श्रमको प्रयोग वाध्यतावस भएको छ ।

### ४.४.३ नमूना घर परिवारमा खाद्यन्न प्रर्याप्तताको अवस्था

सामान्यतया नमूना घरपरिवारमा खाद्यन्न उत्पादनको अवस्थालाई ३ वर्गमा विभाजन गरिएको छ। जुन घर परिवारमा आफ्नै प्रशस्त उत्पादन नभै वर्षै भरी अन्यत्रवाट खोजी गर्नु पर्दछ त्यस्तो परिवारलाई खाद्यान्नको 'अभाव परिवार' भनिन्छ। जुन परिवारमा आफ्नै खाद्यन्नको प्रर्याप्त उत्पादन छ त्यस्तो  परिवारलाई खाद्यन्न 'प्रर्याप्त परिवार' भनिन्छ र आवश्यकताभन्दा वढी खाद्यन्न भएको परिवारलाई 'आवश्यकता भन्दा वढी भएको परिवार ' भनिन्छ।

**तालिका ४.११ नमूना घर परिवारको जात जातीयता अनुसारको खाद्यन्नको प्रयाप्तताको अवस्था**

| प्रकार | जाती/जातियता | | | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्राम्हण | | क्षेत्री | | दलित | | जनजाति | | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| खाद्यन्नको अभाव | १२ | १३.३३ | १३ | १४.४४ | १३ | १४.४४ | ५ | ६ | ४३ | ४७.७८ |
| खाद्यन्न प्रर्याप्त | २८ | ३१.११ | ८ | ८.८९ | ३ | ३.३३ | २ | २ | ४१ | ४५.५६ |
| आवश्यकता भन्दा वढी | ४ | ४.४४ | २ | २.२२ | | ०.०० | | ० | ६ | ६.६७ |
| **जम्मा** | ४४ | ४८.८९ | २३ | २५.५६ | १६ | १७.७८ | ७ | ७.७८ | ९० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

नोट : तालिकामा नमूना घर परिवारको प्रतिशतलाई कोष्टमा देखाइएको छ।

तालिका ४.११ अनुसार ४७.७८ प्रतिशत नमूना घर परिवारका सदस्यहरुलाई प्रयाप्त खानेकुरा पुग्दैन। त्यसैले उनीहरु अन्य स्रोतवाट किनेर जीविका चलाउनु पर्ने तालिकाले जनाएको छ। त्यस्तै गरी ४५.५६ प्रतिशत घर परिवारलाई प्रर्याप्त मात्रामा खान पुग्दछ भने ६.६७ प्रतिशत घर परिवारलाई मात्र खान पुगेर पनि बिक्री वितरण गर्दछन्। तर प्रर्याप्त खाद्यन्नको अवस्थामा पनि खाद्यन्न अभाव हुने अवस्था सम्मको लागि अप्रर्याप्तता नै छ। एक जना समूह छलफलका सहभागीले वताएका छन् नगद आर्जनको अभाव र खाद्यन्न उत्पादनको अपर्याप्तताले गाउँलेहरु ऋणमा डुव्दछन्। खाद्यन्न अभाव भएको अवस्थामा खाद्यन्न जुटाउनको लागि आफूसँग भएको वस्तुभाउको उत्पादन र तरकारीहरु स्थानीय बजार पातीचौर, डिमुवा र कुश्मामा लगी वेच्दछन्। समग्रमा हेर्दा नमूना घर परिवारमा खाद्यन्नको अभाव हुने एउटा कारण व्यक्तिहरु वैदेशिक रोजगारमा जाने र कृषि कार्य गर्न नसक्नुले पनि हो।

**४.४.४ नमूना घर परिवारको वैदेशिक रोजगारमा जानु अगाडि ऋणग्रस्तताको अवस्था** गाउामा स्रोत साधनहरु सिमित छन् । धेरै मानिसहरुले आफ्नो जीविका चलाउनका लागि असल स्रोत पत्ता लगाउन सकेका छैनन् । एकजना समूह छलफलका सहभागीले वताएका छन् धेरै जसो गाउँलेहरुले उनीहरुका परिवारका सदस्यहरुको लागि दैनिक आवश्यकताहरु जुटाई दिन सक्दैनन् । यसकारण धनी व्यक्तिहरुवाट उच्च व्याजदरमा ऋण लिन्छन् । सामान्यतया जमिन र अन्य स्रोत साधनमा कम पहूँच भएका अध्ययन क्षेत्रका दलितहरुले यस्तो प्रकारको ऋण लिएका छन् र दलित उत्तरदाताहरुमध्ये १८.७५% को जमिन छैन, ५०% दलितको ५ रोपनी भन्दा कम जमिन छ ( तालिका ४.९) । खाद्यसंकट परेको अवस्थामा दलितहरु उच्च व्याजदरमा ऋण फिर्ता गर्न मञ्जूर हुँदै ऋण लिन्छन् । उच्च कुलीन परिवारले पनि उच्च व्याजदरमा ऋण उपलव्ध गराउन मञ्जुर हुन्छन् । यो नै भूमिविहीन हुने मुख्य कारण हो । किन उनीहरुले साँबा व्याज तिर्न नसकेपछि उनीहरुसँग भएको सानो जमिन पनि साहुले कव्जा गर्दछ । यस कारण २६.६६ प्रतिशत उत्तरदाताले भनेका छन् । ऋण तिर्नको लागि गाउँ छोडेर वैदेशिक रोजगारमा जानु परेको हो ।

**तालिका ४.१२ नमूना घर परिवारको वैदेशिक रोजगारमा जानु अगाडि ऋण ग्रस्तताको अवस्था**

| ऋणको मात्र हजारमा | जाती/जातियता | | | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब्राम्हण | | क्षेत्री | | दलित | | जनजाति | | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २५-५० | ३० | ३७.९७ | १४ | १७.७२ | ४ | ५.०६ | २ | २.५३ | ५० | ६३.२९ |
| ५०-७५ | ५ | ६.३३ | ३ | ३.८० | ५ | ६.३३ | १ | १.२७ | १४ | १७.७२ |
| ७५-१०० | २ | २.५३ | २ | २.५३ | ३ | ३.८० | १ | १.२७ | ८ | १०.१३ |
| १००-१२५ | १ | १.२७ | १ | १.२७ | १ | १.२७ | २ | २.५३ | ५ | ६.३३ |
| १२५ + | १ | १.२७ | | ०.०० | १ | १.२७ | | ०.०० | २ | २.५३ |
| **जम्मा** | ३९ | ४९.३७ | २० | २५.३२ | १४ | १७.७२ | ६ | ७.५९ | ७९ | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

तालिका ४.१२ ले ९० घर परिवारहरु मध्ये ७९ घर परिवारले वैदेशिक रोजगारमा जानु अगाडि ऋण लिएको देखाउँदछ । ऋणको रकम घटीमा १०,००० देखि लिएर वढीमा १ लाख २५ हजार सम्म छ । वैदेशिक रोजगारमा जानुभन्दा अगाडि ऋण लिनेहरुको प्रतिशतमा व्राम्हणको ४९.३७ प्रतिशत ठूलो संख्या देखाएको छ भने त्यस पछि क्षेत्री को २५.३२ प्रतिशत, दलितको १७.७२ प्रतिशत छ भने र जनजातीको ७.५९ प्रतिशत रहेको तालिकाले देखाउँदछ । तालिका नं

४.१२ ले स्पष्ट रुपमा के देखाउदछ भने धेरै गाउँलेहरु विभिन्न स्रोतवाट लिएको ऋणवाट मुक्त हुनको लागि वैदेशिक रोजगारमा जान्छन् ।

### ४.४.५ वस्तुभाउको अवस्था

सामान्यतया नमूना घर परिवारको कृषि नै प्रमुख पेशा हो । तिनीहरुले परम्परागत रुपमा पशुलाई मल, दुध, मासु र उनको लागि पाल्दछन् । वस्तुभाउहरु अध्ययन क्षेत्रको प्रमुख आम्दानीको स्रोत हो अध्ययन क्षेत्रमा एक जना उत्तरदाताले भनेका थिए धेरै परिवारका सदस्यहरुले दुग्ध विकास संस्थानमा दूध वेच्दछन् । त्यहाँवाट आएको आम्दानीले परिवारका आधारभूत आवश्यकता र अन्य आवश्यकता पूरा गर्दछन् । दुग्ध व्यवसाय पछि यहाँको घर परिवारको अर्को आम्दानीको स्रोत कुखुरा पालन पनि हो । तिनीहरुले वोइलर, लेयर्स र स्थानिय कुखुराहरु पाली स्थानीय वजारमा फूल मासु बेच्दछन् । मुख्यत नमूना घर परिवारका मानिसहरुले भेडा, वाख्रा, गाई कुखुराहरु पाल्दछन् । वर्तमान अवस्थामा वढी आम्दानी लिनको लागि वस्तुभाउको वर्णशङ्कर जातिले मानिसहरुलाई धेरै आकर्षक गरेको छ ।

**तालिका ४.१३ : नमूना घरपरिवारको वस्तुभाउको स्थिति**

| प्रकार | वस्तुभाउको संख्या | प्रतिशत |
|---|---|---|
| राँगो | ३ | १.९९ |
| भैंसी | ५६ | ३७.०९ |
| गाई | ४ | २.६५ |
| गोरु | २३ | १५.२३ |
| वाखा | ६२ | ४१.०६ |
| वंगुर | ३ | १.९९ |
| **जम्मा** | **१५१** | **१००.००** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

नोट : वस्तुभाउहरु वयस्कलाई मात्र समावेश गरिएको छ ।

तालिका नं ४.१३ मा देखाइएका वस्तुभाउको स्थितिकाबारेमा समूह छलफलमा एक जना सहभागीले वताएका थिए उन्नत जातिका पशुहरु पाल्नको लागि लुम्ले कृषि अनुसन्धान केन्द्रले ठूलो सहयोग पुऱ्याएको छ ।

# अध्याय पाँच

# बैदेशिक रोजगारमा जाने कारण, लगानी र स्रोत

अन्तराष्ट्रिय बसाइसराइलाई आकार दिन चार समूहका चलहरु छन् । ति चलहरु विविधता, स्पेशियल, एफिनिटी र पहुँच हुन् । यी चलहरुमध्ये विविधिता चलमा रोजगारीको दर, मूल्य र ज्यालाको विभिन्नता समावेश भएको हुन्छ । त्यस्तै गरी स्पेशियल मा दुरी, मूल्य, यातायात रचना गरिएको छ । त्यस्तै गरी एफिनिटीमा धर्म, संस्कृति, भाषा र नाफा सम्वन्धको सञ्जाल समावेश भएको छ । अन्तिम चल पहूँचमा मुख्यत प्रवेश गर्ने र प्रस्थान गर्ने नियमसँग सम्वन्धित छ । (सुवेदी १९९१) । गन्तव्य स्थानमा पहिल्यैदेखि नाता आफन्तको उपस्थिति रहेको छ , भने नयाँ जाने व्यक्तिलाई उक्त ठाउँमा जानको लागि कम खर्च, जोखिम, गन्तव्यस्थलमा पुऱ्याउनको लागि उक्साउन सक्दछ । (क्षेत्री १९८७) ।

अध्ययन क्षेत्रमा बसाइसराइ गर्न सूचित गर्ने मूख्य कारण विश्वव्यापी श्रम वसाइसराईको व्यवस्था र पहूँचको सञ्जालको कारण आकर्षण र विकर्षण गर्ने तत्वले नै हो । विकर्षण गर्ने तत्व उदगमस्थानसँग सम्वन्धित हुन्छ भने आकर्षण गर्ने तत्व गन्तव्यस्थलसँग सम्वन्धित हुन्छ । अध्ययन क्षेत्रका ९० घर परिवारहरु जो वैदेशिक रोजगारवाट हालसालै उपस्थित भएका र तिनका परिवारका मुख्य व्यक्ति जो आर्थिक क्रियाकलाप  संलग्न छन् । तिनीहरुको लागि प्रश्नावलीहरु तयार पारी आकर्षण र विकर्षण गर्ने तत्वको अधीनमा रही बसाइसराइका कारणहरु पहिल्याउन आवश्यक पर्ने सूचनाहरु संकलन गरिएको थियो । यस वाहेक पहुँचको सञ्जाल र बसाइसराइको सञ्जाल पनि कार्य क्षेत्र अध्ययनको अवधिमा अध्ययन गरिएको थियो ।

## ५.१ वैदेशिक रोजगारीमा जानु पर्नेको कारण

सामान्यतया विकर्षण गर्ने तत्वले राम्रो अवसरको खोजीको लागि व्यक्तिलाई आफ्नो देश वा गाउँ छोड्नको लागि दवाव दिन प्रयत्न गर्दछ । यद्यपि कार्य क्षेत्र अध्ययनमा बसाइसराइको लागि आकर्षण गर्ने तत्व भन्दा विकर्षण गर्ने तत्वहरु वढी जिम्वेवार भएको पाइयो । तालिका नं ५.१ मा गाउँका विकर्षण गर्ने तत्वहरुलाई देखाइएको छ ।

## तालिका ५.१ : वैदेशिक रोजगारको कारण (विकर्षण गर्ने तत्व)

| जाने कारणहरु | प्रवासीको संख्या | प्रतिशत |
|---|---|---|
| वेरोजगारी | ५३ | ५८.८९ |
| खाद्यन्नको अभाव | ३६ | ४०.०० |
| खर्चमा वृद्धि | ३६ | ४०.०० |
| ऋण तिर्न | ३६ | ४०.०० |
| असुरक्षा र विद्रोह | १६ | १७.७८ |
| सुविधाको अभाव | १६ | १७.७८ |
| सुरक्षा | १२ | १३.३३ |
| पारिवारिक तथा सामाजिक द्धन्द | ८ | ८.८९ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

**वेरोजगारी**

अधिकांश परिवारको आम्दानीको महत्वपूर्ण क्षेत्र मुख्य गरी कृषि पेशा हो । तर कृषिवाट ऋतुअनुसारको गुजारा पेशा मात्र चलेको छ । तालिका ५.१ अनुसार ५८.८९ प्रतिशत व्यक्तिहरु कामको अभावको कारण वाध्यतावस आफ्नो गाउँवाट वाहिर हिड्नु परेको हो । यस अर्थमा वैदेशिक रोजगारमा जानुको प्रमुख कारण स्वदेशमा कामको अभाव नै हो । आफ्नो देशमा रोजगारीको अवसरको अभावको कारण राम्रो पढे लेखेका योग्य व्यक्तिसमेत वैदेशिक रोजगारमा जानु पर्ने वाध्यता सृजना भएको छ ।

**वैयक्तिक अध्ययन -१**

नाम : ललिता खत्री

उमेर : ३० वर्ष

समान्य लेखपढ गर्न जान्ने महिला घरको आर्थिक दुरावस्थाको कारण उनका श्रीमान् एक पटक दुवई गएता पनि उनले खासै आर्थिक उन्नती गर्न सकेनन् । जेनतेन गएको खर्च त उठाए धेरै कमाउने आसामा तुसारापात भए पछि नेपाल फर्कि अत्याधिक मात्रमा रक्सि सेवन गर्ने लत पर्‍यो । तिन जना सन्तान र श्रीमानको त्यो अवस्था देखे पछि उनी स्थानिय दलाल मार्फत घरेलु कामदारको रुपमा करिव २ वर्ष इजरायलमा विताइन तर त्यो अवधिमा साहूले उनको पारिश्रमिक दिएनन । उनी त्याहांवाट उम्कन सक्ने अवस्था रहेन । सौभाग्यवस एक नेपाली संग भेट भएपछि उहां कै पहलमा नेपाल सम्म आउने खर्च दिलाई उनी नेपाल फर्किन । यस अवस्था सम्म उनको ऋण सांवा व्याज गरी एक लाख पचांस हजार नाघ्यो । फेरी उनका श्रीमान् भारतको तामिललाडुमा काम गर्न गए अफसोच उनका श्रीमानको त्यही मृत्यू भयो । अव उनलाई ऋणको भार तिन सन्तान प्रतिको दायित्व र पतिको मृत्यूको असह्य वेदाना छ । नेपालमा उनले सो ऋण तिर्न र सन्तान लालनपालन गर्न नसक्ने अवस्था भए पछि । यो सोध कर्ताले सोध कार्य गरीरहेको अवस्थामा नै पूनः ऋणको भार थप्दै पुनः घरेलु कामदारको रुपमा इजरायल गएकी छिन् । कामना गरौ उनलाई भगवानले कल्याण गरुन पहिला जस्तै ठगिन नपरोस र सोच अनुसार कमाइ गर्न सकुन् ।

**खाद्यान्नको अभाव**

खनजोत गर्ने जमिनको अभावको कारणवाट खाद्यन्न आपूर्तिमा अभाव आउँदछ । भएको जमिनको पनि राम्रोसँग खनजोत गरियो भने मात्र उत्पादनमा वृद्धि हुन्छ । अध्ययन क्षेत्रमा पनि सिमित क्षेत्रमा मात्र उपयुक्त तरिकाले खनजोत गर्ने गरिन्छ । जमिनको स्वरुप उकाली, ओराली परेको माटो पनि वलौटे, गिर्खायुक्त भएकोले अधिकांश भाग वढी उत्पादनको लागि योग्य छैन । कृषि सेवा केन्द्र वाजुङ्ग को छिमेकी गा.वि.स को पनि पायक पर्ने ठाउंमा रहेता पनि अधिकांश कृषकहरुले कृषि सम्वन्धी उन्नत मल विउको वारेमा परामर्स लिएको पाईएन । गा.वि.स उच्च भू-भागमा सिंचाइ सुविधाको अभाव, उन्नत बिउ बिजनको अभाव, भूक्षयको समस्या र कृषिको लागि गरिने लगानी ऋणको रुपमा लिनु पर्ने अवस्थाले गर्दा सोचे अनुसार उत्पादन पाइदैन् । कार्यक्षेत्रको तथ्याङ्ग (तालिका ४.११) अनुसार अधिकांश घर परिवार ४७.७८ प्रतिशत घर परिवारमा खाद्यन्न

समस्या सामाधान गर्नको लागि आँफै उत्पादक गर्ने अन्यत्रवाट प्राप्त गर्ने र छिमेकिबाट साटासाट गर्ने जस्ता ३ ओटा उपायहरु अपनाउने गर्दछन । अध्ययन क्षेत्रवाट के कुरा पत्ता लागेको छ भने साना किसानहरुले आफूलाई आवश्यक पर्ने खाद्यान्न आँफै उत्पादन गर्न सक्दैनन् । कतैवाट उपहारको रुपमा खाद्यान्न प्राप्त गर्न पनि सक्दैनन् । विषेश गरी दलितहरुलाई यस्तो खालको खाद्यान्नको संकट भएको अवस्थामा आफ्नो श्रमसँग खाद्यान्न साट्दछन् । गाउँका मानिसहरुको लागि खाद्यन्न किनेर खानु एक सामान्य नै वनेको छ तर उनीहरुलाई खाद्यान्न किन्नको लागि नगदको आवश्यकता पर्दछ । यस्तो खाद्यान्न अभाव हुने कारणले मानिसलाई गाउँवाट अन्यत्र जान वाध्य तुल्याउँदछ । जम्मा उत्तरदाताहरुमध्ये ४७.७८ प्रतिशत उत्तरदाताहरुलाई खाद्यान्नको अभाव रहेको छ । खाद्यान्नको अभाव नै वैदेशिक रोजगारमा जानु पर्ने प्रमुख कारण वनेको छ ।

यस्तै गरी २० प्रतिशत नमूना घरपरिवारको ५ रोपनी (तालिका ४.१०) भन्दा कम जमिन छ । जुन उनीहरुको लागि गुजारा चल्ने भन्दा कम छ । त्यहाँका मानिसहरुको आवश्यकता पूरा गर्नको लागि अन्य आम्दानीको आवश्यकता पर्दछ । त्यसैले तिनीहरुले आफ्ना आधारभूत र अन्य आवश्यकताहरु पूरा गर्नको लागि तिनीहरुका परिवारका सदस्यहरुले वैदेशिक रोजगारलाई छनौट गर्दछन् ।

**खर्चमा वृद्धि**

नेपालको अन्य ग्रामीण क्षेत्रको जस्तै गरी बाजुङ्ग गा.वि.स.को जनसंख्या पनि दिन प्रति दिन वढिरहेको छ । परिवारका सदस्यहरुको संख्यामा आएको वृद्धि सँगसंगै खर्चमा पनि वृद्धि भएको छ । जनगणना २०५८ को तथ्याङ्क अनुसार गा.वि.स.को जनसंख्या वृद्धिदर ३.५ प्रतिशत रहेको छ जुन राष्ट्रिय वृद्धिदर भन्दा वढी छ । जनसंख्याको आकारमा आएको बृद्धिले उनीहरुको आधारभुत आवश्यकताहरु जस्तै खाद्यान्न, आवास, कपडा, शिक्षा, स्वास्थ्य आदिमा चाप पर्दछ । यि आवश्यकताहरु पूरा गर्नको लागि नगदको आवश्यकता पर्दछ । तर गाउँमा नगद आर्जन गर्ने किसिमको स्रोत सीमित छ । त्यसकारण ४० प्रतिशत (तालिका  ५.१) उत्तर दाताले वताएका छन् खर्चको वृद्धि नै वैदेशिक रोजगारको प्रमुख कारण हो ।

यसकारण हामी भन्न सक्दछौं अध्ययन क्षेत्रका मानिसहरुमा दैनिक आवश्यकताहरुको उपभोगमा आएको वृद्धि र अन्य सेवाहरुको खर्च वृद्धिले गर्दा खर्च वढिरहेको छ । नगद आर्जन गरी आम्दानी खर्चलाई सन्तुलन गर्न वैदेशिक रोजगारमा जानु पर्ने वाध्यता देखिएको छ ।

**ऋण ग्रस्तता**

गाउँका स्रोत साधनहरु सीमित मात्रामा छन् । धेरै मानिसहरुले आफ्नो जीविका चलाउनका लागि असल स्रोत पत्ता लगाउन सकेका छैनन् । धेरैजसो गाउँलेहरुले उनीहरुको परिवारको लागि दैनिक आवश्यकताहरु जुटाउन सकेका छैनन् । यस कारण उनीहरुले गाउँका उच्च स्थिति भएका व्यक्तिसँग चर्को व्याज दरमा ऋण लिन्छन् । विषेश गरी अध्ययन क्षेत्रका दलित जातिहरुमा जमिन र अन्य स्रोत साधानमा कम पहूँच भएकोले यस्तो ऋण लिन वाध्य हुन्छन् । जम्मा दलितका १६ जना उत्तरदाताहरु मध्ये १८.७५ प्रतिशत दलितको जग्गा जमिन छैन । भने ५०% उत्तरदाता दलितको ५ रोपनीभन्दा कम जमिन (तालिका ५.९) छ । खाद्यान्न संकट भएको अवस्थामा अधिकांश दलित परिवारले उच्च व्याजदरमा भए पनि ऋण लिन मञ्जूर भै उच्च व्याज साँबा भुक्तानी गर्न तयार हुन्छन् । यो नै दलितहरुको जग्गाविहीन हुने प्रमुख कारण हो । किन कि उनीहरुले लिएको ऋण तिर्न नसक्ने भएकोले साँबा व्याज भुक्तानी गर्नको लागि साहुले जग्गा कव्जा गर्दछ । यही कारणले गर्दा ४०% उत्तरदाताहरु ऋण ग्रस्तताको कारण गाउँ छोड्न वाध्य भएका छन् । जम्मा ९० घर परिवारमध्ये ७९ घर परिवारलाई वैदेशिक रोजगारमा जानु अगाडि ऋण लागेको थियो (तालिका ५.११) ।

**असुरक्षा र विद्रोह**

वि.सं २०५२ सालदेखि यता नेपालको ग्रामीण क्षेत्र राजनैतिक द्धन्द र विद्रोहको शिकार वनेको छ । सम्पूर्ण देशमा शान्ती सुरक्षाको अवस्था दिन प्रतिदिन विग्रदै गएको छ । ग्रामीण क्षेत्रमा केही वर्ष यता हिंसा र भय सामान्य वन्दै गएको छ । यसवाट ग्रामीण क्षेत्रका युवाहरु नराम्रोसँग पीडित छन् । कुनै कुनै अवस्थामा भने युवाहरु घरमा वसीरहन सक्ने अवस्था थिएन । तत्कालीन अवस्थामा रहेको माओवादी तथा सैनिक विद्रोह नै युवाहरुको लागि वैदेशिक रोजगारमा जानु पर्ने प्रमुख कारण वनेको थियो । जम्मा उत्तरदाताहरु मध्ये १७.७८ प्रतिशत उत्तरदाताहरुले असुरक्षा र विद्रोहको कारण वैदेशिक रोजगारमा जानु परेको बताएका थिए । देशमा हिंसा, हत्या काण्ड जस्ता प्रवृत्ति पनि वढ्दै गएको हो । यस्ता हिंसात्मक गतिविधिहरुले ग्रामीण क्षेत्रका युवाहरुलाई ठूलो प्रभाव पारेको छ । माओवादी विद्रोह लाई लक्षित गरी सरकारको सुरक्षा शक्तिले विभिन्न ठाउँलाई संकटग्रस्त क्षेत्र ठह¥याई सोही अनुसारको व्यवहार गरेको थियो ।

माथिका यी राजनैतिक संकटका घटनाहरु भएको कारण यहाँका युवाहरु विदेशमा गएका थिए । तर वर्तमान अवस्थामा केही हदसम्म शान्ति प्रक्रियाको थालनीले पहाडी क्षेत्रमा केही शान्तिपूर्ण वातावरणको सृजना भएको छ ।

**<u>वैयक्तिक अध्ययन –२</u>**

नाम : चिरञ्जीवी पौडेल

वर्ष : ३५

चिरञ्जीवी पौडेल एस.एल.सी पास गरेका छन् । उनी २०५३ सालमा कतार अदक्ष कामदारका रुपमा गएका थिए । त्यतीवेला उनले करिव ५० हजार लगानी गरेका थिए । यसै बीचमा उनले त्यहां इलेक्ट्रिसियन सम्वन्धि काम सिके । सुरुका दिनमा उनले त्यहांका ठेकदारहरुसंग सो संवन्धि काम गर्दथे पारिश्रमिक तुलनात्मकरुपमा अरुको भन्दा राम्रो थियो तापनि आफ्नो परिश्रम अनुसार पाउन सकेका थिएनन तर उनी समय अन्तरालमा घर आउने जाने गर्न थाले । हाल उनी आफै सो कामको ठेक्कापट्टा गर्न सक्दछन् । निर्वादरुपमा काम गर्न पाउनेका साथै कमाई पनि राम्रै गर्दछन । उनलाई आउन जानालाई समस्या छैन । हाल उनी संग आफ्नो पूख्यौली घर छ , चितावनमा करिव ६०-७० लाखको घर जग्गा छ भनी उनले वताए । स्वतन्त्ररुपमा आउन जान पाउने भएकोले आवस्यक परे वर्षमा एक दुइ पटक नै आउन सक्दछन् । यती वेला उनी नेपाल आएको २ महिना भयो । हाल उनले पोखरामा एक घडेरी खरिद गरेका छन् । अव १० , १५ दिनमा पून: जाने सोचाईमा छन् । यसरी प्राविधिक काममा निपूर्ण र अरुलाई रिझाउन सक्ने खुविका कारण यूरोप, अमेरिकामा गएर कमाउने मानिसको हाराहारीमा उनी कमाई गर्न सक्दछन् । प्राविधिक सीपले उनलाई उन्नतीको शिखरमा पुरायो ।

**सामाजिक र पारिवारिक द्धन्द**

कार्यक्षेत्र अध्ययनको समयमा वैदेशिक रोजगारमा जाने कारणमा पारिवारिक र सामाजिक कारण पनि फेला पर्‍यो । किन भने कुनै पनि समयमा व्यक्तिलाई समाज र परिवारले पनि गाउँ छोड्नको लागि दवाव सिर्जना गर्दछन् । सामान्यतया यस्तो दवाव गरीवी , ऋणको ग्रस्तता, द्धन्द र परिवारको सदस्यहरुको झगडाले सृजना गर्दछ । यस्तै गरी सामाजिक द्धन्द र गडवडीले पनि वैदेशिक रोजगारमा जानको लागि वाध्य गराउँदछ । सामाजिक रुपमा नियन्त्रण र मनाहीजस्ता मुद्दाहरुले पनि वसाई सराई गर्न व्यक्तिलाई प्रभाव पार्दछ । त्यसैले ८.८८ प्रतिशत (तालिका ५.१) उत्तरदाताले वैदेशिक रोजगारमा जाने कारण सामाजिक तथा पारिवारिक द्धन्द हो भनी वताएका छन् ।

राज्यहरुमा सामाजिक र पारीवारिक द्वन्द्व मध्ये ५५ प्रतिशत व्यक्तिको बसाइसराइ पारिवारिक कारणहरुले र वाँकि ४५ प्रतिशतको बसाइसराइ सामाजिक कारणले हुन्छ । एक जना समूह छलफलका सहभागीले भनेका थिए उनले आफ्नो छोरालाई वाध्य पारी वैदेशिक रोजगारमा

पठाएका थिए , किनकि छोरामा केही खराव वानीहरुको विकास भएको थियो । त्यस्तो वानीलाई हटाई व्यक्तिगत जीवन सुधार्नको लागि वैदेशिक रोजगार समाधान देखियो ।

## ५.२ वैदेशिक रोजगारमा जाने ठाउाको रोजाईको कारणहरु

गन्तव्य स्थानसँग सम्वन्धित केही आकर्षण गर्ने तत्वहरुले पनि बसाइसराइ गर्न जिम्मेवार भूमिका निर्वाह गर्दछ । अध्ययन क्षेत्रका धेरै मानिसहरुले वैदेशिक रोजगारको लागि खाडी राष्ट्रहरुलाई छानेका छन् । खाडी राष्ट्रहरुमा जाने प्रवृत्ति वढ्नुमा त्यहाँ भएका सहारा लिने चिजहरुमा प्रवासीहरुका लागि सुहाउँदो कानून, जसले प्रवासीलाई दुरीको मूल्य घटाउने प्रयास गरेको छ । पहिला एक पटक गएका देशमा फेरी जानको लागि कार्यविधी सजिलो हुनाले पनि आकर्षण वढेको छ । रोजगारको लागि भारतमा जान एकदम सजिलो छ तर काम वापत खाडी राष्ट्रहरुको तुलनामा कम ज्याला हुने भएकोले खाडी राष्ट्रहरुको छनौट गरिन्छ । जुन देशमा उनीहरुले भारतमा भन्दा वढी आम्दानी गर्ने अवसर पाउँछन् ।

हालसालैका वर्षहरुमा वैदेशिक रोजगारमा जाने प्रवृति वढिरहेको छ । नेपालको ग्रामीण क्षेत्र जाँहा गरीवी र रोजगारीका अवसर कम छन् अन्तराष्ट्रिय श्रम वजारले त्यस्तो ठाउँका कामदारको माग वढी गरेका छन् । यी आकर्षण गर्ने तत्वहरुको कारण  धेरै युवा र वयस्कहरुले वाहीर देशको रोजगारीका अवसरहरु खोजिरहेका छन् । जे भएता पनि वैदेशिक रोजगारको लागि आकर्षण गर्ने तत्वहरु तल तालिकामा दिइएको छ ।

**तालिका ५.२ : वैदेशिक रोजगारमा खाडी राष्ट्रहरु छनौट गर्नुको कारणहरु** (आकर्षण गर्ने तत्वहरु)

| कारणहरु | प्रवासीको संख्या | प्रतिशत |
|---|---|---|
| कम खर्चमा सजिलै जान सकिने | ४१ | ४५.५६ |
| साथी नातेदार भएर | २५ | २७.७८ |
| राम्रो आम्दानी हुने तलवमान भएर | २१ | २३.३३ |
| सजिलै काम पाउन सकिने | ३ | ३.३३ |
| जम्मा | ९० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

तालिका ५.२ ले के देखाउँदछ भने खाडीराष्ट्रहरु छनौट गर्नको विभिन्न कारणहरु रहेछन् । वैदेशिक रोजगारको लागि  यी देशहरु छनौट गर्नुको कारणहरुको छोटो वर्णन तल गरिएको छ ।

**कम खर्चमा सजिलै जान सकिने**

सामान्यतया वैदेशिक रोजगार मुल्य र दुरी द्वारा धेरै प्रभावित हुन्छ । यो वाहेक वित्तीय फाईदा अर्को तत्व हो । वैदेशिक रोजगारको लागि आवश्यक पर्ने लगानी युरोप र पूर्वी एसियाका देशहरुको तुलनामा खाडी राष्ट्रहरुको लगानी कम छ । त्यस्तै गरी धेरै मेन पावर कम्पनी र व्यक्तिहरु प्रवेषाज्ञा र अन्य कार्यविधि पूरा गरिदिनको लागि सकृय भै लागेका छन् । खाडीराष्ट्रहरुको लागि प्रवासीले ३०,००० देखि लिएर १,३०,००० सम्म खर्च गर्दछन् । नेपाली प्रवासीहरुले यो लगानी रकमलाई उनीहरुको सुरक्षित सम्पत्ति जस्तै जमिन गाईवस्तु वेचेर पनि सजिलै जुटाउन सक्दछन् । यसकारण ४५.५६ प्रतिशत (तालिका ५.२) उत्तरदाताले वताएका छन् । कम खर्चमा जान सकिने हुनु नै प्रवासीहरुको लागि मुख्य आकर्षण गर्ने तत्व हो ।

**साथी नातेदार भएर**

बसाइसराइ सञ्जालले अन्तराष्ट्रिय बसाइसराइमा महत्वपूर्ण भूमिका निर्वाहा गर्दछ । श्रम बसाइसराइको सञ्जाल सिद्दान्त अनुसार वैदेशिक रोजगारमा जाने प्रक्रियालाई सहजीकरण गर्नको लागि वैदेशिक रोजगारमा वाहाल रहेका साथी तथा नातेदारहरुसँग नेपालका व्यक्तिको सम्पर्क भै सूचनाहरु आदान प्रदान भयो भने वैदेशिक रोजगारमा जान सुविधा हुन्छ ।(Boyd, 1989) ।

यस कारण साथी तथा नातेदारसँगको सूचना सञ्जालले मौद्रिक, मनोवैज्ञानीक मूल्य र जोखिमलाई कम गर्दछ । अध्ययन क्षेत्रमा २७.७८ प्रतिशत उत्तरदाताले (तालिका ५.२) साथी तथा नातेदार हुनु नै वैदेशिक रोजगारको लागि आकर्षण गर्ने तत्व हो । तिनीहरु विदेशमा गएपछि काममा नलागुन्जेलसम्म साथी तथा नातेदारहरुवाट आईपर्ने संकटको वारेमा नैतिक तथा आर्थिक सहयोग समर्थन मिल्दछ ।

**राम्रो आम्दानी हुने तलवमान भएर**

अध्ययन क्षेत्रमा राम्रो तलवमान हुने देश नै वैदेशिक रोजगारको लागि अर्को महत्वपूर्ण आकर्षण गर्ने तत्व पत्ता लाग्यो । विगत लामो समयदेखी नेपाली जनताहरु परम्परागत रुपमा आर्थिक आय आर्जनको लागि भारतमा वसाइ सराइ गर्दथे । पूँजिवादीहरुले नेपाली कामदारहरुको लागि खाडी राष्ट्रहरुको ढोका खुल्ला गरे पछि भारतको तुलनामा दक्ष अदक्ष कामदार दुवैले उच्च तलवमान प्राप्त गर्ने भएकोले ती देशहरुमा जाने व्यक्तिहरुको संख्या निकै वृद्धि भएको छ । यस कारण २३.३३ प्रतिशत उत्तरदाताले खाडीराष्ट्रहरुको लागि आकर्षण गर्ने अर्को महत्वपूर्ण तत्व राम्रो आम्दानी हुने तलवमान भएर हो भनी वताएका छन् । यी राष्ट्रहरुवाट वैदेशिक रोजगारमा जाने व्यक्तिहरुले वार्षिक रुपमा ७८,०००।- देखि लिएर २,२५,०००।- सम्म कमाई गर्दछन् । जुन रकम

नेपाली र भारतीय श्रम वजारको तुलनामा निकै वढी छ । अध्ययन क्षेत्रमा अर्को असामान्य तथ्य के फेला पऱ्यो भने ३.३३ प्रतिशत व्यक्तिको नेपालमा वैदेशिक रोजगारमा जानु अगाडि स्थायी जागीर थियो । उक्त स्थायी जागीरलाई किन निरन्तरता दिन सकेनन भने खाडी राष्ट्रका देशको तलवमानको तुलनामा आफ्नो देशको तलव थोरै छ ।

**सजिलै काम पाउन सकिने**


जम्मा उत्तरदाताहरु मध्ये ३.३३ प्रतिशत उत्तरदाताले सजिलै काम पाउन सकिने भएर खाडी राष्ट्रमा गएको वताएका छन् । उनीहरुले के पनि वताएका छन् भने दक्ष र अदक्ष दुवै किसिमको कामहरु पाईने भएकोले उनीहरुका लागि यो ठाउँ सुहाउँदो भएको छ ।

खाडीराष्ट्रहरुले नेपाली कामदारहरु धेरै परिश्रमी र विश्वासिलो हुने भएकोले धेरै माग गर्दछन् । हरेक वर्ष मेन पावर कम्पनीहरुले खाडी राष्ट्रहरुको लागि कामको वर्णन सहित पदसंख्या तोकि विज्ञापन खुलाउँदछन् । यसकारण कामदारहरुले तिनीहरुले गर्ने कामको स्थितिको वारेमा पहिल्यै सम्झौता पत्र मार्फत जानकारी पाउँदछन् । तिनीहरुको आफ्नो योग्यता र क्षमता अनुसार आफै कामको छनौट गर्न सक्दछन् । सम्झौता पत्रमा स्पष्ट खुलाइएको काम पाइन्छ, भन्नेवारेमा उनीहरु ढुक्क हुन्छन् । जे भएता पनि केही कामदारहरु यस तथ्यवाट नराम्रोसँग ठगिएका पनि छन्

## ५.३ सञ्जालको पहुँच

सञ्जालको पहुँच धेरै महत्वपूर्ण जनसाङ्ख्यीय चल हो । यसले अन्तराष्ट्रिय बसाइसराइलाई उच्च प्रभाव पार्दछ । वैदेशिक रोजगारमा जानको लागि सञ्जालको पहुँच उपलव्ध हुन आवश्यक छ । सूचनाका स्रोतहरु लगानीका स्रोत, प्रस्थान गर्ने समय ईत्यादिले वैदेशिक रोजगारको प्रक्रियाको निर्धारण गर्न मुख्य भूमिका खेल्दछ । यसै सन्दर्भमा आधुनिक वजारको महत्वपूर्ण भूमिका हुन्छ । वढ्दो अन्तराष्ट्रिय बसाइसराइको छाल र तीव्र रुपमा उदय भएका श्रम वजारको प्रभाववाट नेपाली जनताहरु पनि टाढा रहन सकेका छैनन् । यस अध्ययनमा केही उपयुक्त सञ्जाल पहुँच चलहरुको विष्लेषण गरिएको छ ।

चित्र नं ५.१ वैदेशिक रोजगारको लागि सूचनाको स्रोत (प्रतिशतमा)




अध्ययनको क्षेत्रका उत्तरदाताले वैदेशिक रोजगारमा जानको लागि विभिन्न स्रोतवाट सूचना प्राप्त गरेका छन् । चित्र नं ५.१ ले वैदेशिक रोजगारको लागि सूचनाको स्रोत देखाएको छ । अधिकांश उत्तरदाता (५५.५६ प्रतिशत) ले स्थानीय दलालहरुवाट सूचना प्राप्त गरेको पाइयो । नेपालमा च्याउ उम्रे झैं फैलिएका मेन पावर कम्पनीहरुले दक्ष अदक्ष नेपाली कामदारलाई बाह्य श्रम वजारमा आपूर्ति गर्दछन् । स्थानीय दलालहरुले वैदेशिक रोजगारमा जान सल्लाह दिए वापत निश्चित अनुपातमा आर्थिक फाईदा लिएको पाइयो । त्यसैले धेरै मानिसहरु यस काममा सहभागी भएका छन् । तिनीहरुले विदेशमा जान ईच्छा भएको व्यक्तिहरुसँग सम्पर्क गर्दछन् । त्यस्तै गरी ४२.२२ प्रतिशत उत्तरदाताले वैदेशिक रोजगारमा जानका लागि साथी तथा नातेदारवाट सूचना प्राप्त गरेका छन् । विषेश गरी यस्ता सूचनाहरु जुन व्यक्ति पहिले नै वैदेशिक रोजगारमा गैसकेको छ त्यही व्यक्तिवाट यस सम्वन्धमा प्रशस्त सूचनाहरु प्राप्त हुन्छन् । एक जना उत्तरदाताले वताएका छन् कि उनी कतारमा काम गर्ने अवसरको लागि उनको अंकलले नै प्रवेशाज्ञा र अन्य कागजात पठाइदिएका थिए । त्यस्तै गरी २.२२ प्रतिशत मानिसहरुले वैदेशिक रोजगारमा जानको लागि आम संचारवाट सूचना प्राप्त गरेका थिए । त्यस्ता संचार माध्यममा राष्ट्रिय दैनिक र स्थानीय पत्रिकाले सहयोग पुऱ्याएका छन् । अधिकांश मेन पावर कम्पनीले पत्रिकामा विज्ञापन प्रकासित गरी आवश्यक पद संख्या, कामको विवरण र सेवा सुविधा उल्लेख गरेका हुन्छन् । संचार साधनले दिएको जानकारी अनुसाार सम्वन्धित मेन पावर कम्पनीसँग मानिसहरुले सम्पर्क गर्दछन ।

## ५.४ वैदेशिक रोजगारको आर्थिक र सामाजिक मूल्य

सामाजिक आर्थिक मूल्यले पनि वैदेशिक रोजगारमा जान उल्लेखनीय भूमिका खेल्दछ । रोजगारको वर्तमान प्रवृति कामदारको आर्थिक मूल्य द्वारा असर परेको देखिन्छ । त्यस्तै गरी बसाइसराइको सामाजिक मूल्य पनि वैदेशिक रोजगार दाताले दिने उत्तरसँग सम्वन्धित हुन्छ ।

### ५.४.१ वैदेशिक रोजगारको लगानी र स्रोत

तुलनात्मक रुपमा युरोप अमेरीका र पूर्वी एसियाका वैदेशिक रोजगारमा जान लाग्ने लगानी भन्दा खाडी राष्ट्रहरु र मलेसियामा लाग्ने लगानी कम हुन्छ जुन नेपाली जनताले सजिलै जुटाउन सक्दछन् । कार्य क्षेत्र अध्ययनको समयमा खाडी राष्ट्रहरुमा वैदेशिक रोजगारमा जान लाग्ने रकम रु ३०,०००।- देखी रु.१,३०,०००।- सम्म पाईयो । तालिका ५.३ ले अध्ययन क्षेत्रमा वैदेशिक रोजगारको लागि लागेको लगानीको रकमलाई देखाएको छ ।

**तालिका ५.३ : वैदेशिक रोजगारका लागि लगानी रकम**

| रकम रु | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| ३०,०००-५०,००० | १२ | १३.३३ |
| ५०,०००-७०,००० | १६ | १७.७८ |
| ७०,०००-९०,००० | ४४ | ४८.८९ |
| ९०,०००-१,१०,००० | १३ | १४.४४ |
| १,१०,००० देखी माथी | ५ | ५.५६ |
| जम्मा | ९० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

तालिका ५.३ ले १३.३३ प्रतिशत उत्तर दाताहरुले वैदेशिक रोजगारमा जानको लागि रु. ३०,०००।-५०,०००।- लगानी गरेको देखाउँदछ । विषेश गरी यो समूहका उत्तरदाताहरुले जहाज भाडा र राहदानी नवीकरण शुल्क मात्र लाग्दछ जसले आफन्त वा अन्य उपयुक्त स्रोतवाट निशुल्क प्रवेषाज्ञा पाउँछन् । काठमाडौमा रहेको मेनपावर कम्पनीले निशुल्क प्रवेषाज्ञा दिएकोले वैदेशिक रोजगारमा कम खर्चमा गएको थिए । त्यस्तै गरी १७.७८ प्रतिशत उत्तरदाताले ५०,०००।- देखि ७०,०००।-, ४८.८९ प्रतिशत उत्तरदाताले ७०,००० देखि ९०,०००।-, १४.४४ प्रतिशत उत्तरदाताले ९०,०००।- देखि १,१०,०००।- र ५.५६ प्रतिशत उत्तरदाताले मात्र १,१०,०००।- भन्दा वढी लगानी गरी वैदेशिक रोजगारमा गएका थिए । कार्यक्षेत्र अध्ययनको समयमा अधिकांस उत्तरदाताले वताएका थिए लगानीको रकम विषेश गरी व्यक्तिगत सम्वन्धको आधारमा निर्धारण

हुन्छ । उनीहरुले के पनि थपेका थिए भने स्थानीय दलाल र मेनपावर कम्पनी राम्रो जानेका र भरपर्दो हुँदैनन् । उनीहरुले प्रवासीलाई सजिलै प्रलोभनमा पार्न सक्दछन् जसले गर्दा लगानीको रकम वढ्दछ । एउटा उत्तरदाता जुन अन्तिम वर्गका थिए जसले खाडीराष्ट्रमा जानको लागि १,२५,०००।- लगानी गरेका थिए । वैदेशिक रोजगारको लगानी किन उच्च भयो भन्ने प्रश्नको उत्तर यस्तो थियो । पहिलो चोटी नचिनेको दलालको विश्वासमा पर्दा राहदानी र केही पेश्कि रकम रु.२०,०००।- गायब भयो । पछि फेरि अर्को व्यक्तिसँग सम्पर्क गर्दा वैदेशिक रोजगारको रकम उच्च हुन पुग्यो ।

साधारणतय वैदेशिक रोजगारमा जानको लागि लाग्ने रकम विभिन्न स्रोतवाट जुटाईएको थियो । किन कि कसैले पनि कुनै एउटै निश्चित स्रोतवाट जुटाएका थिएनन् । अध्ययन क्षेत्रमा अधिकांश उत्तरदाताहरु आर्थिक दृष्ट्रिकोणवाट कमजोर छन् । त्यसैले उनीहरुले मुस्किलले मात्र वैदेशिक रोजगारको लागि आवश्यक पर्ने रकम जुटाएको कुरा उनीहरुको आम्दानीको स्रोतबाट बुझिन्छ । तालिका ५.४ ले अध्ययन क्षेत्रमा वैदेशिक रोजगारको लागि गरिएको लगानीका वहु स्रोतहरु भएको उत्तर आएको देखाउँदछ ।

**तालिका ५.४ : जातजाति अनुसार वैदेशिक रोजगारका लागि लगानी स्रोत**

| लगानीको स्रोत | उत्तरदाताको संख्या | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | दलित | गैर दलित | | |
| व्यक्ति ऋणमा | १४ | ३८ | ५२ | ५७.७८ |
| आफ्नै खर्चमा | २ | ३४ | ३६ | ४०.०० |
| वैंक ऋणमा | | २ | २ | २.२२ |
| जम्मा | १६ | ७४ | ९० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

तालिका ५.४ ले ५७.७८ प्रतिशत उत्तरदाताले आफ्नो जमिन र सम्पत्ति वन्धकमा राखेर व्यक्तिवाट ऋण लिएको देखाउँदछ । अधिकांश दलित (८७.५ प्रतिशत) हरु यस वर्गमा पर्दछन् । तिनीहरुले आफुसँग भएको जमिन र सम्पत्ति विषेश गरी व्राह्मणलाई ऋणको सुरक्षाको रुपमा धितोमा दिन्छन् । त्यसको सट्टा ऋण दिने व्यक्तिले ऋण लिने व्यक्तिसँग चर्को व्याज असुल्दछन् । अध्ययन क्षेत्रमा व्याजको दर वार्षिक २४ प्रतिशतदेखि ३६ प्रतिशतसम्म छ । यस्तै गरी ४० प्रतिशत उत्तरदाताले वैदेशिक रोजगारको लागि आफ्नै खर्चको प्रयोग गरेका छन् । यी प्रवासीहरुको परिवारको आर्थिक स्थिती (दलितको तुलनामा) उच्च रहेको छ, जसलाई गाउँको आर्थिक दृष्टिले

सम्पन्न परिवार मानिन्छ । त्यस्तै गरी २.२२ प्रतिशत उत्तरदाताले वैदेशिक रोजगारमा जान वैंक ऋणको प्रयोग गरेका छन् । उनीहरुले आफ्नो जमिन घर वन्धकमा राखेर वैंकवाट ऋण निकालेका छन् । अध्ययन क्षेत्रको नमूना घर परिवारमा जमिन विक्रीवितरण गरेर वैदेशिक रोजगारको लागि लगानी जुटाउने परिवार पाइएन । जमिन ग्रामीण क्षेत्रका मानिसहरुको लागि प्रमुख सम्पत्ति हो । आर्थिक संकटको अवस्थामा मानिसहरुले जमिन विक्रीवितरण गर्ने गर्दछन् । त्यसको साथै केही व्यक्तिहरुले आँफुसँग भएका वस्तुभाउहरु विक्रीवितरण गरेर पनि वैदेशिक रोजगारको लागि लगानी जुटाउँदछन् ।

धेरै जसो वैदेशिक रोजगारमा जाने व्यक्तिहरुले उच्च व्याजदरमा ऋण लिने तर पछि उक्त उच्च व्याज तिर्न सक्ने जति कमाइ गर्न सक्दैनन् । यस्तो किसिमको उदाहरणहरु गाउँमा धेरै पाईन्छन् । वैदेशिक रोजगारमा जान ईच्छा गरी योजना वनाउने व्यक्तिहरुले धेरै पैसा कमाउने, सजिलै ऋण तिर्ने जस्ता एउटै साभ्रा वीचार सपना वोकेका हुन्छन् । अर्कोतर्फ केही ऋण लिएर भए पनि वैदेशिक रोजगारवाट आय आर्जन गरी देशको लागि पनि केही गर्ने चाहना हन्छ तर जहाँ तहीवाट यस्तो ऋण स्वरुप आर्थिक सहयोग पाउन गाह्रो हुन्छ । सवैजसो पैसावालहरुले यस्ता व्यक्तिलाई ऋण दिन सजिलै स्वीकार गर्दैनन् । किनभने उनीहरुका कमाईबाट पछि पैसा फिर्ता होला भन्ने कुनै निश्चित रहँदैन ।

# अध्याय छ

# श्रम बसाइसराइको प्रभाव

बसाइसराइ एउटा घटना हो जसले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उदगम स्थान र गन्तव्यस्थानको सामाजिक सास्कृतिक र आर्थिक ढाँचामा प्रभाव पार्दछ । यस्तो किसिमको प्रभाव 'एउटै सिक्काका दुई पाटा' भन्ने उखान भैं गरी सकारात्मक नकारात्मक दुवै हुन सक्दछन् । जव मानिसहरु एक ठाउँवाट अर्को ठाउँमा जान्छन्, तिनीहरुले सधै व्यक्तिगत सामाजिक सास्कृतिक जीवनलाई समायोजन गर्ने कोशिस गर्दछन् । तिनीहरुले आर्थिक र सामाजिक तत्वको चाल चलनको श्रृंखला पनि प्राप्त गर्दछन् । अहिलेको अवस्थामा तिनीहरुको गतिशीलतावाट हुने पूरा सामाजिक आर्थिक फाइदाहरु निश्चय गर्न गाह्रो भएको छ । किनभने जव मानिसहरु गतिशील हुन्छन् तव फाईदा र मूल्यको गणना गर्न धेरै तत्वहरुले प्रभाव पार्दछन् । जे भएता पनि यस अध्ययनले उत्प्रवासको राम्रा प्रभावहरुलाई प्रकट गर्ने प्रयास गरेको छ । श्रम वसाइसराइले उद्‌गम स्थलका मानिसहरुको जीवन शैली सामाजिक सास्कृतिक र आर्थिक पक्षमा के प्रभाव पारेको छ ? वैदेशिक रोजगारमा संलग्न अधिकांस मानिसहरुका अनुसार ग्रामीण घर परिवारको आर्थिक अवस्थालाई सुधार्ने प्रमुख कारण वैदेशिक रोजगार हो भनेका छन् । यस अर्थमा नेपाली कामदारहरुलाई अन्तराष्ट्रिय श्रम वजारमा माग नगर्ने हो भने वर्तमान अवस्थामा उनीहरुको जिविकोपार्जन गर्न अप्ठ्यारोको सामाना गर्नु पर्ने हुन्छ । रोजगारी र जीविकोपार्जनको दृष्टिकोणबाट यहाँका मानिसहरुको वैदेशिक रोजगार प्रति सकारात्मक दृष्ट्रिकोण रहेको पाईयो, यस्तै गरी अन्य सकारात्मक प्रभाहा, ज्ञान र विभिन्न सीपमा रुचि र सामाजिक विकासमा रुपान्तरण आदि रहेका छन् । वैदेशिक रोजगारका केही प्रभावहरु तल उल्लेख गरिएको छ ।


## ६.१ कृषिमा प्रभाव

गाउँमा रहेको कृषि क्षेत्र वैदेशिक रोजगारवाट उच्च प्रभाव परेको छ । कृषिमा सकारात्मक भन्दा नकारात्मक प्रभाव वढी मात्रामा परेको देखिएको छ । ठूलोसंख्यामा मानिसहरु वैदेशिक रोजगारमा जानाले गाउँको कृषि कार्य कामदारको अभावको कारण कृषि क्षेत्र नराम्रो संग प्रभावीत छ । दलित समुदायवाट कृषि कार्यको लागि कामदार उपलव्ध हुने गरेको मा उनीहरुको समेत वैदेशिक रोजगारमा संलग्नता रहनाले ऋतुअनुसार कृषिमा गरिने ज्यालादारी श्रमिक अप्रर्याप्त

भएको छ जसले गर्दा गुजारा जीविकोपार्जन गर्ने कृषिमा नराम्रो प्रभाव परेको छ । त्यसको परिणाम स्वरुप खनजोत गर्ने गरिएको जमिन वाँझो चरण क्षेत्रमा परिणत भएको छ ।

**चित्र नं ६.१ वैदेशिक रोजगारवाट कृषिमा परेको प्रभाव**

**वैदेशिक रोजगारवाट कृषिमा परेको प्रभाव (प्रतिशतमा)**




चित्र ६.१ ले प्रवासीको जममा नमूना घर परिवारमा वैदेशिक रोजगारले कृषि उत्पादनमा पारेको प्रभाव देखाएको छ । ७३.३४ प्रतिशत उत्तरदाताले आफ्नो परिवारको सक्रिय सदस्य वैदेशिक रोजगारमा जानाले उत्पादन घटेको वताएका छन् । त्यस्तै गरी १३.३३ प्रतिशत उत्तरदाताले कृषि उत्पादनमा केही फरक परेको छैन जस्ताको त्यस्तै अवस्थामा छ भनेका छन् । त्यस्ता घर परिवारमा वढी मात्रामा कामदारहरु भए कोले केही वैदेशिक रोजगारमा गए पनि कषि उत्पादन घटेको छैन । त्यस्तै गरी १३.३३ प्रतिशत घर परिवारको खेती गर्ने जमिन छैन त्यसैले कृषि उत्पादन वढ्ने घट्ने  सन्दर्भको कुनै विषयवस्तु भएन ।

यस्तै गरी वैदेशिक रोजगारको अर्को प्रभाव वैदेशिक रोजगारमा जाने परिवारमा कृषि क्षेत्रमा चासो कम देखियो । जसमा वैदेशिक रोजगार पछि कुनै पेशा परिवर्तन गर्ने योजनाको वारेमा सोध्दा जम्मा ९० उत्तरदाताहरु मध्ययेे ४१ जना उत्तरदाताले पेशा परिवर्तन गर्ने सोचाई रहेको भनाई व्यक्त गरे । यसवाट पुष्टि हुन्छ की कृषि पेशा प्रति उनिहरुको कम चासो छ । सामन्यतया कृषि पेशामात्र गर्ने मानिसहरु पनि कठोर परिश्रमको सट्टामा कम उत्पादनको कारणले गर्दा आर्थिक फाइदा कम भएकोले कृषि पेशावाट निराश भएका छन् । कृषिवाट आउने आम्दानीको तुलनामा वैदेशिक रोजगारवाट आउने आम्दानी निकै राम्रो देखिएको छ । भावी पिडीहरुले पनि अवका दिनहरुमा कृषि पेशा भन्दा अर्को वढी आम्दानी क्षेत्र छनौट गर्ने प्रवृति वढिरहेको छ । यस

कारण यस गाउँका युवाहरुको कृषि पेशाप्रति एक दमै कम झुकाव रहेको देखिन्छ । समूह छलफलको समयमा अधिकांश सहभागीहरुले वर्तमा न अवस्थामा मानिसहरु आधुनिक विश्वको चम्कीलो ज्ञानबाट प्रभावित भएका छन् । तिनीहरुले आधुनिक युगको आनन्द प्राप्त गर्न चाहन्छन् । तिनीहरुले पूँजीवादीहरुको जस्तै गरी आफ्नो जीवन पद्धतिलाई वदल्न चाहन्छन् । यस गाउँका दलित जातजातिहरु जसको जमिनमा कम पहँच छ उनीहरुले उचच जातका परिवारमा कृषि कार्य गर्दै आएका थिए तर तिनीहरुले पहिले देखि गरीआएको कामलाई निरन्तरता दिने क्रम घट्दै गई त्यसको सट्टामा उनीहरुले वैदेशिक रोजगारको क्षेत्रमा काम गर्न वढी रुचि देखाएको पाइयो ।

## ६.२ विप्रेषण र यसको प्रभाव

वैदेशिक रोजगारवाट आउने विप्रषण महत्वपूर्ण देखिने फाइदा हो तै पनि यस अर्थतन्त्रमा पार्ने प्रभावलाई मुल्याङ्कन गर्न गाह्रो छ । विप्रषणले उपभोगको ढाँचालाई परिवर्तन गरी कृषि घरेलु उद्योग संग सम्वन्धित मागलाई फराकिलो वनाउँदछ । श्रम वसाइसराइले आर्थिक विकास र उनीहरुको न्यून पूँजी युक्त अर्थ व्यवस्था, समग्रमा श्रम वसाइसराइले श्रम आपूर्ति गर्ने पूरा देशको आर्थिक वृद्धिलाई दूषित र भ्रष्ट बनाउने कार्य गर्दैन (Collinson, 1994) ।

वैदेशिक रोजगारको विप्रेषणले घरपरिवारको अर्थतन्त्र र समग्र नेपालको अर्थतन्त्रलाई धेरै वर्षदेखि योगदान पुऱ्याउँदै आएको छ । नेपाल एउटा विकासोन्मुख देश भएकोले वेरोजगारी समस्या लामो समय देखिको मुख्य समस्याको रुपमा रहदै आएको छ । वैदेशिक रोजगारको विप्रषणले नेपालको ग्रामीण र शहरी दुवै क्षेत्रका घर परिवारको आर्थिक अवस्थालाई सुधार गेरेको छ । विप्रेषणले घर परिवारको अर्थतन्त्रलाई मात्र योगदान पुऱ्याएको छैन यसले नेपालमा विदेशी वस्तु सटही गर्ने एक महत्वपुर्ण स्रोत भएको छ । यो भन्न अत्यूक्ति नहोला कि नेपालको अथतन्त्र विदेशी विप्रेषणमा निर्भर छ । वैदेशिक रोजगार वापत प्रतिवर्ष करिव ७३ विलियन रुपैया नेपालमा विप्रेषण आउँदछ (नेपाल राष्ट्र वैंक २०५९) । अहिलेको नेपालको महत्वपूर्ण चुनौती गुजारा विप्रेषणको वर्तमान तह जुन कुल ग्राहस्थ उत्पादनको १२% रहेको छ । सरकारले वैदेशिक रोजगार सम्वन्धी औपचारिक स्मरण पत्रमा सही गरेको छ । मलेशियाले यसलाई अनुमोदन गरेको छ । कतार, युनाईटेड अरव इमिरेट, हङकङ र कोरिया संग प्रक्रियागत कुराहरु चलिरहेका छन् । नेपालले ३ वोटा नापका गुजारा वैदेशिक रोजगार र विप्रेषण लिन सक्दछ । पहिलो सवभन्दा महत्वपूर्ण लामो समयसम्म लगानी निरन्तर रहिरहने, आवश्यक दक्षता सहित अंग्रेजी भाषामा जोड दिइएको हुन्छ । दोस्रो रोजगारीको खोजी गर्ने कुराकानीलाई विदेशीहरुसंग फैलाउने रहेको छ । तेस्रो नेपाली कामदारका लागि आकर्षण व्यवसायिक उपकरणहरु, उनीहरुको तलव र प्रवेषाज्ञालाई औपचारिक

माध्यमवाट उपलव्ध गराउन आवश्यक छ (World Bank 2005) । वास्तवमा विप्रेषणले मानिसहरुको जीविकोपार्जन गर्न र जीवनस्तर लाई उच्च पार्न प्रभाव पार्दछ । यदी त्यहाँ राम्रो आम्दानीको स्रोत छ भने मनीसहरुले उनीहरुका सम्पूर्ण आवश्यकताहरु पूरा गर्न सक्दछन् । अध्ययन क्षेत्रमा पनि मानिसहरुले असल जीवन व्यतीत गर्नको लागि अझ वढी कमाउने प्रवृति हुन्छ । वर्तमान अवस्थामा एउटा व्यक्तिको स्थिति राम्रो हुने नहुने उसको कमाइले निर्धारण गर्दछ ।

## ६.२.१ वैदेशिक रोजगारको आम्दानी

वैदेशिक रोजगारको आम्दानी र तलव तिनीहरुको गन्तव्य देशको प्रकार उनीहरुले गर्ने कार्य अनुसार फरक फरक देखिन्छ । सामान्यतया आम्दानीको अवस्थाअनुसार गन्तव्यस्थानमा नेपाली कामदारहरु जाने देशलाई ३ समूहमा वर्गिकरण गरिएको छ । पहिलो समूहमा उच्च औधोगीक र विकसित देशहरु युरोप, उत्तर अमेरिका र पूर्वी उसिया (जापान, हङकङ जाहाँ नेपालीहरुले मध्यम स्तरको तलव प्राप्त गर्दछन् ती देशहरु समावेश भएका छन् । तेस्रो समूहमा भारत पर्दछ । जाहाँ कामदारले कम तलव प्राप्त गर्दछन् जुन तलव स्केल नेपाली श्रम वजारको तलवसंग त्यति भिन्नता छैन । गन्तव्यस्थलमा भएका आश्चर्यजनक, आनन्ददायक साधनहरुले पनि श्रमिकलाई प्रलोभनमा पार्दछ । त्यस्तै गरी प्रवासी श्रमिकहरु जो खाडी राष्ट्रहरुमा गएका छन् उनीहरुले कमाएको अधिकांश भागको सुरक्षा, नियम कानून अत्यन्तै कठोर भएकोले व्यक्ति कुलतमा लागि पैसा खर्च नहुने भएकोले व्यक्तिलाई वढी अम्दानी गर्न सजिलो हुन्छ ।

विषेश गरी यस अध्ययनमा माथि उल्लेख गरिएको दोस्रो समूहका देशहरु संग सम्वन्धित भै अध्ययन गरिएको छ । नमूना घर परिवारका प्रवासीको मासिक आम्दानी विवरण तल तालिका ६.१ मा दिइएको छ ।

**तालिका ६.१ : रोजगार क्षेत्रमा उत्तरदाताको मासिक आम्दानी**

| आम्दानी रुपैंयामा | कषि | होटल | घर | निर्माण | उद्योग | यातायात | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | जना (%) | जना (%) | जना (%) | जना (%) | जना (%) | जना (%) | जना (%) |
| ८०००-११००० | ७(७.७८%) | ७(७.७८%) | ८(८.८९%) | १७(१८.८९%) | ८(८.८९%) | २(२.२२%) | ४९(५४.४४%) |
| ११०००-१४००० | ३(३.३३%) | ८(८.८९%) | १(१.११%) | ६(६.६७%) | ४(४.४४%) | | २२(२४.४४%) |
| १४०००-१७००० | २(२.२२%) | ४(४.४४%) | | ४(४.४४%) | ३(३.३३%) | | १३(१४.४४%) |
| १७०००-२०००० | | २(२.२२%) | | ३(३.३३%) | | | ५(५.५६%) |
| २००००-भन्दा वढी | | १(१.११%) | | | | | १(१.११%) |
| जम्मा | १२.०० (१३.३३%) | २२.०० (१२४.४४%) | ९.०० (१०%) | ३०.०० (३३.३३%) | १५.०० (१६.६७%) | २.०० (२.२२%) | ९०.०० (१००%) |

***स्रोत : स्थलगत सर्वेक्षण, २०६६***

तालिका ६.१ ले विदेशमा रहदाको अवस्थमा कार्य गरेको क्षेत्र र मासिक आम्दानी देखाएको छ । जम्मा उत्तरदाताहरुमध्ये अधिकांश उत्तरदाताहरु ५४.४४ प्रतिशतले तिनीहरुको मासिक तलव ८०००-११००० सम्म भएको वताएका छन् , त्यस्तै गरी २४.४४ प्रतिशलते ११०००-१४००० सम्म, १४.४४ प्रतिशतले १४०००-१७००० सम्म , ५.५६ प्रतिशतले १७०००-२०००० सम्म र १.११ प्रतिशतले मात्र २०,००० भन्दा वढी तलव पाएको वताएका छन् । केही उत्तरदाताहरुले वताएका थिए : उनीहरुले सम्झौता पत्रमा उल्लेख गरे अनुसारको तलव र सुविधा पाएका थिएनन् । ७२ प्रतिशत उत्तर दाताले अतिरिक्त समय काम गरेको र अतिरिक्त समयको घण्टा अनुसार तलव पाएको वताएका छन् । जे भएता पनि ५०% उत्तरदाताले अतिरिक्त समयको तलवले दैनिक खर्च गरी तलव स्केल पूरा वचाएको वताएका छन् । तलवमानको तालिकाले के देखाउँदछ भने अधिकांश उत्तरदाताले नाममात्रको तलव पाएका छन् किन की उनीहरुले अदक्ष र कम स्तरको काम मात्र पाएका छन् । तुलनात्मक रुपमा होटेल र यातायातमा कम गर्नेले वढी तलव पाएका छन् । यी दुई क्षेत्रमा काम गर्नेहरु विषेश गरी सेवक, सोधपुछ कर्ता, भान्छे र ड्राईभर हुन उनीहरुलाई दक्ष र प्राविधिक काम दिइएको थियो । यस्तैं गरी उद्योग, घर, कम्पनिमा चौकीदार र सुरक्षगार्डले पनि तुलनात्मक रुपमा उच्च तलव पाएका छन् ।

त्यस्तै गरी विभिन्न कार्यक्षेत्रहरुमध्ये अधिकांश उत्तरदाताहरु (३३.३३%) निर्माण कार्यमा संलग्न भएका छन् ।त्यस्तै गरी होटलमा २४.४४ % कृषीमा १३.३३ %, घरमा १०%, उद्योगमा

१६.६७ प्रतिशत र यातायतमा २.२२% मानिसहरु संलग्न भएका छन् । काम गर्ने समयको सम्वन्धमा अधिकांश उत्तरदाताले अतिरिक्त समयबाहेक ८ घण्टा मात्र काम गर्नु पर्ने बताएका छन् । तर जुन व्यक्तिहरु कृषि कार्यमा समावेश भएका छन्, तिनीहरुको काम गर्ने समयको सिमा छैन् । समग्रमा हामी के भन्न सक्दछौं भने नेपालीहरुले आफ्नो चाहना अनुसाकरो काम पाउन त्यति सक्षम भएका छैनन् । केही उत्तरदाताहरुले उनीहरुको कामको प्रकृतिलाई भन्दा वढी तलवलाई जोड दिने गर्दछन् ।

यस्तै गरी वैदेशिक रोजगारमा रहँदाको अवधिभर कमाएको रकममा भिन्नता पाइएको छ । उत्तरदाताले १ लाखदेखि १० लाखसम्म कमाएको बताएका छन् । कार्यक्षेत्र अध्ययनको समयमा केही उत्तरदाताहरुले आफूले कमाएको रकम बताउन चाहेनन् । जे भएता पनि औसत आम्दानी प्रति व्यक्ति करिव ५ लाख २१ हजार भएको पाइयो ।

### ६.२.२ विप्रेषणको प्रयोग

विप्रेषणको प्रयोगको उद्देश्य घर परिवारको आवश्यकतामा भर पर्दछ । नेपालको सन्दर्भमा सिमावाहीर बसाइ सराइ गराउनको लागि वाध्य गराउने महत्वपूर्ण तत्व घर परिवारको जस्तै राष्ट्रिय कमजोर आर्थिक अवस्था हो । बैदेशिक रोजगार नै नेपालको ग्रामीण घर परिवारको आम्दानीको प्रमुख स्रोत हो (Graner and Karmachaya 2001) । बैदेशिक रोजगारमा संलगन घर परिवारका व्यक्तिले विप्रेषणको प्रयोग ३ वटा उद्देश्यको लागि गरिएको छ । पहिलो उद्देश्य उनीहरुका अति आवश्यकीय वस्तु जस्तै खाद्यन्न, कपडा, शिक्षा र स्वास्थ्यमा, दोश्रो उद्देश्य व्यवसायमा लगानी गर्ने, ऋण तिर्न, वैंकमा वचत गर्न र तेस्रो उद्देश्यमा जमिन किन्न, नयाँ घर निर्माण गर्न र केटाकेटीको शिक्षामा लगानी गर्न विप्रेषणको प्रयोग गर्दछन् । जे भएता पनि विप्रेषणको पहिलो प्राथमिकता जीवनका तत्कालीन दैनिक आवश्यकता परिपूर्तिले पाएको छ । कार्यक्षेत्र अध्ययनको समयमा ७८.८९% उत्तरदाताले वैदेशिक रोजगार पछाडि जीवनस्तरमा सुधार आएको देखाएका छन् ।

अध्ययन क्षेत्रमा विप्रेषणको प्रयोग विभिन्न उद्देश्यको लागि भएको पाइयो । अधिकांश उत्तरदाताहरुले विप्रेषणको प्रयोग एउटै उद्देश्यले नै विभिन्न उद्देश्यको लागि भएको वताएका छन् ।

**तालिका ६.२ : अध्ययन क्षेत्रमा विप्रेषणको प्रयोगको क्षेत्र**

| क्षेत्र | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| घरयासी खर्च | ७२.०० | १९.९४ |
| शिक्षा | ७२.०० | १९.९४ |
| ऋणको भुक्तानी | ६९.०० | १९.११ |
| घर निर्माण र मर्मत | ६९.०० | १९.११ |
| वचत | २९.०० | ८.०३ |
| जमिन किन्न | २०.०० | ५.५४ |
| व्यापार | २०.०० | ५.५४ |
| सवारी साधन | १०.०० | २.७७ |
| जम्मा | ३६१.०० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

नोट : प्रतिशत ३६१ जनाको आधारमा गरिएको छ, ९० जना उत्तरदाताले वहुउत्तर दिएका छन् ।

तालिका ६.२ ले नमूना घर परिवारले विप्रेषण प्रयोगको वहु उत्तर दिएको देखाएको छ । तथ्याङ्कले वैदेशिक रोजगारमा संलग्न कामदारले विप्रेषणले प्रयोग विभिन्न उद्देश्यको लागि गरेको देखाउँदछ । अधिकांश व्यक्तिहरुले विप्रेषणको प्रयोग आधारभूत दैनिक आवश्यकताहरु पूरा गर्ने जस्ता कामलाई प्राथमिकता दिएको पाइयो । कार्य क्षेत्र अध्ययनको समयमा नमूना घर परिवारका ९० घर, परिवारहरु मध्ये ७९ घर परिवारका उत्तरदाताले ऋण लिएका थिए । तिनीहरुमध्ये ६० जनाले समयमै ऋण तिर्न सक्षम भएका थिए । केही व्यक्तिहरु जो सँग धेरै विप्रेषण छ । उनीहरुले सानो तिनो व्यवसायमा लगानी गरेका छन् । अथवा व्याज लिने गरी अन्य व्यक्तिलाई दिएका छन् अथवा उत्पादन मूलक अन्य क्षेत्रमा लगानी गरेका छन्, जसले गर्दा उक्त लगानीले छुट्टै आम्दानी बढाएको छ । तर धेरे परिवारको सन्दर्भमा विप्रेषणको प्रयोग उनीहरुका आधारभूत आवश्यकता भै खर्च भएको छ । उनीहरुको थोरै विप्रेषण मात्र लामो अवधिको उद्देश्यको लागि खर्च भएको छ । केही घर परिवारले विप्रेषणको प्रयोग जग्गा जमिन खरिद गर्न, नयाँ घर निर्माण गर्न र वच्चाहरुको शिक्षाको लागि प्रयोग भएको छ । सुन्दर किसिमको घर निर्माण गर्ने हरेक वैदेशिक रोजगार गर्न व्यक्तिको सपना भैरहेको छ । समूह छलफलको अवधिमा अधिकांश अभिभावकहरुले के कुरामा जोड दिएका थिए भने विप्रेषणको प्रयोग उनीहरुका वच्चाहरुको शिक्षामा गरी भविष्यमा आफ्नै देशमा असल काम गर्न सक्ने सक्षम व्यक्ति बनाउने कुरामा जोड दिएका थिए । बैदेशिक

रोजगरामा रहँदाको अवस्थामा विभिन्न किसिमका पीडा र वेइजतीजस्ता कुराहरु प्रति सावधानी रहेको उनीहरुको अनुभव छ यस बाहेक केही मानिसहरुले विप्रेषणको प्रयोग व्यक्तिको आवश्यकता पूरा गर्ने जस्तै गहनाहरु, सवारी साधन र अन्य विलासिताका वस्तु किन्न प्रयोग भएको छ । केही प्रवासीहरुले कुश्मा पोखरा जस्ता प्रमुख शहरहरुमा घर जग्गा खरिद गर्ने इच्छा राख्दछन् । समग्रमा अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट प्रापत भएको विप्रेषणको प्रयोग ३ वटा उद्देश्यका लागि प्रयोग भएको पाइयो ।

**छोटो अवधिको उद्देश्यहरु :**

जीवीकोपार्जनको लागि लागि दैनिक आवश्यकताहरु जस्तै खाद्यान्न, कपडा, इन्धन, औषधि आदिको वन्दोवस्त गर्ने ।

**मध्य अबधिका उद्देश्यहरु :**

व्यवसाय, वस्तुभाउ, घरको मरमत, ऋणको भुक्तानी गर्ने कार्यमा लगानी गर्ने ।

**लामो अवधिका उद्देश्यहरु :**

जमिन, समपत्तीको खरिद, नयाँ घरको निर्माण र वच्चाहरुको शिक्षा आदि जस्तामा लगानी गर्ने ।

यस कारण हामी निष्कर्षमा के भन्न सक्दछौं भने विप्रषणको प्रयोग विभिनन प्रयोजनको लागि भएको छ । यसले गाउँका मानिसहरुको गुजारा जिविका चलाउनको लागि ठूलो योगदान पुऱ्याएको छ ।

## ६.३ घर परिवारे सम्पत्तिमा परिवर्तन

श्रम वसाइसराइको परिणाम स्वरुप घरपरिवारको विभिन्न किसिमको सम्पत्तिमा स्वामित्व कायम भएको छ । यसले जीवनस्तरमा परिवर्तन ल्याई पूरानो चलन तरिकामा परिवर्तन ल्याएको छ । यस्ता परिवतृनहरु सकारात्मक नकारात्मक दुवै प्रकृतिका हुन्छन् । वैदेशिक रोजगारको आम्दानीले धेरै घर परिवारको आर्थिक अवस्थामा सुधार ल्याएको छ । जसले गर्दा शिक्षा, पेशा, मानिसहरुको खाने र लगाउने वानी व्यवहारमा परिवर्तन आएको छ । धेरै उत्तरदाताहरुले गुणस्तरीय शिक्षा प्राप्त गर्नको लागि तिनीहरका वच्चाहरुलाई निजी विद्यालयमा पठाएका छन् । कार्यक्षेत्र अध्ययनको समयमा वैदेशिक रोजगारवाट आर्थिक अवस्था वलियो भए पछि घरपरिवारले आफ्नो वच्चालाई निजी विद्यालयमा भर्ना गरेको पाइयो । यसको अतिरिक्त तिनीहरुले क्रमस : घरेलु सुविधाहरुमा पनि सुधार गर्दै आएका छन् जस्ते रेडियो, टेलिभिजन , भि.सि.डी, भि.सि.आर.

सवारी साधन  आदि । कार्यक्षत्र  अध्ययनको समयमा घर परिवारको सम्पत्तिको परिणाम जुन वैदेशिक रोजगार पछाडि देखिएको छ , जसलाई तलको तालिकामा स्पष्ट पारीएको छ ।

**तालिका ६.३ : वैदेशिक रोजगारमा जानुभन्दा अगाडि र पछाडि नमूना घर परिवारको घरेलु सुविधाहरुको स्थिति**

| किसिम | वैदेशिक रोजगारमा जानु अगाडि | | वैदेशिक रोजगारमा जानु पछाडि | |
|---|---|---|---|---|
| | घरपरिवारको संख्या | प्रतिशत | घरपरिवारको संख्या | प्रतिशत |
| टेलिभिजन | २५ | २७.७८ | ७५ | ८३.३३ |
| भि.सि.डि/भि.सि.आर | १३ | १४.४४ | ६४ | ७१.११ |
| कम्प्यूटर | १ | १.११ | ६ | ६.६७ |
| सवारी साधन | १ | १.११ | ३ | ३.३३ |
| गोवर ग्याँस | | | १ | १.११ |
| चर्पी | ८३ | ९२.२२ | ८८ | ९७.७८ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

नोट : ९० घरपरिवारको आधारमा प्रतिशतमा लेखिएको ।

तालिका ६.३ ले नमूना घर परिवारको घरेलु सुविधाहरुलाई वैदेशिक रोजगारमा जानु भन्दा अगाडि र पछाडिको तुलनात्मक स्थिति देखाईएको छ । बैदेशिक रोजगारमा जानु भन्दा अगाडि २७.७८ प्रतिशत घर परिवारमा टेलिभिजन थियो भने वैदेशिक रोजगार पछाडि ८३.३३% घर परिवारले टेलिभिजन भएको देखियो । त्यस्तै गरी वैदेशिक रोजगारमा जानु अगाडि भि.सि.डि./भि.सि.आर. १४.४४ % भएकोमा बैदेशिक रोजगार पछाडि बढेर ७१.११% मा पुगेको छ । त्यस्तै गरी १.११ प्रतिशतमा रहेको कम्प्यूटर र सवारी साधन पछाडि क्रमसः ६.६७% र ३.३३% पुगेको छ । गोवर ग्याँस वैदेशिक रोजगार अगाडि कुनै घर परिवारमा थिएन भने रोजगार पछाडि १.११% घर परिवारले मात्र गोवर ग्याँसको प्रयोग गरेको देखियो । त्यस्तै गरी ९२.२२ प्रतिशतको घरमा भएको चर्पी र वाथरुप वैदेशिक रोजगार पछाडि ९७.७८ प्रतिशतमा पुगेको तालिकाले देखाउँदछ ।

यो तथ्याङ्कले के स्पष्ट पारेको छ भने वैदेशिक रोजगारले घर परिवारको सम्पत्ति सुधारमा राम्रो योगदान पुऱ्याएको छ । समूह छलफलका सहभागीले वताएका थिए । अधिकांश प्रवासीहरुलाई आधुनिक सुविधाका साधनहरुमा वढी रुचि हुन्छ । केही सामाग्रीहरु जस्तै टेलिभिजन, भि.सि.डि, भि.सि.आर., टेप रेकर्डर, मोवाईल सेट, कम्प्यूटर इत्यादि उनीहरुद्धारा नै घर फर्कने

बेलामा ल्याउँदछन् । सायद प्रवासीहरु वाहिरी देशको चम्किलो जीवनबाट बढी प्रभावित भएका हुन सक्दछन् । अर्को तिर उनीहरुले त्यस्ता किसिमका सुविधाहर जतिसक्दो छिट्टो किनेर आफ्नो देशमा जुटाउन चाहन्छन् ।


घरको ढाँचाको सम्वन्धमा ७३.३% घर परिवारले आम्दानीको केही रकम उनीहरुको घर मर्मत गर्न, केही घरको अवस्थालाई परिवर्तन गर्न खर्च गर्ने वताएका छन् । कार्य क्षेत्र अध्ययनको समयमा के कुरा पत्ता लाग्यो भने अधिकांश प्रवासीहरुले वैदेशिक रोजगारबाट कमाएको पैसाले आफ्नो घर सुधार्नलाई पहिलो प्राथमिकता दिएको पाइयो । चित्र ६.२ र ६.३ ले नमूना घर परिवारको वैदेशिक रोजगारमा जानुभन्दा अगाडि र वैदेशिक रोजगारमा जानुभन्दा पछाडिको घरको स्थितिको बारेमा देखाईएको छ ।

**तालिका नं.६.४ : वैदेशिक रोजगारमा जानेको वैदेशिक रोजगारमा जानु अगाडि पछाडि घरको स्थिति**


| घरको स्थिती | अगाडि | | पछाडि | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| आर.सी.सी. | २ | २.२२ | ८ | ८.८९ |
| खरको | १० | ११.११ | १ | १.११ |
| ढुङ्गाको | ७८ | ८६.६७ | ८१ | ९०.०० |
| जम्मा | ९० | १००.०० | ९० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

**चित्र नं. ६.२ वैदेशिक रोजगारमा जानु अगाडि उत्तरदाताको घरको स्थिति (प्रतिशतमा)**



**चित्र ६.३ वैदेशिक रोजगारमा गए पछाडि उत्तरदाताको घरको स्थिति**




चित्र ६.२ र ६.३ बाट हामी के निष्कर्षमा पुग्दछौं भने नमूना घर परिवारमा घरको ढाँचामा धेरै सुधार आएको छ । तथ्याङ्कले के देखाउँदछ भने वैदेशिक रोजगार अगाडि ११.११% को खरको घर थियोभने वैदेशिक रोजगार पछाडि यो ढाँचाको घर घटेर १.११ प्रतिशतमा आएको छ । त्यस्तै गरी वैदेशिक रोजगारमा जानु अगाडि ८६.६७ प्रतिशतको ढुङ्गाको घर थियो भने वैदेशिक रोजगार पछाडि यो वढेर ९० % मा पुगेको छ । यसै गरी वैदेशिक रोजगारमा जानु अगाडि २.२२% को मात्र आर.सि.सि. घर थियो भने वैदेशिक रोजगार पछाडि यस प्रकारको घरको प्रतिशत वृद्धि भै ८.८९ % मा पुगेको छ । आर.सी.सी घर वनाउनाका लागि सम्वन्धित स्थानमा पूर्वाधारको अभाव भएका कारण उक्त गा.वि.स. कै मोटरवाटोले छोएको एरिया पातिचौर भन्ने ठांउमा आर.सी.सी घर निर्माण भएको पाइन्छ ।

## ६.४ जीवनशैलीमा परिवर्तन

श्रम वसाइसराइले समाजको आर्थिक पक्षलाई मात्र प्रभाव नपारी मानिसको जीवन शैलीमा पनि उच्च प्रभाव पार्दछ । कार्यक्षेत्र अध्ययनको समयमा आधुनिकीकरण र पूँजीवादको प्रभावले मौलिक संस्कृति र प्रविधिलाई यात समाप्त पारेको अथवा परिवर्तन गरेको पाईयो । विशेष गरी दलित मानिसहरुको घरेलु उत्पादन जस्तै कृषि औजार, चुवा चित्राको उत्पादन, छालाजुत्ता र सिलाई पेशाहरु संकटमा परेका छन् । यस्तै खानेपानी, जीवन शैली र तरिकामा पनि परिवर्तन आएको छ । विशेष गरी युवा र वच्चाहरुले आधुनिक उपजलाई रुचाएका छन् । केटाकेटीहरुले भुटेको मकैको सट्टामा बजारमा पाइने चाउचाउ जस्ता सुख्खा खानाहर मन पराउँदछन् । युवाहरु

पनि दुधबाट बनेको परिकार महिको सट्टामा नरम पेय पदार्थ जस्तै कोकाकोला पिउन रुचाउँदछन् । धेरै जसो मानिसहरुले अन्धाधुन्द रुपमा विदेशी संस्कृतिको नक्कल गर्न मन पराउँदछन् । धेरै जसो गृहणी र परिवारका सदस्यहरुले बजारमा उपलब्ध भएको विदेशी पोशाक लगाउन मन पराउँदछन् । गाउँका मानिसहरुको जीवनशैलीमा परिवर्तन ल्याउने धेरै तत्वहरु छन्, तिनीहरु मध्ये वैदेशिक रोजगारलाई प्रभावकारी माध्यमको रुपमा महसुस गरिएको छ, किनभने वैदेशिक रोजगारमा संलग्न व्यक्तिले विचार र पैसा दुवै ल्याउँदछन् ।

समूह छलफलका धेरै सहभागीले बताएका छन्, वैदेशिक रोजगारमा गएको व्यक्ति आफ्नो देशमा फिर्ता भएपछि मनोरञ्जन कार्यमा धेरै रुचिपूर्ण व्यवहार देखाएको पाइयो । तिनीहरुले कृषि कार्यलाई कम रुची राख्दछन्, त्यसको सट्टामा संभव भएसम्म सानो तिनो व्यवसाय गर्न रुचि राख्दछन् । तिनीहरुले आफ्नो परम्परा र संस्कृतिलाई अवलम्बन गर्ने कार्यलाई कम जोड दिन्छन् । यस्ता प्रवृत्तीहरु मध्ये कृषि कार्यमा धेरै असामान्य प्रभाव परेको पाइयो । परम्परागत रुपमा कृषि कार्यमा चलन चल्तीमा रहेको पर्म प्रणाली घट्दै गै ज्यालादारी प्रणाली वढिरहेको छ र प्रवासी जसले पेशामा परिवर्तन गर्ने सोचमा छन्, उनीहरुले कृषि क्षेत्र वाहेक व्यापार, होटल व्यवसाय तथा ड्राइभिङ्ग पेशामा संलग्न भएको पाइयो ।

## ६.५ प्रवासीको वैदेशिक रोजगार अगाडि र पछाडिको सीप

बैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषण सँधै उसको शैक्षिक योग्यता र सीपले निर्धारण गर्दछ । शिक्षाको अभावको कारणले गर्दा यो गाउँका प्रवासी कामदारहरु अदक्ष कामदार बन्न बाध्य छन् । नेपालबाट जाने अधिकांश कामदारहरु अदक्ष कामदार कै रुपमा बाहीर देशमा जान्छन् । नेपालका कामदारहरु जो सीप सिकेका दक्ष कामदारहरु छन्, तिनीहरुले ड्राईभर, भान्छे, विक्रेता, सुरक्षा गार्ड, सिकर्मी आदि जस्ता पदहरुमा काम पाइरहेका छन् । हालसालै केही मेन पावर कम्पनिहरुले वैदेशिक रोजगारमा जाने व्यक्तिहरुलाई जानुभन्दा अगाडि छोटो अवधिको तालिम दिएर पठाउने कार्यको थालनी गरेका छन् । जे भएता पनि नेपाली कामदारहरु कम योग्यता भएको कारण राम्रो तलव र सुविधाहरु प्राप्त गर्न सकिरहेका छैनन् ।

यस गाउँमा वाहिर देश काम गरी आएका व्यक्तिहरुको पनि त्यति सीपको विकास हुन सकेको छैन । अधिकांश कामदारले आफ्नो योग्यता अनुसारको काम नपाएको हुँदा आफ्नो योग्यता र क्षमताको विकास गर्ने अवसर पाएका छैनन् । पहिल नै जनाई सकिएको छ कि गाउँका मानिसहरु अशिक्षित र अदक्ष भएकोले अधिकांशको नयाँ सीप सिक्ने क्षमता पनि छैन । यद्यपि वाहिरी देशमा पनि केही उपकारी कम्पनिहरु हुनछन् । त्यसैले त्यस्ता कम्पनिबाट केही सीप सिक्न

सक्षम भएका छन् । तालिका ६.५ ले वैदेशिक रोजगार पछि प्रवासी कामदारले सिकेका सीपहरु देखाइएको छ ।

**तालिका ६.५ : वैदेशिक रोजगार पछाडि उत्तरदाताको सीप क्षमता**

| सीप दक्षताको प्रकार | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| परिवर्तन नभएको (पहिलाको जस्तै) | ७२ | ८० |
| ईलेक्ट्रीसियन | ६ | ६.६७ |
| फूलवारी सम्वन्धी | ५ | ५.५६ |
| भान्छे | २ | २.२२ |
| कम्प्यूटर अपरेटर | २ | २.२२ |
| सिलाई सम्वन्धी | १ | १.११ |
| ड्राइभिङ्ग | २ | २.२२ |
| जम्मा | ९० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

तालिका ६.५ बाट हामी के पत्ता लगायौं भने ८० प्रतिशत उत्तरदाताको वैदेशिक रोजगारको अवधिमा कुनै सीपको विकास भएको छैन । बाँकी २० प्रतिशत उत्तरदाताले केही सीप सिकेका छन् । तथ्याङ्कले ६.६७ प्रतिशत उत्तरदाताले ईलेक्ट्री सम्वन्धी सीप सिकेका छन् । त्यस्तै गरी ५.५६ प्रतिशत उत्तरदाताले फूलवारी सम्वन्धी र भान्छेको सीप सिकेका छन् । यस्तै गरी कम्प्यूटर अपरेटरमा २.२२, सिलाई सम्वन्धीमा १.११ र ड्राईभिङ्ग सम्वन्धीमा २.२२ प्रतिशतका दरले उत्तरदाताले सीप सिकेका छन् । अन्त्यमा हामी के भन्न सक्दछौ भने वैदेशिक रोजगारले केही सीप र प्रविधिलाई आयत गर्नको लागि सहयोग मिलेको छ । केही उत्तरदाताले बताएका छन्, बाहिरी देशमा जानुभन्दा अगाडि नै उक्त कामसँग सम्वन्धित सीप सिकी सकिएको थियो । अधिकांश उत्तरदाताले वाहीरी देशमा सिकेको सीपलाई आफ्नो गाउँमा प्रयोग गरी रहेका छन् ।

## ६.६ श्रम बसाइसराइसँग सम्वन्धित समस्याहरु

बसाइसराइ एक ठाउँबाट अर्को ठाउँको गतिशीलता हो, जसले उद्‍गम स्थान र गन्तव्य स्थानमा धेरै महत्व राख्दछ । यद्यपि बसाइसराइलाई पूरा प्रभावकारी आकर्षण गर्न गाह्रो छ । अझै केही तथ्याङ्कहरु जुन अन्तरवार्ता र समूह छलफलबाट लिइएको हो, जसले बसाई सराईलाई

सकारात्मक नकारातमक दुवै प्रकृतिका तत्वले प्रभाव पारेको छ । केही गाउँमा वसाइसराइसँग सम्वन्धित तत्वहरुलाई यहाँ स्पष्ट पारिएको छ ।

### ६.६.१ परिवारका समस्याहरु

वयस्क भएको परिवारको सदस्यको अनुपस्थितिले परिवारले धेरै समस्याको सामना गर्नु पर्दछ । सवभन्दा अत्यधिक समस्या भनेको श्रम शक्तिको अभाव हो । अधिकांश घर परिवार कृषिमा निर्भर रहेका छन्, त्यसैले कृषिमा श्रम शक्तिको अभावको कारण उत्पादन घटी रहेको छ । ७३.३४ प्रतिशत (चित्र ६.१) उत्तरदाताहरुले उत्पादन मूलक सदस्यको अनुपस्थितिको कारण कृषि उत्पादन घटिरहेको छ भनेका छन् । वैदेशिक रोजगारमा जाने व्यक्तिहरुका गृहणीहरुले घरेलु वस्तुहरुका गह्रौ भारीहरु वोक्दछन् र उनीहरुसँग आफ्ना बच्चाहरुको रेखदेख गर्ने उपयुक्त समयको अभाव हुन्छ । समूह छलफलमा केही सहभागीहरुले बताएका छन्, अरबी लाहुरेहरुका बच्चाहरु धेरै तरिकाबाट विग्रदै गएका छन्, जस्तै शिक्षामा अनिरन्तरता, लागु पदार्थको दुर्व्यसनी, दादा गिरी, चोर इत्यादी । यस्ता किसिमका युवाहरुको समस्या परिवारको मात्र समस्या नभै समुदाय र राष्ट्र कै पनि समस्या बनेको छ ।

यस्तै गरी लामो समय सम्मको प्रवासीको अनुपस्थितिले परिवारका सदस्यहरुमा सामाजिक समस्या र मनोवैज्ञानिक चिन्ताको सृजना गर्दछ । तालिका ६.६ ले प्रवासीको परिवारले सामना गर्नु पर्ने समस्या र चिन्ताको वर्गीकरणलाई देखाईएको छ ।

**तालिका ६.६ : उत्तरदाताका परिवारले सामना गर्नुपर्ने सामाजिक र मनोवैज्ञानिक समस्याहरु**

| वर्गीकरण | परिवारको संख्या | प्रतिशत |
|---|---|---|
| मानिसक तनाव र दुःख | ४० | ४४.४४ |
| निर्णय गर्न गाह्रो | २४ | २६.६७ |
| असुरक्षाको महसुस | १३ | १४.४४ |
| आर्थिक कठिनाई | १३ | १४.४४ |
| जम्मा | ९० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

तालिका ६.६ अनुसार ४४.४४ प्रतिशत उत्तरदाताहरुले उनीहरुको परिवारको सक्रिय सदस्य को अनुपस्थितिले गर्दा परिवारमा मानिसक तनाव र दुःख भएको बताएका छन् । यस्तो किसिमको समस्या परिवारको मुली सदस्य बाहिर देश जानाले हुन्छ । यस्तै गरी २६.६७% उत्तरदाताले परिवारका काम काजहरु जस्तै विवाह, व्रतवन्ध, चाडपर्व, सम्पत्तिको खरिद, विक्रि,

अचल सम्पत्ती जग्गा जमिन विक्री गर्न तथा किन्नको लागि निर्णय लिन कठिनाई भएको परिवारका सदस्यले महसुस गरेको बताएका छन् । १४.४४ प्रतिशत उत्तरदाताले आफ्नो परिवारको सक्रिय सदस्य वैदेशिक रोजगारमा जानाले सामाजिक असुरक्षाको महसुस हुने कुरा बताएका छन् । सामन्यतया परिवारका सदस्यहरु बाहिर देशमा रहेको समयमा कुनै अप्रिय घटना घटेको खवर जस्तै मृत्युको खवर, गम्भीर घाईते भएको खवर र कुने गम्भीर रोग लागेको खवरबाट परिवारका सदस्यहरु अत्यन्तै दुःखी हुन्छन् ।अध्ययन क्षेत्रमा पनि २ वटा रोजगारको सिलसिलामा गम्भीर घाईते भएका घटनाहरु घटेको पाईयो । यस्तै गरी १४.४४ प्रतिशत उत्तरदाताले उनीहरुको सक्रिय सदस्यको अनुपस्थिती भएको अवस्थामा घर व्यवहार सम्हाल्न गाह्रो आर्थिक कठिनाई भएको बताएका छन् । अर्को तर्फ वैदेशिक रोजगारले परिवारका सदस्यहरु छुट्टी भिन्न भै पारिवारिक विखण्डनको अवस्था पनि ल्याउँदछ । सामान्य- तया संयुक्त परिवारको सदस्य रहेको व्यक्ति वाहिर देश गै राम्रो आम्दानी गर्न समर्थ भयो भने उसले आफु, श्रीमती र वच्चाहरु लिएर अलग्गै बस्न चाहन्छ । अध्ययन क्षेत्रमा ४ वर्षको अन्तरालमा १२ वटा परिवारमा छुट्टी भिन्न भएका समस्याहरु देखिएका छन् ।

**वैयक्तिक अध्ययन ३**

नाम पुष्कर क्षेत्री (नाम परिवर्तन)

उमेर : ३० वर्ष

वैदेशिक देश : कतार

पुष्कर क्षेत्री (नाम परिवर्तन) उनी एस एल सी सम्मको अध्ययन गरेका तर नेपालमा रोजगारीको अभावका कारण २०५९ सालमा वैदेशिक रोजगारीको लागि पहिलोपटक खाडी राष्ट्र कतारामा गएका थिए। विदेशमा गई पैशा कमाई आफ्ना सन्ततिलाई राम्रो शिक्षा दिने तथा घरको आर्थिक अवस्था सुधार गर्ने अभिलाषा उनीमा थियो । सोही अनुसार उनी २ पटक सम्म आउने जाने गरे । उनले वच्चा वच्चिको राम्रो शिक्षाका लागि शहरमा डेरा गरी श्रीमति र छोरा छोरीलाई राखे तर अपसोच यही विचमा उनकी श्रीमति अर्कै केटासंग लागेको कुरा उनले सुने जसले उनीमा साह्रै ठुलो मानसिक कष्ट दियो । विदेशमा गएर उनले आर्थिक उन्नती त गरे तर आफ्नो परिवार राम्रो संग संचालन हुन भने सकेन । उनकी श्रीमति अर्कासंग गै सकेकि त छैनन तरपनि छिमेकी समाजका अगाडी उनलाई लाज छ । श्रीमति छोडौ त छोरा छोरीको विचल्ली, अनेक झमेला, नछोडौ त समाजले कुरा कटी रहेको छ । न कमाएको पेसाको सदुपयोग, न इज्जत तै पनि मनलाई दह्रो वनाउन प्रयासरत छन् । सके सम्म उनी फेरी विदेशमा नजाने सोचमा छन् ।

### ६.६.२ वैदेशिक रोजगारको प्रक्रियाको अवधिमा ठग्याइ

वैदेशिक रोजगारवाट ठगीने घटना नेपालमा नयाँ होइन । नेपालमा च्याउ उम्रे झै गरी मेन पावर कम्पनिहरु खेलेका छन् । तिनीहरुको सञ्जाल देशभरि छरिएर रहेको छ । ती एजेन्सीहरुले आफ्ना दलालहरु मार्फत वाहिर देश जान ईच्छा हुने व्यक्तिलाई सहयोग पुऱ्याउदछन् । धेरै जसो दलालहरु गाउँका सोझासाझा व्यक्तिलाई सजिले प्रलोभनमा पार्न सकदछन् । तिनीहरुले गाउँको मानिसहरुलार्य वैदेशिक रोजगारको वारेमा विश्वस्त तुल्याउन सक्दछन् । तिनीहरुले सोझा व्यक्तिहरुवाट पहिल्यै भुक्तानी माग गर्दछन् र उक्त रकमलाई ठग्दछन् । कार्य क्षेत्र अध्ययनको समयमा यस्ता ठगेका घटनाहरु धेरै भेटीएका थिए । दलालहरु ग्रामीण क्षेत्रमा वसोवास गर्ने मानिसहरुलाई विनास पारेका छन् । शहरी क्षेत्रमा वढी महत्वकाङ्छी हुने मानिसहरु समेत यस्ता दलालको शिकार वनेका छन् । दलालहरुले मानिसहरु लाई विभिन्न तरिकावाट ठगीरहेका छन् । यसका साथै मानिसहरु वाहीर देशमा यही निश्चित गरेको तलव, कामको प्रकार, विमा र अन्य सुविधा र लगानीको पूरा सूचना विना दलालको भरमा जान्छन् । परिणाम स्वरुप तिनीहरु ठगीको शिकार बन्दछन् । यही नै वैदेशिक रोजगारमा जाने व्यक्तिको प्रमुख गल्ती हो । सामन्यतया दलालहरुले विशेष गरी गाउँका निरक्षर व्यक्तिहरुलाई ठगिरहेका छन् । सामन्यतया निरक्षर व्यक्तिहरुले असली र बदर हुने खालको प्रवेषाज्ञा छुट्याउन असफल हुन्छन् । तिनीहरु पूरा दलालको भर पर्दछन् र धोका पाउँदछन् । किन भने गन्तव्य देशको नक्कली प्रवेषाज्ञाको कारण तिनीहरुलाई नेपालको विमानस्थलमा फिर्ता पठाउँदछन् । तर खाडी राष्ट्रहरु र मलेशियामा गलत अथवा जाली प्रवेषाज्ञाको मुद्दामा तिनीहरुलाई सिधै जेलमा लैजान्छन् । तालिका ६.७ ले अध्ययन क्षेत्रका वैदेशिक रोजगारबाट ठगिएको अवस्थालाई देखाएको छ ।

**तालिका ६.७ शिक्षा अनुसार उत्तरदातालाई ठगेको मुद्दा र प्रकार**

| मुद्दाको प्रकृति | उत्तरदाताको संख्या | | | जम्मा |
|---|---|---|---|---|
| | साक्षर मात्र | माध्यमिक | आई.ए र माथी | |
| | जना % | जना % | जना % | जना % |
| नठगीएको | २६(२२.८८) | १३(१४.४४) | ३८(४२.२२) | ७७(८५.५६) |
| राहदानी गुमाएको | ३(३.३३) | २(२.२२) | १(१.११) | ६(६.६७) |
| पैसा गुमाएको | ३(३.३३) | १(१.११) | | ४(४.४४) |
| तत्कालै फिर्ता भएको | २(२.२२) | | १(१.११) | ३(३.३३) |
| **जम्मा** | ३४(३७.७८) | १६(१७.७८) | ४०(४४.४४) | ९०(१००) |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

अहिलेको व्याख्या जस्तै गरी धेरै नेपाली कामदारहरु वैदेशिक रोजगारको नामबाट नराम्रोसँग ठगिएका छन् । अध्ययन क्षेत्रमा ८५.५६ प्रतिशत उत्तरदाताहरु माथिको तथ्यबाट ठगिएका छैनन् तर १४.४४ प्रतिशत उत्तरदाताहरु वैदेशिक रोजगारको नामबाट विभिन्न तरिकाबाट ठगिएको दावी गरेका छन् । ठगिएका उत्तरदाताहरु मध्ये ६.६७ प्रतिशतले राहदानी गुमाएका छन्, त्यस्तै अर्का ४.४४% उत्तरदाताहरु पैसा गुमाउने शिकारमा परेका छन् । यस्तै गरी ३.३३ प्रतिशत उत्तरदाताहरु तत्कालै फर्कनु पर्ने अवस्थामा परेका छन् । तत्कालै फर्कने उत्तरदाताहरु मध्ये १ जनाले जेलको अनुभव समेत लिएर आएका छन् ।

कार्य क्षेत्र अध्ययनको अवधिमा यो कुरा पत्ता लाग्यो कि प्रवासीको शैक्षिक स्थितिले ठगिने सवालमा उच्च प्रभाव पारेको छ । तालिका ६.७ बाट हामी के निष्कर्षमा पुग्न सक्दछौं भने कम शिक्षित मानिसहरु शिक्षीत मानिसहरुको तुलनामा वैदेशिक रोजगारको प्रक्रियाबाट नराम्रोसँग ठगिएका छन् । अधिकांश ठगिएका कामदारहरु एस.एल.सी. मुनी समूहका छन् । जे भएता पनि एक जना उत्तरदाता जसको योग्यता आई.ए. भन्दा माथि छ उनी पनि वैदेशिक रोजगारबाट तत्कालै फकाइएका थिए । यसरी फर्किनुको कारणमा सम्झौता पत्र र योग्यता अनुसारको काम उपलब्ध नभएकोले फर्केको बताएका थिए ।

### वैयक्तिक अध्ययन ४

नाम : कृष्ण वहादुर वि.क.

वर्ष: ३२

हाल : मलेसिया

कृष्ण वहादुर वि.क.जो ३२ वर्षका छन् उनी तत्कालिन शाही नेपाली सेन (हाल नेपाली सेना) को सिपाही दर्जामा कार्यरत थिए १० वर्षे जनयूद्धको भयावह अवस्थामा एकपटक उनी रुकुममा भिडन्तमा परेतापनि संयोगले वाच्न सफल भए । तत्पश्चात उनको घर परिवारको दवाव र तत्कालिन अवस्थामा अन्त्यहीन जस्तो लाग्ने यूद्ध चलिरहेको वेला उनीमा पनि त्योखालको विचार उत्पन्न भै आफ्ना घर परिवार नातागोता तथा श्रीमतिको दवावको फलस्वरुप उनले २०६० सालमा मलेसिया तिर लागे २०६४ सालमा छुट्टीमा आउदा नेपाली सेनामा रहदाको रयलपयल निकाल्न निकै ठुलो कसरत गर्नु पर्‍यो । त्यसवेलाको पैशा र वैदेसिक रोजगारवाट प्राप्त पैसाले उनले एउटा चिटिक्कको घर तथा खेतवारी जोडे । उनी पूर्णरुपमा सन्तुष्ट नभएतापनि हाल दोस्रो पटक छुट्टिमा घर आएका छन् । यही केही काम पाए गर्ने इच्छा त छ तर उनी यस कुरामा आसावादी छैनन । उनलाई सेनाको जागिर छोडेकोमा कहिले कांही नरमाइलो त लाग्दछ । छिट्ट हुने पेन्सनको संझना हुन्छ तर उनी त्यती ठुलो पछुतो मानेका छैनन् ।

### ६.६.३ श्रम प्रवासीले गन्तव्य स्थलमा सामना गर्नुपर्ने समस्याहरु

सेवा सम्वन्धी विषयमा विरोध आउने थालेपछि नेपाल सरकारले वैदेशिक रोजगार सम्वन्धी ऐन २०४२ लागु गर्‍यो । यो ऐनलाई वि.सं. २०४९ र २०५४ गरी दुई पटक संशोधन गरियो । नयाँ संशोधित ऐन अनुसार वैदेशिक रोजगार एजेन्सीहरुले नेपाल सरकारबाट अधिकार पाएका छन् । उनीहरुले विभिन्न देशमा जनशक्ति आपूर्ति गर्दछन् । त्यसको लागि केही रकम धरौटमा राख्दछन् । यस्तै गरी ज्याला र सुविधा सम्वन्धी सुनिश्चित गर्न २०४९ को ऐनले प्रयाास गरेको छ । सरकाले पेशाको सुरक्षा, हक अधिकार र नैतिकतामा उन्नति गर्ने प्रयास गरेको छ । वैदेशिक रोजगार ऐनले पनि श्रम सेवा सम्वन्धी केही उपलब्धि निर्माण गरेको छ । सरकार आफैले मात्र कामदारलाई गन्तव्य स्थलमा कडा सुरक्षा व्यवस्था गर्न सक्दैन । यस अर्थमा विभिन्न देशका वैदेशिक रोजगार गर्ने कामदार र नेपाली कामदारहरु शोषणमा परेका छन् । यस्ता वैदेशिक रोजगारको सन्दर्भमा शोषणमा पर्नु परेको अवस्था र शोषणमा नपरेको अवस्थालाई तलको तालिका ६.८ ले स्पष्ट पारेको छ ।

**तालिका ६.८ : उत्तरदातालाई गन्तव्य स्थलमा उपलब्ध गराइएको सुविधाको अवस्था**

| वर्गको तह | उत्तरदाताको संख्या | | | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | हो | | होईन | | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| सम्झौता अनुसारको काम | ७२ | ८० | १८ | २० | ९० | १०० |
| तत्काले कामको उपलव्धता | ८५ | ९४.४४ | ५ | ५.५६ | ९० | १०० |
| विमाको उपलव्धता | ३४ | ३७.७८ | ५६ | ६२.२२ | ९० | १०० |
| सम्झौता पत्र अनुसार तलवको उपलव्धता | ८५ | ९४.४४ | ५ | ५.५६ | ९० | १०० |
| शारिरीक यातना | ४ | ४.४४ | ८६ | ९५.५६ | ९० | १०० |
| तलव नियमित उपलव्धता | ८५ | ९४.४४ | ५ | ५.५६ | ९० | १०० |
| दक्षता र सीप अनुसार कामको उपलव्धता | ५३ | ५८.८९ | ३७ | ४१.११ | ९० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६

तालिका ६.८ ले उत्तरदाताहरुले गन्तव्य देशहरुमा विभिन्न प्रकारका समस्याहरुको सामना गरेको देखाएको छ । धेरै जसो उत्तरदाताहरुले विदेशी देशहरुबाट कटु तीतो अनुभवको सामना गरेका थिए । उनीहरु विदेशमा रहँदाको अवस्थामा थुप्रै किसिमका हैरानीहरु सहनु परेको थियो । नमूना घर

परिवारका जम्मा उत्तरदाताहरु मध्ये ८०% उत्तरदाताले मात्र सम्झौता अनुसारको काम पाएका थिए । बाँकी २०% उत्तरदाताले सम्झौता पत्र अनुसारको काम पाएका थिएनन् । त्यस्तै गरी ९४.४४% उत्तरदाताले तत्कालै काम उपलब्ध गरेका थिए भने ५.५६% उत्तरदाताले तत्कालै काम पाएका थिएनन्


नेपालको वैदेशिक रोजगार ऐनले सम्पूर्ण कामदारलाई कुनै दुर्घटनाबाट मृत्यु भएमा अथवा अन्य नराम्रो चोट पटक लागेमा विमा उपलब्ध गराउने कानूनमा स्पष्ट रुपमा जनाएको छ । तर अध्ययन क्षेत्रमा ३७.७८% लाई मात्र विमाको व्यवस्था भएको वाँकी ६२.२२% उत्तरदाताले विमाको सुविधा पाएका छैनन् । एक जना उत्तरदाता जसले ४ वर्ष साउदीमा विताएका थिए । उनले बताएका छन् । बिमा पाउनु पर्ने कामदार जसको मृत्यु भएको छ वा गम्भीर चोट पटक लागेको छ । उनीहरुले सजिलै विमा पाउन सक्दैनन् । किनभने विमा प्राप्त गर्नको लागि लामो प्रक्रियामा जानु पर्ने तर नेपाली कामदारले लामो प्रक्रियालाई पूरा गर्न सक्दैनन् । त्यसैले मृत्यु भए पनि गम्भीर घाइते भए पनि यस्ता सुविधाहरुबाट उनीहरु बञ्चित भएका छन् ।

केही उत्तरदाताहरुसँग शारीरिक यातना र आर्थिक शोषणको अनुभव पनि छ । ५.५६% उत्तरदाताले सम्झौता पत्रमा उल्लेख भए अनुसारको तलब नपाएको बताएका थिए । त्यस्तै गरी ४.४४% उत्तरदाताले विभिन्न तरिकारको शारीरिक यातना पाएको वताएका छन् । सामन्यतया कुनै गल्तीबाट उनीहरुलाई अमानवीय तरिकाबाट पिटिएको र दण्ड स्वरुप थप कार्यभार वहन गर्नु पर्ने देखिन्छ । तलबको सम्वन्धमा ५.५६% उत्तरदाताले नियमित रुपमा तलब उपलब्ध नभएको बताएका छन् । त्यस्तै गरी ४१.११% उत्तरदाताले आफूहरुले योग्यता र दक्षता अनुसारको काम नपाएको बताएका छन् ।

## ६.७ वैदेशिक रोजगारप्रतिको दृष्टिकोण

यस अध्ययनमा गाउँका मानिसहरुको वैदेशिक रोजगारप्रति विभिन्न धारणहरु रहेको पाइयो । नमूना घर परिवारका प्रवासीहरुको धारणा चित्र नं. ६.४ ले देखाएको छ ।

**चित्र नं. ६.४ वैदेशिक रोजगार प्रतिको दृष्टिकोण (प्रतिशतमा)**




स्रोत : स्थलगत सर्वेक्षण २०६६

चित्र ६.४ ले प्रवासीको वैदेशिक रोजगारप्रतिको दृष्टिकोण देखाएको छ । जम्मा उत्तरदाताहरुमध्ये २६.७% उत्तरदाताहरुले वैदेशिक रोजगारप्रतिको दृष्टिकोण सकारात्मक वताएका थिए भने २.६ प्रतिशतले नकारात्मक दृष्टिकोण राखेका थिए । यस्तै गरी ७०.७% उत्तरदाताले वैदेशिक रोजगारप्रति मिश्रित दृष्टिकोण राखेका थिए ।

मानिसहरु जसको वैदेशिक रोजगारप्रति सकारात्मक दृष्टिकोण छ, उनीहरुले जोड दिएका छन् । रोजगारीको दुर्लभता र कमजोर आर्थिक अवस्था भएको कारणले वैदेशिक रोजगारीलाई गरीवीबाट मुक्त हुने अवसरको रुपमा स्वीकारेका छन् । भारी वेरोजगारी र वेरोजगारी युवाहरुको संख्या वढी रहनु समाजको थुप्रै नकारात्मक परिणाम जस्तै हिंसा, चोरी, डकैती, लुटपाट, हत्या इत्यादि जस्ता घटनाहरु बढी रहन्छन् । बैदेशिक रोजगारले यस्ता अस्वस्थकर र असुहाउँदो परिस्थिति विस्तार भैरहेको गरीवी र आम वेरोजगारी समस्यालाई रोकथाम गर्दछ । ऋण वढिरहेको अवस्थाका मानिसहरुले वैदेशिक रोजगारलाई सकारात्मक दृष्टिकोण राख्दछन् ।

बैदेशिक रोजगारलाई नकारात्मक दृष्टिकोण राख्नेहरुको मुख्य नकारात्मक प्रभाव लामो समयदेखि उनीहरुका परिवारमा पर्दै आएको छ । जस्तो कडा काम वापत कम तलव, शारीरिक र मानिसक जोखिम, युवाहरुलाई मनोरञ्जन नहुनु र परनिर्भरता वढ्दै जानु केही नकारात्मक तत्व हुन् । केही मानिसहरुले के विचार अभिव्यक्त गरेका छन् भने वाहिर देश पठाउनुको सट्टा नेपाली युवाहरुलाई स्वदेशमै प्रयोग गर्न सकियो भने देश विकासको लागि ठूलो योगदान पुग्ने छ । बाहिर देश गै आएका केही व्यक्तिहरुको प्रवेशले डरलाग्दा रोगहरु जस्तै HIV/AIDS, हेपाटाईटिस वि.को प्रवेश हुन्छ भनी वैदेशिक रोजगारप्रति नकारात्मक दृष्टिकोण राखेका छन् । धेरै उत्तरदाताहरुको

वैदेशिक रोजगारप्रति सकारात्मक दृष्टिकोण छैन ता पनि ७०.% उत्तरदाताले अझै पनि भविष्यमा वैदेशिक रोजगारमा जाने योजना बनाएका छन् ।

यस्तै गरी ७०.७% उत्तरदाताहरुले वैदेशिक रोजगारप्रति मध्यम खालको दृष्टिकोण राख्दछन् । तिनीहरुले ठगिने कार्यको रोकथामकालागि उपयुक्त कामको छनौटलाई वढी जोड दिएका छन् । तिनीहरुले सरकारलाई के सुझाव दिएका छन् भने वैदेशिक रोजगारमा जानको लागि सजिलो नीति निर्माण गर्नु पर्दछ, जसले गर्दा प्रवासीले वैदेशिक रोजागरमा कुनै किसिमको समस्याको सामना गर्नु पर्दैन ।

कार्यक्षेत्र अध्ययनको समयमा भविष्यमा वैदेशिक रोजगारमा जान चाहने व्यक्तिलाई दिने सल्लाहाको वारेमा सोधिएको थियो । सो विषयमा उनीहरुले धेरै सल्लाहहरु दिएक थिए । तालिका ६.९ ले भविष्यमा वैदेशिक रोजगारमा जाने व्यक्तिलाई दिइएको सल्लाहको प्रकृति देखाईएको छ ।

**तालिका ६.९ : उत्तरदाताले वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई दिएका सल्लाहहरु**

| सल्लाहहरु | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| सीप सिके पछि मात्र जाने | २४ | २६.६७ |
| सम्झौता पत्र राम्रोसँग समीक्षा गर्ने | २२ | २४.४४ |
| दलालको मात्र विश्वास नगर्ने | १६ | १७.७८ |
| आफ्नै देशमा लगानी गर्न सवभन्दा राम्रो | १६ | १७.७८ |
| जीवन विमा भएको कम्पनिको छनौट गर्ने | १२ | १३.३३ |
| जम्मा | ९० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

तालिका ६.९ ले भविष्यमा वैदेशिक रोजगारमा जान चाहने व्यक्तिलाई दिने सल्लाहहरु देखाईएको छ । २६.७ प्रतिशत उत्तरदाताले राम्रोसँग सीप सिकेर वैदेशिक रोजगारमा गएमा राम्रो सुविधा, राम्रो तलवमान प्राप्त गर्न सकिन्छ भनी सुझाव दिएका छन् । त्यस्तै गरी २४.४४% उत्तरदाताले सम्झौता पत्र राम्रोसँग समीक्षा गरेर गएमा हुन सक्ने ठगीबाट बच्न सकिन्छ भनी सुझाव दिएका छन् । धेरै जसो उत्तरदाताले नक्कली सम्झौता पत्रको कारण धेरै दुःख र पीडाहरुको सामना गर्नु परिरहेको छ । त्यस्तै गरी १७.७८% उत्तरदाताले के भनेका छन् भने दलालहरुले व्यक्तिलाई आर्थिक शोषण गर्ने भएकोले त्यसबाट बच्नकालागि दलालको मात्र विश्वास नगर्ने सुझाव दिएका छन् । यस्तै गरी १७.७८% उत्तरदाताले वैदेशिक रोजगारमा जानुभन्दा आफ्नै देशमा लगानी गर्न राम्रो हुने सुझावहरु दिएका छन् । तिनीहरुले के पनि थपेका थिए भने वैदेशिक

रोजगारको लागि लगानी प्रशस्त गर्नु पर्ने उत्तर रकमलाई आफ्नै देशको कुनै उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सकिन्छ । अन्तिममा १३.३३ प्रतिशत उत्तरदाताले वैदेशिक रोजगारमा रहँदाको अवस्थामा हुन सक्ने दुर्घटनाबाट क्षतिपूर्ति प्राप्त गर्नको लागि जीवन विमा भएको कम्पनिको कामको छनौट गर्नुपर्ने सुझावहरु दिएका छन् ।

## ६.८ वैदेशिक रोजगारकर्ताको सामाजिक मूल्य

वास्तवमा अध्ययन क्षेत्रमा वैदेशिक रोजगारको प्रशस्त सामाजिक मूल्य र दायित्वहरु थिए । समाज जाहाँ वैदेशिक रोजगारवाट प्रभावित भएको छ । त्यहाँ विभिन्न विचार, सोचाई भएका व्यक्तिहरु नियमित रुपमा सम्पर्क गर्न आउँदछन् । यस किसिमको अन्तरक्रियाले व्यक्तिलाई विश्वको विभिन्न ठाउँमा पठाउनको लागि इमेल इन्टरनेट जस्ता विभिन्न माध्यमको सहयोग लिन समेत सहजीकरण हुन्छ । (गिडन, २००१)

कार्यक्षेत्र अध्ययनको समयमा केही व्यक्तिहरुले नीतिगत र सांस्कृतिक रुपमा वैदेशिक रोजगार सामाज विकासको एक पुरक जटिल कारक तत्व भन्दै स्वागत गरेको पाईयो भने अन्य कुनै व्यक्तिहरुले उक्त कार्य खतरापूर्ण भन्दै भत्सर्ना गरेको पाईयो । यस कार्यका मुख्य जोखीमहरुमा आफ्नो संस्कृति हटाउने, परिवारमा भिन्नता आउने, सामाजिक हितमा एकता नआउने र स्थानीय विकासका विषयहरु र साझा सार्वजनिक कामकाजहरु हुन नसक्नु वैदेशिक रोजगारका सामाजिक चासोमा मुख्य विषयहरु हुन् । अर्को प्रभाव वैदेशिक रोजगारमा गएका परिवारको जिवनस्तर र वैदेशिक रोजगारमा नगएका परिवारमा भएको जीवनस्तरमा निकै भिन्नता भएको अध्ययन क्षेत्रमा अवलोकन गरिएको छ । प्रवासी जो वैदेशिक रोजगारमा संलग्न भएको छ । उसले आफ्नै समाज सभ्यताको संस्कृति र सामाजिक मूल्यलाई प्रतिरक्षा गरेको देखिएको छ । धेरै उत्तरदाताले वताएका थिए । गन्तव्य स्थलमा रहेर उद्गम स्थलको कोरा संस्कृतिको अनुसरण गर्नु धेरै गाह्रो कुरा हो । कहिले काही वसाइसराइ गरेका कामदारको परिवारमा र समाजमा सामाजिक द्वन्द्ध पनि आउन सक्दछ । समूह छलफलको सन्दर्भमा यो कुरा वताएका थिए ।

वैदेशिक रोजगारमा केही जोखिमहरु पनि हुन्छन जसवाट धेरै मानिसहरु नराम्रोसँग ठगिएका छन जसलाई तालिका ६.७ मा प्रस्तुत गरिएको छ । अधिकांश नेपाली कामदारहरु कम योग्यता भएका हुने भएकोले उनीहरुले गन्तव्यस्थलमा झन वढी समस्याहरुको सामना गर्नु पर्दछ । अर्न्तराष्ट्रिय श्रम संगठनले जनाएको स्तर भन्दा नेपाली कामदारको स्थिति तल पाइएको छ । शारीरिक र मानिसक यातना, मृत्यू जस्ता विषयहरु सामान्य भएका छन् ।

ग्रामीण, आर्थिक र सामाजिक जीवनमा परनिर्भरताको वृद्धि र उत्पादनमा कमीले नराम्रो सँग सताइरहेको छ । त्यसको परिणाम स्वरुप वढीभन्दा वढी मानिसहरु वैदेशिक रोजगार तर्फ अगाडि वढिरहेका छन् ।

# अध्याय सात

# सारंश, निष्कर्ष र सुझाव

## ७.१ सारंश

लामो इतिहास वोकेको वैदेशिक रोजगारले सन् १८१६ को सुगौली सन्धि पश्चात अझ गतिशिलहुदै यसको वृद्धिदर तिव्र छ । नेपालीहरु विश्वका विभिन्न मुलुकहरुमा रोजगारीका निम्ति छरिएर रहेका छन् । यस मध्ये खाडि मुलुकहरु र मलेशिया प्रमुख हुन् । वैदेशिक रोजगार ग्रामिण क्षेत्रको प्रमुख आर्थिक आधार स्तम्भ भएको छ वैदेशिक रोजगारवाट प्रप्त विप्रषणले कुल राष्ट्रिय आयको करि १२ प्रतिशत भाग ओगटेको छ । वैदेशिक रोजगारीले सकरात्मक तथा नकरात्मक दुवै प्रभाव पारेको छ । जसमा आर्थिक तथा सामाजिक प्रभाव मूख्य हुन । यस अध्ययनको साधरण उद्धेश्यले वैदेसिक रोजगारको अवस्था र प्रवृत्तिमाथि अध्ययन गरेको छ । जसले निम्न लिखित विशिष्ठ उद्धेश्य प्राप्त गर्न सहयोग गरेको छ ।

- ❖ वैदेशिक रोजगारमा जानु पर्नाका कारण विश्लेषण गरेको छ ।
- ❖ वैदेशिक रोजगारको आर्थिक तथा सामाजिक प्रभाव विश्लेषण गरेको छ ।
- ❖ यूवा शक्ति विदेशिनाले स्थानिय जनजीवनमा पारेको प्रभाव विश्लेषण गरेको छ ।

पर्वत जिल्लाको सदरमुकाम कुस्मा वजारवाट उत्तर पूर्वमा अवस्थित मोदि गाउँपालिका ०५, तत्कालिन बाजुङ्ग गा.वि.स. जातीय विविधताको संगम हो । यस गा.वि.स.मा व्राहमण ६० प्रतिशत, क्षेत्री २७ प्रतिशत, जनजाती ६ प्रतिशत र दलित ५ प्रतिशत र अन्य २ प्रतिशत रहेका छन् । जस मध्ये यो अध्ययन वाजुङ्ग गा.वि.स.का वडा नं ५, ६ र ९ मा गरिएको सुक्ष्म तहको अध्ययन हो । यस गा.वि.स.मा गुजारा प्रकृतिको कृषि पेशा छ तापनि अधिकांशको पेशा कृषि नै हो । त्यस्तै दलित तथा जनजातीले आफ्नो परम्परागत पेशा अवलम्वन गरेका छन् । यस गा.वि.स.का वडा नं ५, ६ र ९ मा जम्मा २६१ घरधुरी रहेका छन् । तिनीहरु मध्ये १२८ घरधुरीका व्यक्तिहरु वैदेशिक रोजगारमा गएको पाइयो । जसमा ९० घर परिवारका व्यक्तिलाई उद्देश्यमूलक छनौट विधि प्रयोग गरी छनौट गरिएको थियो ।

यस अध्ययनमा प्रवासीहरु मध्ये जातिय हिसावले व्राम्हण ४८.८९ , क्षेत्री २५.५६, दलित १७.७८, गुरुङ्ग ४.४४, मगर ३.३३ प्रतिशत रहेका छन् । जसमध्ये तुलनात्मक रुपले दलितको

तुलनामा ब्राम्हण , क्षेत्री, गुरुङ्ग, मगरको आर्थिक अवस्था राम्रो छ । जमिनको पहुच सम्वन्धमा उनीहरु जग्गा विहीन १८.७५ प्रतिशत देखिन्छ । समग्रमा यस अध्ययन क्षेत्रका नमुना घर परिवारको जग्गा विहीन ५.५६ प्रतिशत , ५ रोपनी भन्दा कम २० प्रतिशत देखिएको छ ।

यस अध्ययनको नमुना घर परिवारमा खाद्यान्नको अवस्थालाई हेर्दा ४७.७८ प्रतिशतलाई खाद्यान्नको अभाव, ४५.५६ प्रतिशतलाई मुस्किलले खाना पुग्ने, ६.६५ प्रतिशतललाई आवस्यकता भन्दा वढि भएको देखिन्छ । जसलाई विश्लेषण गर्दा त्यो आवस्यकता भन्दा वढीले खाद्यान्नको अभावलाई थेग्न सक्दैन । वैदेशिक रोजगारमा जाने १५ देखि ५९ वर्षको उमेर समूहलाई विश्लेषण गर्दा १५ देखि २५ वर्षका युवा शक्ति २७.८ प्रतिशत त्यस्तै सवैभन्दा वढि २५ देखि ३५ वर्ष उमेर समुहका ४२.२२ प्रतिशत उर्जाशील मानिसहरु वैदेशिक रोजगारमा गएको अध्ययनले देखाएको छ ।

प्रवासिको शैक्षिक स्थिती हेर्दा साक्षर १४.४४ प्रतिशत, नि.मा.वि. तह २३.३३ प्रतिशत, एस.एल.सी. उत्रिण १.७८ प्रतिशत, प्रमाण पत्र तह ४१.११ प्रतिशत र स्नातक वा सो भन्दा माथि ३.३३ प्रतिशत रहेको देखिएको छ । यसले के देखाउछ भने वर्तमानमा शिक्षित युवा जनशक्ति वैदेशिक रोजागरमा विदेश जाने प्रवृत्ति वढि देखिएको छ । वैदेशिक रोजगारमा जाने कारणहरु एउटै मात्र छैन अध्ययनका क्रममा उत्तरदातावाट वहू उत्तरहरु पाइएका छन् जसमा वेरोजगारी ५८.५९ प्रतिशत, खद्यन्न अभाव ४० प्रतिशत, खर्चमा वृद्धि ४० प्रतिशत, ऋण तिर्न ४० प्रतिशत, अशुरक्षा र विद्रोहका कारण १७.७८ प्रतिशत, सुविधाको अभावका कारण १७.७८ प्रतिशत, सुरक्षाका कारण १३.३३ प्रतिशत र पारिवारिक तथा सामाजिक द्वन्दका कारण ८.८९ प्रतिशत रहेको देखिन्छ ।

श्रोत साधनको कम पहूचं र आम गरिवीले धैरै परिवारलाई ऋणमा डुवाएको देखिन्छ । ऋण ग्रस्तता र वैदेशिक रोजगारमा जानको लागि गरेको लगानीमा तुलनात्मकरुपले वढी दलितहरुले पैसावालाहरु संग उच्च व्याजदरमा ऋण लिएको देखिन्छ । अध्ययन क्षेत्रमा ऋणग्रस्तता पनि वैदेशिक रोजगारको कारण वनेको छ । वैदेशिक रोजगारमा जानको लागि ३० हजार देखि १ लाख ३० हजार सम्म लगानी गरेको पाइयो । जसमा ६० प्रतिशत ऋण लगानीमा गएको देखिन्छ । वैदेशिक रोजगारमा मासिक आम्दानी ८ हजार देखि २० हजार सम्म भएको देखिन्छ । जसमा ८ हजार देखि ११ हजार सम्म ५४.४४ प्रतिशत देखिएको छ । वैदेशिक रोजागरमा औषत समय वसेको समयलाई हेर्दा २.७ वर्ष देखिन्छ । जसमा औषत आम्दानी ५ लाख २१ हजार देखिएको छ ।

वैदेशिक रोजागरले सकरात्मक तथा नकरात्मक प्रभाव पारेको छ । जसले कृषिमा नकरात्मक प्रभाव पारेको देखिन्छ । अध्ययनमा प्राप्त तथ्यांक अनुसार ७३.३४ प्रतिशतले परिवारको

सदस्यको अनुपस्थितीमा कृषि उत्पादन घटि रहेको वताएका थिए । मौलिख प्रविधिको विनास, पर निर्भरतामा वृद्धि वैदेशिक रोजगारका परिणतीहुन् । श्रमको आदान प्रदान र परम्परागत कार्य तथा पेशा संकटमा परेको कुरा अध्ययनले देखाएको छ । आर्थिक अवस्थामा वैदेशिक रोजगारले सकरात्मक योगदान दिएको छ । जसमा ७८.८९ प्रतिशत उत्तरदाताले वैदेशिक रोजगार पछाडी जीवनस्तरमा सुधार आएको कुरा वताएका थिए । प्राप्त विप्रेषणको प्रयोग वहू उद्धेश्यका लागि भएको देखिन्छ । जसमा घर परिवारको खर्च, शिक्षा, ऋण तिर्न, घर मर्मत तथा निर्माण गर्न, व्यवसायमा लगानी गर्न र जमिन किन्न प्रयोग गरेको देखिन्छ । जसले गर्दा परिवारको सम्पति र सुविधाहरुमा वृद्धि भएको देखिन्छ । वैदेशिक रोजगारको शिलसिलामा २० प्रतिशत प्रवासीले विभिन्न किसिमका सीप सिकेका छन् ।

वैदेशिक रोजगारीका क्रममा गन्तव्य स्थानमा धेरै समस्याहरु सामाना गर्नु परेको पाइयो । जस्तै संझौता अनुसार काम नपाउने, तत्काल काम नपाउने, संझौता अनुसार तलव नपाउने, शाररीक यातना, शीप अनुसारको काम नपाउने, नियमित तलव नपाउने आदि छन् । तथ्याङ्क हेर्दा ६२.६२ प्रतिशत काम गर्ने ठांउमा कुनै किसिमको विमा सुविधा नभएको पाइयो । यसका अलवा परिवारका सदस्यहरुले पनि विभिन्न मानसिक तथा मनो वैज्ञानिक समस्याहरु झेल्नु पर्‍यो जस्तै मानसिक तनाव, व्यवाहर गर्दा निर्णय गर्न गाह्रो, असुरक्षाको महसुस साथै आर्थिक कठिनाईहरु प्रमुख थिए ।

माथिको अध्ययनवाट के कुरा प्रस्ट हुन्छ भने वैदेशिक रोजागरका सकरात्मक तथा नकरात्मक प्रभावहरु मध्ये सकरात्मक प्रभावहरु धेरै देखिन्छन् । आगामी दिनमा यसमा उत्पन्न वाधा व्यवधानहरुलाई हटाइ अगाडी वढेमा यसले सकरात्मक प्रभाव छोड्ने छ । यसका निम्ति थुप्रै चुनौतिहरु सामाना गर्नु पर्ने देखिन्छ ।

## ७.२ निष्कर्ष

वैदेशिक रोजगारीवाट प्राप्त आम्दानी अधिकांश गांउले मानिसको आर्थिक आधारकोरुपमा स्थापित भएको छ । अधिकांश परिवारमा सुरक्षित पोषणयूक्त खाद्यपदार्थ प्राप्त हुन नसकेको अवस्था छ । कृषिवाट मात्र मानिसका आवस्यकताहरु पुरा हुन सकेका छैनन । जमिनको आकार सानो हुंदै जानु, घरेलु आम्दानी घट्दै जानु र खर्चको मात्रा वढ्दै जांदा गांउको गुजारा खालको कृषिकार्यले मानिका न्यूनतम आवस्यकता परिपूर्ति गर्न असम्भव छ । जुन मानिसको खाद्ये अशुरक्षाको प्रमुख कारण पनि हो । ग्रामिण इलाकामा न्यून कृषि उत्पादन, कृषि तथा गैह्र कृषि क्षेत्रमा रोजगारीको अभावले गर्दा मानिसहरु वैदेशिक रोजगारमा जानुपर्ने वाध्यता श्रृजना भएको छ

अतः जीविकोपार्जनकालागि वैदेशिक रोजगार एउटा अपरिहार्य आर्थिक विकल्पको रुपमा स्थापित भएको छ । वैदेशिक रोजगारवाट प्राप्त विप्रेषणले परिवारको आधारभूत आवस्यकता तथा अन्य आवस्यकत परिपूर्ति गर्नको निम्ती महत्वपूर्ण योगदान दिएको छ । त्यस्तै गरी विप्रेषणवाट प्राप्त रकमले कृषि उत्पादन वृद्धि गर्न आधार प्रदान गरेको छ । त्यसैले श्रम वसाई सराई उनीहरुको जिविका चलाउने आधार बनेको छ । बाहिर देशको श्रम वसाइसराइ वढी सम्पत्ति संकलन गर्नको लागि नभै सामान्य जिउनको लागि मात्र भएको छ । ऋतु अनुसार गरिने वसाई सराईले उनीहरुको उद्‌गम स्थल छोड्न मन पराउँदैनन भने वैदेशिक श्रम वसाइ सराइले यसको लागि प्रतिस्पर्धा गर्दछ । यसको लागि परिवारको संलग्नतालाई सँधै प्राथमिकता दिइन्छ । विप्रेषणले उनीहरुको अन्य जीविकोपार्जन गर्ने सम्पत्तिको पहुँच बढाउँदछ । अध्ययन क्षेत्रका मानिसहरु वैदेशिक रोजगारबाट परिचित छन् । बाजुङ्ग गा.वि.स.मा वैदेशिक रोजगार समकालीन रुपमा मानिसहरुको जीउने आधार बनेको छ ।

वढिरहेको आम गरीवी र वेरोजगारीले ठूलो हदमा वैदेशिक रोजगारलाई बढाएको छ । यद्यपि बाँच्नको लागि गतिशीलता, भईरहेको सामाजिक सम्वन्ध, ग्रामीण मानिसहरुको नक्कल गर्ने प्रवृत्ति, प्रतिरोध सहितको सिमा व्यवस्था आदिले वैदेशिक रोजगारको संवेदना जन्माउँदछ । सर्वप्रथम वसाइसराइको अस्वस्थकर प्रक्रियाको बातावरणले धेरै सोझा साझा मानिसहरुको जीवनलाई विध्वंस पारेको छ । वैदेशिक रोजगारमा धोका दिने ठगी गर्ने विषयहरु सामान्य भएका छन् । यसको अतिरिक्त नेपालबाट श्रम वसाइसराइ गर्नेहरुको धेरै थोरै गन्तव्यस्थलमा सुरक्षा र संरक्षणको अधिकार अर्को सामन्य समस्या हो । मौलिक संस्कृति र प्रविधिको विनास, पर निर्भरता प्रवृत्तिको विकास र युवाहरुको तीव्र वहिरगमन, कार्यक्षमता र प्रयोजन युवाहरु सिमावाहिर जान वाध्य पारिने नेपालको आउँदा दशकको दुर्भाग्य मानिने छ ।

अतः वैदेसिक रोजगार त्यस्तो अनिवार्य आवस्यकता हो जसले नेपालका अधिकांस घरपरिवारको आधारभुत आवस्यकता परिपूर्ति गर्नको निम्ती महत्वपूर्ण आर्थिक आधार प्रदान गरेको छ । मानिसहरुको जीवनस्तर सुधार्न महत्वपूर्ण योगदान दिएको छ तापनि स्वस्थकर तथा प्रतिस्प्रधातमक तवरवाट उन्नति गर्नको निम्ती थुप्रै चुनौतिहरु छन् । ति चुनौतिहरुवाट पार पाउन विभिन्न कोणवाट प्रयत्न गर्नु आवस्यक छ ।

## ७.३ सुझावहरु

प्रस्तुत अध्ययनका माध्यमवाट देशमा रोजगारी श्रृजना गर्न गर्नु पर्ने कार्यहरु, वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको सोवा सुरक्षाको ग्यारेन्टी, ठगी, कामदारहरलाई व्यवसायीक तालिमको

व्यवस्था, सरकारले उपलव्ध गराउनु पर्ने साहयता सूचनाका श्रोत, वैदेसिक रोजगारमा गएको विवरण, कृषिमा सुधारगर्न अपनाउनु पर्ने निती नियमको तर्जुमा र राज्यले के कस्ता अन्य व्यवस्था गर्नु पर्दछ भन्ने सम्वन्धमा आधाररित रहेर सुझावहरु तयार पारिएका छन् ।

१. घरेलु उद्योगको स्थापना, प्रोत्साहन तथा स्वीकृति :

नेपालका अधिकांस भूभाग प्राकृतिक श्रोत साधनले भरिपूर्ण छ अतः स्थानियरुपमा उपलव्ध हुने श्रोत साधनको प्रंयोग गरी घरेलु उद्योग स्थापनाको लागि स्वीकृति र प्रोत्साहन दिनु पर्दछ । जसले गर्दा वैदेसिक रोजागरको प्रभाहलाई घटाउन मद्धत गर्ने छ । घरेलु उद्योगका लागि लगानी ऋण, सीप तथा तालिमको आवस्यक व्यवस्था र नितीको तर्जुमा तथा कार्यन्वयन गर्नु पर्दछ । जसले गर्दा राष्ट्र आत्मानिर्भर हनु सक्दछ ।

२. वृहत तथा व्यापक वैदेशिक कुटनैतिक संवन्धको स्थापना :

कुटनैतिक संवन्धको स्थापना मार्फत नेपाली कामदारहरलाई उचित कार्य वातवरण, अधिकारको सुनिश्चीतता भएका संझौता अनुरुप अधिकतम ज्याला, सुरक्षा र विमा व्यवस्थाको वारेमा सचेत तथा संवेदनशिल हुंदै आवस्यक व्यवस्था मिलाउन पहल गर्नु पर्दछ ।

३. मेनपावर एजेन्सिहरुका कृयाकलापहरुलाई उचित ढंगले अनुगमन, मूल्यांकन तथा नियन्त्रण गर्नु पर्दछ :

वैदेशिक रोजगारीमा जाने मानिसहरु विभिन्न वहानामा ठगिएका गुनासहरु आएको सम्वन्धमा मेनपावर एजेन्सिका कार्यकुसलताका आधारमा उनिहरुका क्रियाकलापहरु अनुगमन मूल्यांकन गरी दण्ड, पुरस्कार र पिडीतलाई क्षतिपूतिको व्यवस्था गर्नुपर्दछ ।

४. वैदेशिक रोजगारीमा जाने देशहरुको वर्गिकरण गरी न्यूनतम र अधिकतम लगानीको रकम निर्धारण गरिदिनु पर्दछ ।

५. प्राविधिक दक्ष तथा व्यवसायिक कामदारको उत्पादनमा जोड :

देशका कुनाकाप्चा सम्म प्राविधिक तथा व्यवसायिक तालिम केन्द्रको स्थापना गर्नु पर्दछ । यसो भएको खण्डमा तालिमका माध्यमवाट मानिस दक्ष र क्षमतावान भई आफै स्वरोजगारी श्रृजना गर्न सक्दछन् जसले गर्दा उनीहरु वैदेशिक रोजगारीवाट वढि भन्दा वढि आम्दानी गर्न सफल हुन्छन् ।

६. सुलभ व्याजदरमा ऋण उपलब्ध गराउनु पर्दछ :

ग्रामिण भेगमा वैदेशिक रोजागरमा जाने व्यक्तिले गांउका साहू महाजनवाट उच्च व्याजदरमा ऋण लिने भएकोले उनीहरु उच्च आर्थिक भार तथा शोषणको चपेटामा पर्दछन् । यी कुरावाट मूक्ति दिलाउनाको लागि सरकारले सुलभदरमा व्यवसायिक दरमा ऋण उपलब्ध गराउनु पर्दछ ।

७. वैदेशिकरोजगारमा जानेहरुको विवरण अद्यावधिक गर्नु पर्ने :

नेपालको सन्दर्भमा हेर्दा वैदेशिक रोजगारमा गएको मानिसको एकिन तथ्यांक छैन यस विषयमा नेपाल सरकार, श्रम विभाग सम्वेदनशील हुनु पर्दछ । सरकारका स्थानिय निकायावाट विवरण राख्ने व्यवसथा गर्नु पर्दछ । जसले गर्दा वैदेशिक रोजगारीका नाममा हुने विभिन्न ठगी नियन्त्रण गर्नुका साथै अन्य आवस्यक निती नियम तर्जुमा गर्न सहयोग पुग्ने छ ।

८. लगानी मैत्री वातावरणको निर्माण :

वैदेशिक रोजगारीका माध्यमवाट ठुलो मात्रामा प्राप्त विप्रेषणको रकमलाई उत्पादनमूलक व्यवसायिक तथा आम्दानी वढाउने कार्यमा उपयोग गर्न सकेमा देशमा रोजगारीको श्रृजना हुन सक्दछ । त्यस्ता कार्यहरुलाई प्रोत्साहन दिन आवस्यक वातवरण र निती नियमहरुको निर्माण र तर्जुमा गरिदिनु पर्दछ ।

९. परम्परागत कृषिकार्यलाई व्यवसायिक कृषि कार्यमा रुपान्तरण गर्न आवस्यक व्यवस्था गर्ने :

नेपाल एक कृषिप्रदान देश भएतापनि अधिकांश कृषि पद्धती परम्परागत नै छ । जसले कृाषिलाई व्यवसायिक वनाउन सकेको छैन अतः कृषकहरुलाई व्यवसायिक तथा प्राविधिक साहयता उपलव्ध गराई कृषिलाई व्यवसायिक कृषिमा परिणत गर्न सहयोग गर्नु पर्दछ । यसका लागि कृषकलाई उन्नत मल, वीउ, कृषि ऋण, तलिम, सिंचाई सुविधाका लागि आवस्यक व्यवस्था गरिदिनु पर्दछ ।

# सन्दर्भ सामग्री


Adhikari, R.P.(2007). Nepalies in Foreign Employment. A case study of Dhikurpokhari V.D.C Kaski (A dissertation submitted to department of Sociology/Anthropology P.N.C. Pokhara)

CBS, (2003). "Population Monograph of Nepal", vol-11, Kathmandu, CBS.

Cheetri, R.B(1987). "Migration adaptation and sociocultural change . The case study of Thakali in pokhara " Occasional paper in sociology/Anthropology vol. 1:43-68.

Dahal, R,N.K. Rai & A. Manzardo (1977). "Land and Migration in Far Western Nepal" . Institute for Nepal and Asia Studies (INAS), T.U. Katmandu.

Devkota, O.P, et.al. (2003). "Impact of Community Forest on livelihood in the Middle Hills of Nepal". Journal of forest and Livelihood, vol. 3:64-75.

Gautam, K.P.(1999) Labour Migration to India ; A Case Study on emigration from Kadebes V.D.C, Baglung. (A Dissertation submitted to T.U. Department of Sociology.

Graner, F & K.B Karmacharya (2001). "Nepalies Household economy; agriculture wage Labour and Remittace Economic Journal of Nepal vol.24 (4) :167-185.

Gurung, S.B. & H. Buchman (1973) " Cause and impact of Migration ; L preliminary survey in surkhet Region" CEDA, T.U. Kathmandu.

K.C., B.K. & Suwal, B.R.(1996). "Migration and Urbanization in Nepal" population and Development in Nepal, vol. 3, Pp, 11-27.

Kansakar, V.B.S.(1982). "Emigration, Remittance and Rural Development"(CEDA), TU Kathmandu.

New Ear (1981)."Internal and International Migration in Nepal" Kathmandu, (Mimeographed).

NPC, (1998). "Migration Statisties from Demographic sample Survery" 1986187, Kathmandu.

Seddon, D.(2001). Migration and Remittance". The economic Journal of Nepal, Vol. 26(2): 85-103.

Seddon, D.Et.A1(2001). "the new Lahure, Foreign employment and Remittance Economy of Nepal " Nepal Institute of Development Studies (NIDS), Kathmandu.

Shahi, B.B.(2004). Lobour Migration as livelihood strategy. A Study of Lakendra V.C.C, Dailekh. (A dissertation Submitted to T.U Dept. of Anthropology.)

Singh, M.L. (1998). "Emigration from Nepal; Some Major issues". Journal of population Development, Vol 9:37-47.

Subedi, B.P (1991). "International Migration in Nepal toward an Analytical Framework". Contribution to Nepali is studies, Vol. 18 91) : 83 - 102.

Subedi, B.P (1999). "An Anthro-geographic Approach to Territorial Mobility, Examples from Rular Nepali Community".Kathmandu,Sociological & anthropological society (SASON).

Subedi, B.P (2003). "International Labour Migration from Nepal, Emerging patterns and Trends."In Isikawa, youshitaka (Ed), Comprehensive Change migration in Asia and Pacific Region, Kyoto, Kyoto, Department of Geography, Kyoto university.

नेपाल राजपत्र, (वि.सं. २०५६) “बैदेशिक रोजगार नियमावली” नेपाल सरकार, सिंह दरवार काठमाण्डौं ।

Ale, L.B, (2004). Foreign Lobour Migration: A Case Study of Pumdi-Bhumdi VDC Kaski.
(A dissertation Submitted to T.U., Dep. of Geography)

Asha B, & Karnitkar, T.(1998). "Principle of Population studies", New Delhi Himalayan publishing House.

Carl K.L & Byrlee (1970) "Rural Employment Migration and economic development : Theoretical Issues and Empirical Evidence from Africa"

Collinson, sarah,(1994). Europe and International Migration. Royal Institute of International Affairs, London.

David, H.P.(1970). "Involuntary International Migration : Adaptation of Refugees" Beverley Hills, California, Sage publication pp. 73-95.

Fawcett, J.T.(1989). "Neworks Linkage and Migration System". International Migration Review, vol.23(3):671-680.

Giddens, A. (2001). Sociology, backwell publisher Limited, UK.

Himal south asia, (1997). Journal vol. 10.

Lee, E.S(1966). A Theory of Migration in Demography. J.A. Jackson(ED), Cambridge Univercity press vol. III.

Manu, Manusmriti . Baranasi publication, Banaras(Chapter 2, Vers:240)

MC Dougal, C(19680. "village and household Economy in far western Nepal " T.U, Kirtipur, Nepal.

Perry, Lindy L. (1997). "Nepal around the world, Emphasizing Nepali Christians of the Himalayas" Kathmandu, R.C.Timothy.

Petterson, W (1997). E.G. (1997) . The Law of migration Journal of Rayal Statistical Society, Vol.48 No.2.

Rao, C.N. Shankar (2000). Sociology Primary Principles. S. Chand and Company LTD NewDelhi, India.

Shryock. H.& Segal (1971) Method and material of Demography, wales, East, west publication.

Stark, O. Failor (1989), The migration of Labour. carne-well publication, Padstow.

Swift, J. (1989). Why are Rural People Vulnerable to Famine Institute of Development studies (IDS) Vol. 20:8-15.

Todara, M.P (1969). "A model of labour migration in Urban Employment in less developed countries". American Economic Review, Vol. 59:138-148.

U.N. (1999). "Asian migrant year Book". U.N. Publication, New york.

U.N. (2002). "U.N. Migration Report". U.N. Publication, New york.

Weiner. M (1973). "Political Demography of Nepal". Asian survey, Vol. 13 No. 6 PP. 617-630 (Quoted from Subedi, B.P., 1991)

World Bank, (2006). Nepal Development policy Review, Restrating Growth and Poverty Reduction. Wasington D.C.

# अनुसूची १

## घरधुरी सर्वेक्षणको प्रश्नावली

### वैदेशिक रोजगार

(पर्वत बाजुङ्ग गा.वि.स.को अवस्था र प्रभाव समाजशास्त्रीय अध्ययन)

अनुसन्धानकर्ता : मोहन प्रसाद सुवेदी, पृथ्वीनारायण क्याम्पस, पोखरा

अर्न्तवार्ता अनुसूची

**मिति :-**

**नमूना नम्बर :-**

**१) सामान्य परिचय :**

घरमूलीको नाम :- पेशा :- धर्म :-

उत्तरताताको नाम :- जात/जातीयता :-

वैवाहिक स्थिति वैदेशिक रोजगार अगाडि :-

शैक्षिक स्थिति :-

**२) पारीवारिक विवरण :-**

| क.सं. | लिङ्ग | उमेर | वैवाहिक स्थिति | शिक्षा | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | उत्तरदाता |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६ | | | | | | |

**३) तपाइको खेतीयोग्य जमिन कुन प्रकारको कति छ ? कृपया तपाईंको जग्गाको विवरण दिनुहोस्**

| क्र.सं. | जग्गाको प्रकार | क्षेत्रफल हल/रोपनी | आफ्नै | ठेक, अदिया तथा भाडामा |
|---|---|---|---|---|
| १. | खेत | | | |
| २. | वारी | | | |
| ३. | खरवारी | | | |
| जम्मा | | | | |

**४) तपाइँको घरमा के कति गाई तथा वस्तुभाउ पाल्नु भएको छ ?**

| क्र.सं. | प्रकार | संख्या |
|---|---|---|
| १. | राँगो | |
| २. | भैंसी | |
| ३. | गाई | |
| ४. | गोरु | |
| ५. | वाखा | |
| ६. | भेडा | |

५) तपाईंको परिवारलाई आफ्नो खाद्यन्न उत्पादनले कति पुग्छ ?

क) पर्याप्त ☐ ख) अभाव ☐ ग) आवश्यकभन्दा वढी ☐

यदि अभाव छ भने , कसरी व्यवस्थापन गर्नुहुन्छ ?

६) वैदेशिक रोजगारको लागि कहिले र कुन देशमा जानु भएको हो ?

क) देश ☐ ख) गएको मिति ☐

७) त्यही देश नै रोज्नुको कारण के हो ?

क) सजिलै काम पाउन सकिने ☐ ख) साथी तथा नातेदारहरु भएर ☐

ग) राम्रो आम्दानी हुने तलवमान भएर ☐ घ) कम खर्चमा सजिलै जान सकिने ☐

८) वैदेशिक रोजगारीमा जानु अगाडि तपाईहरुको घरपरिवारमा ऋण लागेको थियो ?

क) थियो ☐ ख) थिएन ☐

यदि थियो भने कति रुपैया ............................

व्याजदर ........................... स्रोत ............................

९) वैदेशिक रोजगारमा जानु पूर्व के र कस्तो पेशा अपनाउनु भएको थियो ?

क) पेशा ☐ ख) पेशाको प्रकृति ☐

१०) वैदेशिक रोजगारमा जाने वेलामा कति वर्षको हुनुहुन्थ्यो ?

☐

११) वैदेशिक रोजगारमा जानको लागि कहाँवाट सूचना प्राप्त गर्नु भयो ?

क) संचार माध्यम ☐ ख) स्थानीय दलाल ☐ ग) नातेदार/साथी ☐

१२) वैदेशिक रोजगारमा नै किन जानु पर्यो ?

क) वेरोजगारी ☐ ख) खाद्यान्नको अभाव ☐

ग) आम्दानी वढाउन ☐ घ) ऋृण तिर्न ☐

ङ) सुविधाका अभाव ☐ च) सुरक्षा ☐

छ) पारिवारिक तथा सामाजिक द्धन्द ☐

१३) वैदेशिक रोजगारीमा जान आवस्यक पर्ने खर्च कहाँवाट जुटाउनु भयो ?

| क्र.सं. | स्रोत | जम्मा रुपैंया | व्याजदर | उत्तर दाताको संख्या |
|---|---|---|---|---|
| १. | आफ्नै खर्चमा | | | |
| २. | वैंक ऋृण | | | |
| ३. | व्यक्ति | | | |
| ४. | जग्गा जमिन विक्री | | | |
| ५ | जम्मा लगानी | | | |

१४) वैदेशिक रोजगारमा जाने प्रक्रियामा कही कतै ठगिनु भएको हो कि ?

क) हो ☐ ख) होइन ☐

यदि ठगिनु भएको हो भने कसरी ? ..............................

१५) के तपाईं पुगेको ठाउँमा सम्झौता पत्रमा उल्लेख भए अनुसारको काम पाउनु भएको हो ?

क) हो ☐ ख) होइन ☐

१६) के पुगेको ठाउँमा तत्कालै काम पाउनु भएको हो ?

क) हो ☐ ख) होइन ☐

१७) तपाई/वहां पुगेको ठाउँको कामक. . . . . ्हिोस् ।

| क्र.सं | कार्य क्षेत्र | दैनिक कार्य घण्टा | अतिरिक्त समय घण्टा | मासिक तलव | कार्य अवधि |
|---|---|---|---|---|---|
| १. | कृषि | | | | |
| २. | होटल | | | | |
| ३. | घर | | | | |
| ४. | निर्माण | | | | |
| ५. | उद्योग | | | | |
| ६. | यातायात | | | | |
| ७. | अन्य | | | | |

१८) काम गरे वापत नियमित रुपमा तलव पाउनु भएको हो ?

क) हो ☐ ख) होइन ☐ होइन ।

१९) के तपाई/वाहांले आफ्नो योग्यता र सीप अनुसारको काम पाउनु भएको हो ?

क) हो ☐ ख) होइन ☐

२०) कार्यक्षेत्रमा दुर्घटना र नराम्रो क्षती भएमा विमाको व्यवस्था छ ?

क) छ ☐ ख) छैन ☐

२१) वैदेशिक रोजगारमा जानु अगाडि र पछाडी घरको वनावटमा केही परिवर्तन भएको छ ?

| क्र.सं. | प्रकार | अगाडि | पछाडि |
|---|---|---|---|
| १. | आर.सि.सि. | | |
| २. | खरको | | |
| ३. | ढुङ्गाको | | |

२२) वैदेशिक रोजगारमा जानु अगाडि र पछाडि घरेलु सम्पत्तिको अवस्थामा केही परिवर्तन भएको छ ?

| क्र.सं. | प्रकार | अगाडि | पछाडि |
|---|---|---|---|
| १. | टेलिभिजन | | |
| २. | भि.सि.डि/भि.सि.आर. | | |
| ४. | कम्प्यूटर | | |
| ५. | सवारी साधन | | |
| ६. | गोबर ग्याँस | | |
| ७. | चपी | | |

२३) आम्दानी रकम बचत गर्नु भएको छ ?

क) छ ☐ ख) छैन ☐

यदि छ भने कति रु.................................. कहाँ ..................................

२४) वैदेशिक रोजगारको लागिं पुगेको ठाउँमा कुनै रुपैया शोषणको शिकार बन्नु भएको छ कि ?

क) छ ☐ ख) छैन ☐

२५) वैदेशिक रोजगारीको क्रममा विदेशमा रहँदा कुनै नयाँ सीप सिक्नु भएको छ ?

क) छ ☐ ख) छैन ☐

यदि छ भने कस्तो प्रकारको सीप .........................

अहिले सीपको उपयोग भएको छ ........................

२६) वैदेशिक रोजगारमा तपाइले कति वर्ष विताउनु भयो ? ☐

२७) वैदेशिक रोजगारबाट हाल सम्म जम्मा कति रकम कमाई भयो ? ☐

२८) वैदेशिक रोजगारबाट कमाएको रकम काहां लगानी गर्नु भयो छ त ?

| क्र.सं. | लगानीको क्षेत्र | अन्दाजी रकम | कैफियत | उत्तरदाताको संख्या |
|---|---|---|---|---|
| १. | घरेलु सम्पत्ति /दैनिक खर्च | | | |
| २. | शिक्षा | | | |
| ३. | ऋणको भुक्तानी | | | |
| ४. | मरमत/घर निर्माण | | | |
| ५. | बचत | | | |
| ६. | व्यापार | | | |
| ७. | सवारी साधन | | | |

२९) घरमा तपाई/ वहांका अनुपस्थितिले परिवारले के कस्ता अप्ठयारोको सामना गर्नु पर्‍यो ?

(क) असुरक्षाको महसुस ☐ (ख) निर्णय गर्न गाह्रो ☐

(ग) मानिसक तनाव/दुःख ☐ (ग) आर्थिक कठिनाइ ☐

३०) कतै तपाई/वहांको अनुपस्थितिले कृषि उत्पादन घट्दै गइरहेको त छैन ?

(क) छ ☐ (ख) छैन ☐ (ग) जस्ताको तस्तै छ ☐

३१) वैदेशिक रोजगारपछि जीवन स्तरमा सुधार आएको छ ?

(क) छ ☐ (ख) छैन ☐

३२) वैदेशिक रोजगार पछी तपाई/वहां पेशामा परिवर्तन आएको छ ?

(क) छ ☐ (ख) छैन ☐

३३) तपाइ/वहांको अनुपस्थितिले समाजले के कस्ता अप्ठारोको सामना गर्नु पर्‍यो ?

(क) असुरक्षाको महसुस ☐ (ख) निर्णय गर्न गाह्रो ☐

(ग) श्रम दान गर्ने मान्छेको कमी ☐ (घ) अन्य ☐

३४) गांउमा नभएको बेला गाउँको विकासको अवस्था कस्तो रह्यो ?

(कं) तीब्र ☐ (ख) मन्द ☐ (ग) अति न्यून ☐

३५) विदेशमा गएर आएपछि धर्म परिवर्तन गर्नु भएको छ कि ?

क) छ ☐ ख) छैन ☐

यदि छ भने कुन धर्मबाट प्रभावित हुनु भएको छ ? .........................

३६) रोजगारीको लागि विदेश जानाले कुनै गम्भीर प्रकृतिको रोग लागेको त छैन ?

क) छ ☐ ख) छैन ☐

यदि रोग लागेको छ भने कुन रोग लागेको छ ?

३७) तपाईं वेदेशिक रोजगारबाट फर्केपछि तपाईंको शारीरिक अवस्था कस्तो रह्यो ?

क) शारीरिक तन्दुरुस्त ☐ ख) शारीरिक अशक्तता ☐

ग) रोगले सताइरहेको ☐ घ) सामान्य अवस्था ☐

३८) विदेशमा रहँदाको क्रममा कुनै नयाँ भाषा सिक्नु भएको छ ?

क) छ ☐ ख) छैन ☐

यदि छ भने कुन भाषा सिक्नु भएको छ ? ...........................

३९) वैदेशिक रोजगारीको कारणले घरको कृषि कार्यमा केही समस्याहरु आइपरे की ? परेको भए समस्याहरु के के हुन् ?

..........................................................................................................

४०) युवा जनशक्ति विदेशिदा राष्ट्रलाई कस्तो असर पर्ला ?

क) आत्मनिर्भर ☐ ख) परनिर्भर ☐

ग) कुनै असर पर्दैन ☐

४१) वैदेशिक रोजगारवाट फर्केपछि राष्ट्रप्रतिको दृष्टिकोणमा केही फरकपन आयो कि ?

क) राष्ट्रको माया बढेर आयो । ☐

ख) राष्ट्रप्रति घृणा उत्पन्न भयो । ☐

ग) कुनै अन्तर आएन । ☐

४२) राष्ट्रको विकासको बारेमा के भन्नुहुन्छ ?

क) वैदेशिक रोजगारमा जानुपर्दछ ? ☐

ख) स्वदेशमै वस्नु पर्दछ । ☐

ग) देशको स्रोतसाधनको परिचालन गरी रोजगारी दिलाउनु पर्दछ । ☐

४३) भविष्यमा फेरी वैदेशिक रोजगारीमा जाने योजना बनाउनु भएको छ कि ?

क) छ ☐ ख) छैन ☐

यदि छ भने पहिलाको देशमा वा कुनमा ..................................

४४. वैदेशिक रोजगारप्रति तपाईंको धारणा के छ ?

क) सकारात्मक ☐ ख) नकरात्मक ☐ ग) मध्यम ☐

४५) वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई के सल्लाह दिनुहुन्छ ?

..........................................................................................................

..........................................................................................................

# अनुसूची २

## वैदेशिक रोजगार

### पर्वत मोदि गाउँपालिका ०५, तत्कालिन बाजुङ्ग गा.वि.स.को अवस्था र प्रभाव समाज शास्त्रीय अध्ययन

### समूह छलफलको लागि परीक्षण सूची

१) वैदेशिक रोजगारीमा जानु पर्नाका कारणहरु ।

२) वैदेशिक रोजगारले कृषि क्षेत्रमा पारेका प्रभावहरु ।

३) प्रवासीका परिवारले भोग्नु गर्नु परेका कठिनाइहरु ।

४) वच्चाहरुको शिक्षा र अन्य वानीमा परेका प्रभावहरु ।

५) घर परिवार छुट्टी भिन्न सम्वन्धी परिवर्तनहरु ।

६) बैदेशिक रोजगारपछि प्रवासीहरुको व्यवहारमा आएका परिवर्तनहरु ।

७) बैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको उपयोग तथा प्रयोग ।

८) प्रवासीका परिवारका सदस्यहरुमा उपभोगको ढाँचा र भौतिक सुविधाहरुको प्रयोगमा आएका परिवर्तनहरु ।

९) घर परिवारको सम्पत्तीमा आएको परिवर्तनहरु ।

१०) प्रवासीहरुको अनुपस्थितमा घरपरिवारमा छिमेकको समर्थन र सहयोगको अवस्था ।

# अनुसूची ३

# वैदेशिक रोजगार

## पर्वत मोदि गाउँपालिका ०५, तत्कालिन बाजुङ्ग गा.वि.स.को अवस्था र प्रभाव समाज शास्त्रीय अध्ययन

## मुख्य जानकारहरुसागको परीक्षण सूची

१) साधन स्रोतहरुको उपलव्धता, जीविकोपार्जन गर्ने मानिसहरुको रणनीति र गाउँले जीवनका बारेमा व्याख्या ।

२) वैदेशिक रोजगारको कारण, आकर्षण र विकर्षण गर्ने तत्वहरु ।

३) बैदेशिक रोजगारको स्थिति (विश्वासघात र ठगीको सम्वन्धमा)

४) बैदेशिक रोजगारमा सीप र दक्षता को विकास ।

५) वैदेशिक रोजगारले मानिसहरुको जीवन स्तरमा पारेको प्रभाव (आधारभूत आवश्यकता, शिक्षा र भोतिक सम्पत्ति)

६) बैदेशिक रोजगारबाट गाउँमा परेको प्रभाव

७) बैदेशिक रोजगार अगाडि र पछाडि दलितको स्थिति ।

८) विप्रेषणको प्रयोग र यसको प्रभाव ।

९) ग्रामीण क्षेत्रमा वैदेशिक रोजगार प्रवृत्ति ।

१०) बैदेशिक रोजगारको सामाजिक चासो र एकतामा प्रभाव ।

११) प्रवासीको विषेश गरी लवाई खुवाई, शैली, सीप, पेशा र धारणा जस्ता व्यवहारमा आएको परिवर्तन ।

# अनुसूची ४

# वैदेशिक रोजगार

## पर्वत मोदि गाउँपालिका ०५, तत्कालिन बाजुङ्ग गा.वि.स.को अवस्था र प्रभाव समाज शास्त्रीय अध्ययन

## समूह छलफलका सहभागीको नामावली सूची

**समूह (क)**

१) जायस्वर पाध्य

२) वुद्धि वहादुर कुवर

३) विन्दु हमाल

४) गणेश वहादुर क्षेत्री

५) उमकान्ता उपाध्यय

६) श्याम प्रसाद सुवेदी

७) कृष्ण वहादुर क्षेत्री

८) रमेश शर्मा

९) प्रत वहादुर के.सी.

१०) केशव शर्मा

११) गंगा वहादुर हमाल

**समूह - ग**

१) निलकण्ठ पौडेल

२) धन वहादुर वि.क

३) सावित्री वि.क.

४) चन्द्र वहादुर हमाल

५) राम प्रसाद पौडेल

६) डांसु पाध्य

७) पूर्ण वहादर वि.क.

८) ओम प्रसाद पौडेल

९) इन्दु हमाल

१०) रित वहादर क्षेत्री

११) डिल वहादुर हमाल

१२) टिका कुमारी शमा

**समूह - ख**

१) इश्वर वहादुर गुरुङ्ग

२) मन वहादुर ए.सी.

३) दान वहादुर मल्ल

४) राजकुमार परियार

५) नैनाकली दमै

६) उद्धिम वहादुर अखेली

७) ओम वहादुर पुन

८) धर्मदास वैरागी

९) जयलाल सुवेदी

१०) पंच वहादुर गुरुङ्ग

# अनुसूची ५

## वैदेशिक रोजगार

### पर्वत मोदि गाउँपालिका ०५, तत्कालिन बाजुङ्ग गा.वि.स.को अवस्था र प्रभाव

### समाज शास्त्रीय अध्ययन

### मुख्य जानकारहरुको नामावली सूची

| क्र.सं. | नाम | पद ठेगाना |
|---|---|---|
| १ | मान वहादर अधिकारी | सचिव, बाजुङ्ग गा.वि.स. कार्यालय |
| २ | प्रेम पौडेल | भू.पू. अध्यक्ष, बाजुङ्ग गा.वि.स. |
| ३ | कृष्णराज सुवेदी | प्रचार्य, महेन्द्र शिखरी उ.मा.वि., वाजुङ्ग |
| ४ | उमाकान्त उपाध्यय | समाजसेवी, वाजुङ्ग ५ |
| ५ | धन वहादुर वि.क. | भू.पू. वडाअध्यक्ष, वजुङ्ग- ९ |
| ६ | ईश्वर वहादुर गुरुङ्ग | भू.पू. वडाअध्यक्ष, वजुङ्ग- ६ |
| ७ | राधिका हमाल | महिला स्वस्थ्य स्वमंसेविका, बाजुङ्ग |
| ८ | विष्णु अधिकारी | अ.न.मी, स्वस्थ्य चौकी , वाजुङ्ग |
| ९ | कृष्ण प्रसाद शर्मा | शिक्षक, महेन्द्र शिखरी उ.मा.वि., वाजुङ्ग |